वैशाख - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क १ | २०८० वैशाख १-१५ | पूर्णाङ्क ७३९



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | ५ | इजलास नं. ६ | ४ |
| इजलास नं. १ | ११ | इजलास नं. ८ | ४ |
| इजलास नं. २ | ७ | इजलास नं. ९ | ८ |
| इजलास नं. ३ | ५ | इजलास नं. १० | १३ |
| इजलास नं. ४ | १२ | एकल इजलास | १ |
| इजलास नं. ५ | ४ | | |
| **जम्मा** | **४४** | **जम्मा** | **३०** |

**कूल जम्मा ४४ + ३० = ७४**

# नेपाल कानून पत्रिकामा

## प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

## हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

## मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, वैशाख – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - ६** |
| १. | भ्रष्टाचार (नक्कली प्रमाण पत्र) | लिला न्यौपाने वि. नेपाल सरकार | १ |
| २. | भ्रष्टाचार घुस रिसवत | टिकाराम जोशी वि. नेपाल सरकार, नरेन्द्रकुमार साउद वि. नेपाल सरकार | २ |
| ३. | उत्प्रेषण / परमादेश | चन्द्रकुमार घिमिरे वि. नानु श्रेष्ठ | २ |
| ४. | खिचोला मेटाई अपुताली हक कायम दर्ता चलन चलाइपाऊँ | चन्द्रावती चमार वि. दशरथ चमारसमेत | ३ |
| ५. | उत्प्रेषणयुक्त परमादेश | शैलदेवी महतो वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत | ३ |
| **इजलास नं.१** | | | **६ - १६** |
| ६. | जबरजस्ती करणी | खेमलाल सुनार वि. नेपाल सरकार | ६ |
| ७. | बन्दी प्रत्यक्षीकरण | बालादेवी कटुवाल वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ७ |
| ८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. खिमकुमारी गोले | ८ |
| ९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. गोपालबहादुर तामाङ | ९ |
| १०. | निर्णय बदर, दर्ता बदर | किशोरी शरण वैष्णव वि. शशिलेन्द्र शुक्ला | १० |
| ११. | अंश दर्ता | दीपनारायण चौधरीसमेत वि. रोहितलाल चौधरीसमेत | १० |
| १२. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. गणेशप्रसाद यादव | ११ |
| १३. | जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ | सावित्रा बराल वि. ज्ञानुमायाँ धितालसमेत | १२ |
| १४. | बन्दी प्रत्यक्षीकरण | दिलमाया थापा वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत | १२ |
| १५. | उत्प्रेषण, परमादेशसमेत | गीताकुमारी भण्डारी वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | १३ |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रदीप राईसमेत | १४ |
| **इजलास नं. २** | | | **१६ – २५** |
| १७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. वीरसिंह गुरूङ | १६ |
| १८. | कर्तव्य ज्यान | हितेन्द्र कुमार मल्ल वि. नेपाल सरकार | १७ |

| | | | |
|---|---|---|---|
| १९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. दिपक कटुवाल | १८ |
| २०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नौराज साउद | १९ |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कुमारी पाख्रिन (अधिकारी) समेत | २१ |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भक्तबहादुर बस्नेतसमेत | २२ |
| २३. | अपुताली हक कायम गरी सम्पत्ति दिलाई चलन चलाइ दा.खा. नामसारी | रामगोपाल तमोलीसमेत वि. रामनिवास तमोलीसमेत | २४ |
| **इजलास नं. ३** | | | २५ – २८ |
| २४. | निर्णय बदर, कित्ताकाट हक कायम दर्ता | राजेन्द्र महर्जन वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत | २५ |
| २५. | लागु औषध गाँजा | नेपाल सरकार वि. सुरेशप्रसाद दास थारूसमेत | २६ |
| २६. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. विनोद खड्गी | २६ |
| २७. | मानव बेचबिखन | नेपाल सरकार वि. टेकबहादुर थापासमेत | २७ |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्यामु बोहरा | २८ |
| **इजलास नं. ४** | | | २८ – ३९ |
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विजय बोखिम | २८ |
| ३०. | बन्दी प्रत्यक्षीकरण | प्रकाश राई वि. गृह मन्त्रालयसमेत | ३० |
| ३१. | बन्दी प्रत्यक्षीकरण | उत्तम ताम्राकार भन्ने खेमबहादुर कामी वि. ललितपुर जिल्ला अदालतसमेत | ३१ |
| ३२. | निर्णय तथा दर्ता बदरसमेत | अनितादेवी उपाध्यायसमेत वि. केशवकुमार शर्मासमेत | ३१ |
| ३३. | अंश | सकबहादुर बानिया वि. देवेन्द्रबहादुर बानियासमेत | ३२ |
| ३४. | उत्प्रेषण / परमादेशसमेत | ताराचन्द्रप्रसाद साह वि. ग्रामीण विकास प्रशिक्षण केन्द्र, मुजेलिया जनकपुरसमेत | ३३ |
| ३५. | उत्प्रेषण / परमादेशसमेत | मधुकर श्रेष्ठसमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत | ३४ |
| ३६. | कर्तव्य ज्यान | विवेक चौधरी वि. नेपाल सरकार | ३५ |
| ३७. | कर्तव्य ज्यान तथा डाँका | फत्तेजङ्ग तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. फत्तेजङ्ग तामाङ | ३५ |
| ३८. | भन्सार चोरी पैठारी | पशुपति रोड क्यारियर्स प्रा.लि. वि. नेपाल सरकार | ३७ |

| | | | |
|---|---|---|---|
| ३९. | कर्तव्य ज्यान | सन्तोष राना वि. नेपाल सरकार, नेपाल सरकार वि. सन्तोष राना | ३७ |
| ४०. | जबरजस्ती करणी | ईश्वर भन्ने आर्यन थापा वि. नेपाल सरकार | ३८ |
| | इजलास नं.५ | | ३९ – ४३ |
| ४१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. शालिकराम गिरी | ३९ |
| ४२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रविन भन्ने रेशम पुनसमेत | ४० |
| ४३. | बन्दी प्रत्यक्षीकरण | प्रशुरामप्रसाद यादवको हकमा प्रेमाकुमारी गिरी वि. बारा जिल्ला अदालत | ४१ |
| ४४. | बन्दी प्रत्यक्षीकरण | हरेन्द्र महतो वि. काठमाडौं जिल्ला अदालतसमेत | ४२ |
| | इजलास नं.६ | | ४३ – ४५ |
| ४५. | उत्प्रेषणयुक्त परमादेश | अर्जुन जि.सी. वि. सुनकेश थरूनी | ४३ |
| ४६. | कर्तव्य ज्यान | मन्जु चौधरी वि. नेपाल सरकार | ४३ |
| ४७. | उत्प्रेषण / परमादेश | निर्मला शाही वि. रवि कार्कीसमेत | ४४ |
| ४८. | निषेधाज्ञा | शितलप्रसाद गोईत वि. रेखाकुमारी यादव | ४४ |
| | इजलास नं.८ | | ४५ – ४९ |
| ४९. | उत्प्रेषण | उज्वलदेव रावलसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत | ४५ |
| ५०. | लिखत बदर | ज्योत्सना गौतम वि. केशवराज रेग्मीसमेत | ४७ |
| ५१. | बन्दी प्रत्यक्षीकरण | राजु गुरूङ वि. काठमाडौं जिल्ला अदालतसमेत | ४८ |
| ५२. | बन्दी प्रत्यक्षीकरण | कृष्णमुरारी रौनियार वि. उच्च अदालत, जनकपुर अस्थायी इजलास वीरगन्जसमेत | ४८ |
| | इजलास नं.९ | | ४९ – ५६ |
| ५३. | कर्तव्य ज्यान | पहलमान दर्जी वि. नेपाल सरकार | ४९ |
| ५४. | बन्दी प्रत्यक्षीकरण | सुरज गुरूङ वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ५० |
| ५५. | बन्दी प्रत्यक्षीकरण | प्रतिक्षा सुवेदी वि. काठमाडौं जिल्ला अदालत | ५२ |
| ५६. | जबरजस्ती करणी | नेपाल सरकार वि. टेकबहादुर बुढाथोकी | ५२ |
| ५७. | बन्दी प्रत्यक्षीकरण | नविना दाहाल वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत | ५३ |
| ५८. | उत्प्रेषणसमेत | गंगाधर पराजुली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ५४ |
| ५९. | उत्प्रेषणयुक्त परमादेश | खड्कबहादुर शाही वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत | ५४ |
| ६०. | जबरजस्ती करणी | नेपाल सरकार वि. विनोद बस्नेत भन्ने विनोद परियार | ५५ |

| इजलास नं.१० | | | ५६ – ६७ |
|---|---|---|---|
| ६१. | परमादेश | जेन गुडअल इन्स्टिच्युट नेपालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ५६ |
| ६२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. फुर्तेम्बा शेर्पासमेत | ५७ |
| ६३. | उत्प्रेषणयुक्त परमादेश | नेपाल निजामती कर्मचारी सङ्गठन विभागीय कार्यसमिति सर्वोच्च अदालत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ५८ |
| ६४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. श्रृजना लिम्बुसमेत | ५९ |
| ६५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विशाल भट्टराईसमेत | ६० |
| ६६. | मानव बेचबिखन | पार्वतीदेवी प्रधानाङ्ग (श्रेष्ठ) वि. नेपाल सरकार | ६१ |
| ६७. | जबरजस्ती करणी | नेपाल सरकार वि. शिवदयाल कुमार महतो, शिवदयाल कुमार महतो वि. नेपाल सरकार | ६१ |
| ६८. | अदालतको अवहेलना | लिला कुमारी आले वि. रेणुकुमारी खत्रीसमेत | ६२ |
| ६९. | कर्तव्य ज्यान | अवधेश महतो वि. नेपाल सरकार, नेपाल सरकार वि. भोला राय यादवसमेत, भोला राय यादव वि.नेपाल सरकार | ६२ |
| ७०. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. संजय तामाङसमेत | ६४ |
| ७१. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. योज्ञान खत्री | ६५ |
| ७२. | बन्दी प्रत्यक्षीकरण | दिलबहादुर भण्डारी वि. कारागार कार्यालय, सुनसरीसमेत | ६५ |
| ७३. | अंश | रूकमिनीदेवी बाटाजु वि. कौष्तुभकुमार बाटाजुसमेत, निरञ्ज कुमार बाटाजु वि. लक्ष्मी बाटाजु | ६६ |
| **एकल इजलास** | | | ६७ – ६८ |
| ७४. | बन्दी प्रत्यक्षीकरण | सुरज वि.क वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ६७ |

## पूर्ण इजलास

### १

**मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-NF-००३१, भ्रष्टाचार (नक्कली प्रमाण पत्र), लिला न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादीले पेस गरेको प्रमाण पत्रलाई जिल्ला शिक्षा कार्यालय रूपन्देहीअन्तर्गत श्री पडसरी प्रा.वि. केबटलियाको प्रा.वि.तृ. श्रेणीको राहत शिक्षक पदमा कार्यरत लिला न्यौपानेले माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेशअन्तर्गत SABSHSS BAJAHA BAZAR SIDDHARTHA NAGAR, भारतबाट सन् १९९४ मा हाइस्कुल पास गरेको शैक्षिक योग्यताका प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमीमार्फत सम्बन्धित परिषद्मा प्रमाणीकरणको लागि पठाउँदा "अपुष्टित" भन्ने बेहोराको प्रमाणीकरण विवरण प्राप्त भएको रहेछ । निजको उक्त बयान बेहोरासमेतका आधारमा पुनः प्रमाणीकरणको लागि पठाउँदासमेत लिला न्यौपाने वर्ष सन् १९९४ क्रमाङ्क १७६४२७१ मा माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसी भारतबाट fail नकी second div. pass, अपुष्टित भन्ने सुरूको "अपुष्टित" भन्ने माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय वाराणसी भारतको जवाफलाई पुन:पुष्टि गरेकोसमेत देखियो । यस स्थितिमा एस.एल.सी. को प्रमाणपत्रको नियमन गर्ने आधिकारिक निकाय उच्च माध्यमिक शिक्षा परिषद् मार्फत प्राप्त भएको प्रमाणीकरणलाई अन्यथा भनी आफूले पेस गरेको प्रमाणपत्रलाई आधिकारिक मान्नुपर्ने जिकिर प्रमाण ऐन, २०३१ को दफा ३१ को व्यवस्थाअनुरूप समेत देखिएन । उक्त कानूनी व्यवस्थाअनुसार यी प्रतिवादीले पेस गरेको प्रमाणपत्र आधिकारिक निकायबाट सक्कली हो भनी पुष्टि भइआएको मिसिल संलग्न डकुमेन्टबाट पनि नदेखिने ।

यस अदालत पूर्ण इजलासले पुनरावलोकनको निवेदनलाई अनुमति प्रदान गर्दा लिएका आधारतर्फ विचार गर्दा न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(क) अनुसार अनुमति प्रदान गरेको देखियो । उक्त दफा ११(२)(क) मा "मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दाको किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा" भनिएको छ । तर प्रस्तुत पुनरावेदनमा प्रतिवादीले यस दफाअन्तर्गत कहीँकतै जिकिर लिएकोसमेत देखिँदैन । निजले मूल प्रमाणको रूपमा यस पुनरावेदनसमेत मा उल्लेख गरेको शैक्षिक प्रमाणपत्रलाई अप्रमाणित भनी सकिएको यस परिप्रेक्ष्यमा पुनरावलोकनका लागि प्रदान गरिएको अनुमतिका आधार र कारणसँग सहमत हुन नसकिने ।

यसै गरी प्रतिवादीले यस अदालतको संयुक्त इजलासको फैसला ने.का.प. २०३५ नि.नं. ११९६ को प्रतिपादित सिद्धान्त प्रतिकूल भएको भनी लिएको जिकिरतर्फ हेर्दा उक्त फैसला यस अदालत डिभिजन बेन्चबाट मिति २०३५।८।२५ मा भएको रहेछ । यसमा मूलत: कुनै अधिकारीको गल्ती वा भुलले कुनै निजामती कर्मचारीलाई कानूनी हकबाट वञ्चित गर्न नसकिने भन्नेसमेतका तर्क उल्लेख भएको देखिन्छ । प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भनी सम्बन्धित निकायबाट प्राप्त जवाफलाई अन्यथा भन्न सकिनेसम्मको आधार प्रमाण मिसिल संलग्न नदेखिँदा प्रस्तुत प्रतिपादित नजिर यस मुद्दाको विषयवस्तु एवम् तथ्यसँग मिल्दो जुल्दो अवस्थाको नदेखिने ।

अतः सुरू विशेष अदालतले यी प्रतिवादीलाई शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको आधारमा भ्रष्टाचारको कसुर ठहर गरेको मिति २०७२।१०।१४ को फैसलालाई यस अदालतको संयुक्त इजलासबाट

मिति २०७५।३।१९ मा सदर हुने ठहर गरेको फैसला मिलेकै देखिने।

इजलास अधिकृत : नवराज दुलाल

इति संवत् २०७८ साल भदौ ३१ गते रोज ५ शुभम्।

## २

**मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-NF-०००१, ०७८-NF-०००२, भ्रष्टाचार घुस रिसवत, टिकाराम जोशी वि. नेपाल सरकार, नरेन्द्रकुमार साउद वि. नेपाल सरकार*

प्रतिवादीहरूले उजुरवालाहरूसँग घुस/रिसवत नमागेको नलिएको भनी अदालतमा बयान गरेको देखिन्छ। सो कुरालाई समर्थन गर्दै वादी प्रतिवादीहरूका साक्षीहरूले अदालतमा बकपत्र गरेको देखिन्छ। वादी नेपाल सरकारका साक्षी उजुरकर्ताहरूले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा आफूहरूले उजुरी नदिएको, डर धाकमा उजुरी निवेदनमा सही गरेको मात्र हो। प्रहरीले प्रतिवादी नरेन्द्रकुमार साउदलाई दिन भनी दिएको रकम निज प्रतिवादीले बुझ्न नमानेकोले टेबलमा छाडेर हिँडेको हो आफ्नो रकम दिएको होइन भनी अदालतमा बकपत्र गरेको पाइन्छ। यसरी वादी पक्षका साक्षी उजुरवालाहरूले अदालतमा गरेको बकपत्रबाट अभियोग दाबीको खण्डन र प्रतिवादीहरूको भनाइ बयान बेहोरालाई समर्थन गरेको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ मा **फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। तदनुरूप भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको फौजदारी अभियोगमा आफ्नो अभियोग प्रमाणित गर्ने भार वादी पक्षमा नै निहित रहन जान्छ। यस अवस्थामा साक्षी परीक्षणको प्रक्रियाबाट खम्बिर हुन नसकेको मौकामा गराइएका कागज प्रमाणलाई मूल प्रमाणको रूपमा ग्रहण गरी प्रतिवादीहरूलाई सजायसमेत गर्ने गरेको यस अदालतको संयुक्त इजलासको फैसला उक्त कानूनी व्यवस्था एवम् ०७४-WC-००२० को रिट निवेदनमा संवैधानिक इजलासबाट प्रतिपादित नजिर सिद्धान्त प्रतिकूल भएको देखिन आएको।

तसर्थ विशेष अदालत काठमाडौंबाट मिति २०७५।३।२५ मा यी पुनरावेदक प्रतिवादीद्वयलाई जनही ४ (चार) महिना कैद र बिगोअनुरूप रू.६०,०००।– (साठी हजार) जरिवाना हुने ठहर्‍याएको फैसलालाई सदर गर्ने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।५।३१ मा भएको फैसलासमेत मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत: नवराज दुलाल

इति संवत् २०७८ साल भदौ ३१ गते रोज ५ शुभम्।

## ३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७५-NF-००४४, उत्प्रेषण / परमादेश, चन्द्रकुमार घिमिरे वि. नानु श्रेष्ठ*

न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) बमोजिम भनी निवेदन परेकोमा के कुन नजिर प्रतिकूल यस अदालतबाट आदेश भयो भन्ने कुरा निवेदक/प्रत्यर्थीले निवेदनमा खुलाएको देखिँदैन भने निवेदनमा कुनै नयाँ प्रमाण पेस गरेको पनि देखिँदैन। के, कुन नजिर सिद्धान्त प्रतिकूलको कार्य संयुक्त इजलासको आदेशमा भएको हो भन्ने विषयमा निवेदन मौन छ। मुद्दा पुनरावलोकनको अनुमति प्रदान गर्दासमेत कुनै नजिर र कानूनी सिद्धान्त खुलाएको देखिएन। निवेदन र पुनरावलोकनका लागि अनुमति दिएको आदेश न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) अनुकूल रहेको नदेखिँदा निवेदक/प्रत्यर्थीको निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। विपक्षी निवेदिकालाई विकास समितिबाट मिति २०५२।१२।१२ मा अवकाश दिएपश्चात् सिटरोलमा उल्लिखित अवकाश मिति २०६९।०७।०३ सम्म कुनै वस्तुनिष्ठ निर्णय नगरी काममा समेत नलगाएको

देखिएको हुँदा सो मितिसम्मको तलब, भत्ता, सुविधा उपलब्ध गराउनु र अवकाश अवधिपछिको निवृत्तिभरणसमेत बनाइदिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट मिति २०७५/०८/३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ज्ञानेन्द्र इटेनी

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७७ साल साउन १५ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-DF-०००४, खिचोला मेटाई अपुताली हक कायम दर्ता चलन चलाइपाऊँ, चन्द्रावती चमार वि. दशरथ चमारसमेत*

पुस्तावारीतर्फ हेर्दा मूल पुर्खा तिरथ चमारका छोराहरू हरखु, सीताराम (गेल्हइ) र दशरथ गरी तीन जनाको जायजन्म भएको देखिन्छ । वादी चन्द्रावती हरखुकी छोरी हुन् भन्ने तथ्य माथि उल्लेख भएअनुसार अदालतको फैसलाबाट स्थापित भइसकेको छ । प्रतिवादी दशरथ चमार तिरथका कान्छो छोरा हुन् भन्ने तथ्यमा विवाद छैन । तिरथका माहिलो छोरा सीताराम (गेल्हइ) र निजकी पत्नीको समेत पहिले नै मृत्यु भएको र निजहरूका कुनै सन्तान नरहेको भन्ने प्रमाणबाट देखिन आएको छ । प्रतिवादीले गेल्हइकी शीला नाम गरेकी एक छोरी रहेकी, निजको भारतमा विवाह भएको र निजले बाबुको अपुताली खान्न भनी भनेकी भनी जिकिर लिएको भए पनि सो तथ्य पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन। निज शिला भन्ने व्यक्तिको कुनै अस्तित्व रहेको भन्ने कुरा कुनै कागज, प्रमाणबाट देखिन आएको पाइएन । वादीका साक्षीले निज सिताराम (गेल्हइ) का कुनै सन्तान छैनन् भनी बकपत्र गरेको देखिन्छ । तसर्थ तिरथका सन्तानहरूमध्ये हरखुको छोरी वादी चन्द्रावती र एक छोरा प्रतिवादी दशरथ मात्र जीवित रहेको देखिन आयो।

मूल पुरूष तिरथका तीन छोराहरूमध्ये सीताराम (गेल्हइ) र निजकी पत्नीको पहिले नै मृत्यु भएको; निजहरूका कुनै सन्तान रहेको नदेखिएको; पुनरावेदक/वादी चन्द्रावती चमार तिरथका छोरा हरखुको एक मात्र छोरी भएको कारणबाट निजले आफ्ना बाबु-आमाको शेषपछि निजहरूको अंश हक पुग्ने सम्पत्तिमा अपुताली पाउने भएको, र तिरथका अर्को छोरा प्रतिवादी दशरथ रहेको देखिएकाले (दुई हाँगाका अंशियार रहेकाले) वादीको आधा भाग सम्पत्तिमा हक पुग्ने देखियो । तसर्थ ३ भागको १ भागसम्ममा वादीको अपुताली हक कायम हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला सदर हुने ठहर गरेको हदसम्म यस अदालतको संयुक्त इजलासबाट मिति २०६९/२/७ मा भएको फैसलासँग सहमत हुन सकिएन। अतः ३ भागको १ भाग सम्पत्तिमा वादीको हक पुग्ने ठहर गरेको हदसम्म पुनरावेदन अदालत वुटवलको मिति २०६७/१२/७ को फैसला र सो फैसला सदर हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६९/२/७ को फैसलासमेत केही उल्टी भई पुनरावेदक/वादी चन्द्रावती चमारको २ भागको १ भाग (आधा भाग) सम्पत्तिमा अपुताली हक कायम हुने र दाबीबमोजिम वादीले दर्ता तथा चलनसमेत पाउने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाई

**इति संवत् २०७७ मङ्सिर ११ गते रोज ५ शुभम्।**

५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-WF-०००१, उत्प्रेषणयुक्त परमादेश, शैलदेवी महतो वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

रिट निवेदनमा उल्लिखित विषयहरूतर्फ हेर्दा सर्वप्रथम यी निवेदिकाले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग बमोजिम पुनरावेदन गर्न किन नगएको हो खुलाउन सकेको पाइँदैन, जबकि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न लागेको विषय निजलाई निर्णयपूर्व नै थाहा भएको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिसिल हेर्दा आयोगमा देवनारायण महतोले २०६३।०७।२२ र २०६३।०७।२५ मा आयोगमा बयान गरेको देखिन्छ भने सोपूर्व पनि निजै देवनारायण महतोले अनुसन्धान अधिकृतको रूपमा तोकिएका प्रमुख जिल्ला अधिकारीसमक्ष २०६२।०८।१५ मा बयान गरेको देखिन्छ । स्वयम् शैलदेवी महतोले पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उपस्थित हुन सूचना पठाएपछि मिति २०६३।०८।२५ मा आयोगमा निवेदन दिएको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग मूलतः अनुसन्धान गर्ने निकाय हो र यसको निर्णयबाट असर पर्ने व्यक्तिले ऐनको दफा ३५ग बमोजिम पुनरावेदन गर्न पाउने अवसर निजलाई प्राप्त भएको अवस्थामा पनि सो अधिकारको उपयोग गरेको नदेखिने।

प्रस्तुत विवाद सुकुम्बासी समस्या समाधान आयोग महोत्तरीका अध्यक्ष देवनारायण महतोले नेपाल सरकारका नाममा दर्ता भइसकेको सार्वजनिक उपभोगमा रहेको हाटबजार लाग्ने जग्गा अव्यवस्थित बसोबासी भनी आफ्नै सहोदर भाइ शिवनारायण महतो (यी रिट निवेदिका शैलदेवीका पति) लाई बिक्री वितरण गर्‍यो भन्ने विवाद हो । रिट निवेदनमा देवनारायण महतो आफ्नो जेठाजु नाता पर्दैनन् भन्न सकेको पाइँदैन । त्यसैगरी रिट निवेदनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयबारे समाजमा गाइँ गुइँ सुनी नक्कल सारी थाहा पाएको (रिटको प्रकरण नं.२) मा उल्लेख भएको देखिन्छ जबकि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले देवनारायणको बयान गराएको र यी निवेदिकालाई समेत बुझेको र आयोगमा निजको निवेदन परेको कुरा माथि उल्लेख भइसकेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त मिसिल हेर्दा यी निवेदिका वा निजको परिवारले विवादित जग्गालाई लक्ष्मीदेवी राणाबाट मिति २०४३।११।१९ मा ललितपुर मालपोत कार्यालयमार्फत प्राप्त जग्गा हो भनी दाबी गरेको देखिन्छ । जबकि सो मिसिल संलग्न पारित कागजको प्रतिलिपि हेर्दा "गौशाला गाउँ पञ्चायत वडा नं. २ स्थित नापनक्सा नभएको गाउँब्लकको पक्कीघर" लिएको देखिन्छ । विवादित जग्गा २०२५ सालको नापीमा नै गौशाला गाउँ पञ्चायत वडा नं. १ कि.नं. ११५ (क्षे.फ.वि.१-१५-१३$^{1}/_{2}$) कायम भई सार्वजनिक पर्ति जनिएको र कोही जोताहा मोही नभएको जग्गा हो भन्नेमा विवाद छैन । सो जग्गा २०५१।१०।२० सालमा नै नेपाल सरकारका नाममा दर्ता भइसकेको जग्गा हो र त्यही कि.नं ११५ बाट कित्ताकाट गरी मिति २०५५।०९।२३ मा देवनारायण महतोले सहोदर भाई शिवनारायण महतोलाई बिक्री वितरण गरेको देखिन्छ । सो गर्दा कि.नं. ११५ को करिब बिचबाट कित्ताकाट गरी ५८१ बाट क्षेत्रफल ०-३-१-० जग्गा अव्यवस्थित बसोबासी भनी दिएको देखिन्छ । अव्यवस्थित बसोबासी भनी जग्गा बिक्री वितरण गर्दा पनि अव्यवस्थितरूपमा बसोबास गरेको व्यक्तिलाई नै दिनुपर्ने हो । तर रिट निवेदन दिँदासम्म पनि विवादित जग्गामा आफ्नो घर वा बसोबास छ भन्न सकेको देखिँदैन । सुकुम्बासी समस्या समाधान आयोगको नेपाल सरकारबाट स्वीकृत कार्यनीतिमा "अव्यवस्थित बसोबासी भन्नाले अन्यत्र कतै आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा भएका वा नभएका कुनै सरकारी, ऐलानी पर्ती जग्गामा बसोबास वा भोगचलन गरिराखेको व्यक्ति सम्झनुपर्छ" भनी परिभाषित गरेको पाइन्छ । यी निवेदिकाका पतिले सुकुम्बासी समस्या समाधान आयोग महोत्तरीमा दिएको निवेदनमा नै

आफ्नो नाउँमा शिवभक्तिखोर गाऊँ पञ्चायत वडा नं. २क कि.नं. ८५ मा क्षेत्रफल ०-१६-० जग्गा रहेको कुरा उल्लेख गरेको र निजको वतन पनि गौशाला गाउँ पञ्चायत वडा नं. ६ रहेको कुरा उल्लेख गरेको पाइन्छ । त्यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिसिल संलग्न देवनारायण महतो र शैलदेवी महतोबिच चलेको अंश मुद्दामा महोत्तरी जिल्ला अदालतमा मिति २०६४।०३।०३ मा भएको मिलापत्र हेर्दा पनि शैलदेवी महतोको नाममा जग्गाहरू रहेको देखिन्छ। यी समस्त कुराहरू हेर्दा रिट निवेदिका यस अदालतमा प्रवेश गर्दा सफाहात लिएर प्रवेश गरेको रहेछ भन्न सकिने अवस्था देखिएन। बरू रोसनकुमार शाहसमेतले नमुना गाउँ विकास समिति गौशालाको तर्फबाट र ऐ. गाउँ विकास समितिका सचिव गौरी नारायण साहको यस अदालतमा परेको निवेदनमा विवादित जग्गा हाटबजार, मेला लाग्ने जग्गा हो भन्ने उल्लेख भएको र सोही कुरा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफमा समेत उल्लेख भएबाट रिट निवेदिकाको परिवारले विभिन्न प्रपञ्च गरी सार्वजनिक उपभोगमा रहेको सरकारी जग्गा लिने खाने प्रयत्न गरेको रहेछ भन्ने देखिन आउने।

सर्वोच्च अदालतमा रिट निवेदन विचाराधीन हुँदाहुँदै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्णय गर्‍यो भन्ने प्रश्न छ, सर्वोच्च अदालतमा तत्कालमा चलेको रिट निवेदन (२०६२ सालको रिट नं. ३५५०) निवेदिकाले दिएको निवेदन नभई पदमप्रसाद उपाध्यायसमेतले दिएको सार्वजनिक सरोकारको रिट निवेदन भई त्यसमा यी निवेदिका शैलदेवी महतो लिखित जवाफवालासम्म रहेको देखिन्छ। सार्वजनिक सरोकारको निवेदनमा निवेदकको हैसियत एउटा सूचनाकर्ताको सम्म रहन्छ भन्ने आम जानकारीको विषय हो । फेरि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा निवेदन दिँदा सो रिट निवेदनको उल्लेख गरे पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रस्तुत विषयमा मिति २०६३।११।१८ मा निर्णय गर्दा सर्वोच्च अदालतले निर्णय गरी नसकेको अवस्था भई सर्वोच्च अदालतले मिति २०६४।०८।२३ मा मात्र निर्णय गरेको र सो गर्दा मूलत: विलम्बको आधारमा रिट खारेज गरेको पाइन्छ । सार्वजनिक सरोकारको रिट निवेदन खारेज भएको भन्ने आधारमा मात्र दूषित निर्णय कायम रहन सक्ने वा सो निर्णयबाट हक प्राप्त हुन सक्ने भन्ने हुँदैन। दूषित निर्णय जहिले पनि दूषित नै हुन्छ र त्यस्तो निर्णय कायम रहन सक्ने नहुने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६३।११।१८ को निर्णय कानूनअनुरूप छ वा छैन ? निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन ? भन्ने सन्दर्भमा प्रस्तुत रिट निवेदनमा विवाद उठाइएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णयमाथि विभिन्न प्रकरणमा उल्लेख गरिएबमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ र १२ख को परिधिभित्रै रही भए गरेको देखिएको र सो निर्णय हुनुपूर्व निवेदिकासमेत आयोगको कारबाहीमा संलग्न रहेको देखिएको तर निजले दफा ३५ग बमोजिम पुनरावेदनको मार्ग अनुशरण गरेको नदेखिएको, रिट क्षेत्रबाट उक्त निर्णय पुनरावलोकन गर्नुपर्छ कि भन्नलाई पनि निवेदिकाले तथ्यहरू लुकाई सफाहात लिई अदालत प्रवेश गरेको नदेखिएको र आफू संलग्न भएको र आफूलाई समयमा नै जानकारी भएको निर्णय बदर गरी माग्न करिब तीन वर्ष ढिलो गरी यस अदालतमा प्रवेश गरेको देखियो। यस स्थितिमा महोत्तरी जिल्ला अदालतमा चलेको मुद्दा पनि यी निवेदिका पक्ष (प्रतिवादी) भई चलेको अवस्था हुँदा मुद्दा चलेको भन्नेसम्म आधारमा जानाजानी सबैतिरबाट सरकारी देखिएको जग्गा विभिन्न प्रपञ्च गरी दूषित तरिकाबाट देवनारायण महतोले आफ्ना सहोदर भाइ शिवनारायण महतोलाई बिक्री वितरणमा दिएको कार्यलाई मान्यता नदिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको

निर्णय बदर गर्नुपर्ने अवस्था नदेखिएकाले निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था विद्यमान नदेखिने। प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृतः सुमन पाण्डे
फैसला लेख्न सहयोग गर्ने: सदिक्षा नेपाल
इति संवत् २०७८ साल भदौ १७ गते रोज ५ शुभम्।

## इजलास नं.१

### ६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०७४-CR-०१५१, जबरजस्ती करणी, खेमलाल सुनार वि. नेपाल सरकार*

पुनरावेदकले आफूले पीडितको योनिमा हातको औँला छिराएकोले मेरो उक्त कार्य जबरजस्ती करणी नभई अप्राकृतिक मैथुनसम्म हो भन्ने लिएको जिकिरतर्फ विचार गर्दा, मुलुकी ऐन, जबरजस्ती करणीको ९क.नं. मा ***"कसैले कुनै नाबालकसँग कुनै किसिमको बाल यौन दुराचार (पेडोफाएल) गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नम्बरबमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराइदिनुपर्छ"*** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत नं. मा भएको व्यवस्थालाई हेर्दा, यस नं.लाई निरपेक्ष रूपमा व्याख्या नगरी यसै महलको ३ नं. सँग सम्बन्धित गरी सापेक्ष रूपमा व्याख्या गर्नुपर्ने देखिन्छ। ३ नं. मा ***"जबरजस्ती करणी गर्नेलाई देहायबमोजिम कैद सजाय हुने छ"*** भनी सोको देहाय १ मा ***"दश वर्षभन्दा मुनिकी बालिका भए दशदेखि पन्ध्र वर्षसम्म"*** भनी उल्लेख भएको देखिन्छ। यस मुद्दामा पीडित रहेकी बालिका १० वर्षभन्दा मुनिकी रहेको मिसिल संलग्न रहेका कागज प्रमाणबाट देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले मैले परिवर्तित नाम ४७(आ) कुमारीको लुगा फुकाली पीडितलाई नाङ्गै बनाई, निजको योनिमा एक पटक मेरो हातको औँला छिराएको र निजले दुख्यो भनेर चिच्याएको हुँदा निज पीडितलाई घर जाउ भनी घर पठाएको हुँ। निजको योनिमा मेरो लिङ्ग छिराएको होइन भनी अदालतमा बयान गरेको देखिन्छ। त्यसैगरी पीडित र निजको आमाले पीडितलाई जबरजस्ती करणी गरेको नभई पीडितको योनिमा हातको औँला मात्र घुसाएको भनी अदालतमा बकपत्र गरिदिएको देखिन्छ। यसरी निजहरूले अदालतमा गरेको बयान तथा बकपत्रबाट मात्र ७ वर्षकी पीडित नाबालकलाई बाल यौन दुराचार गरेको देखिन्छ। यसरी बाल यौन दुराचार गरेको कार्यलाई जबरजस्ती करणीको परिभाषाभित्र राखी जबरजस्ती करणीको ३ नं. मा हुने सजायमा अझ १ वर्षसम्म कैद थप गरी सजाय गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिँदा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि भएकोले निजले आफूलाई अप्राकृतिक मैथुनतर्फ सजाय हुनुपर्ने भनी लिएको जिकिरसँग सहमत हुन नसकिने।

यस अवस्थामा प्रतिवादी खेमलाल सुनारलाई सुरू पाल्पा जिल्ला अदालतबाट जबरजस्ती करणीको उद्योग ठहर गरी सोहीबमोजिम सजाय गर्ने गरी भएको फैसलालाई उल्टी गरी निजलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको १ र ९क. बमोजिमको कसुरमा ऐ. ऐनको ३ नं. को देहाय १ बमोजिम १० (दश) वर्ष कैद र ऐ.ऐनको ९क. नं. अनुसार थप ६(छ) महिना कैद सजाय गरी ऐ.ऐनको १०, १०ग नं. बमोजिम रू.५०,०००।- (पचास हजार रूपैयाँ) प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराइदिने गरी उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट भएको फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत

बेहोराको पुनरावेदन, निजको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताको बहस जिकिर एवम् यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशसमेतसँग सहमत हुन नसकिने।

पाल्पा जिल्ला अदालतबाट प्रतिवादी खेमलाल सुनारलाई १० वर्षभन्दा मुनिको बालिकालाई जबरजस्ती करणीको उद्योगमा मुलुकी ऐन, जबरजस्ती करणीको ३ नं. को देहाय १ नं. बमोजिम करणी भएकोमा हुने सजायमा सोही ऐनको ५ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने र मुलुकी ऐन, जबरजस्ती करणीको ९.क.नं. बमोजिमको अभियोग माग दाबी पुग्न सक्दैन भनी मिति २०७२।५।३१ मा गरेको फैसला उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ र ९क. बमोजिमको कसुरमा ऐ. ऐनको ३ नं. को देहाय १ बमोजिम १० (दश) वर्ष कैद र ऐ.ऐनको ९क नं. अनुसार थप ६(छ) महिना कैदको सजाय गरी ऐ.ऐनको १० र १०ग नं. बमोजिम रू.५०,०००।- प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराइदिने गरी उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७३।८।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी
कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७७ साल असार ७ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०२४७, बन्दीप्रत्यक्षीकरण, बालादेवी कटुवाल वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदक बालादेवी कटुवाल पहिलो पटक बहुविवाह मुद्दामा कसुरदार ठहरी निजलाई १ वर्ष कैद सजाय हुने ठहर भएको देखिएको र ४ वर्षको बच्चा छाडी फैसला कार्यान्वयन गर्ने सन्दर्भमा कोभिडको समय क्रममै मिति २०७७।७।२१ मा काठमाडौं जिल्ला अदालतमा आफैँ उपस्थित भएको देखिन्छ। काठमाडौं जिल्ला अदालतले लागेको कैद ठेकी सोही दिन कारागार पठाएकोमा कारागारमार्फत यी रिट निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैदबापतको रकम दाखिला गरी कैद मुक्त गरिपाउँ भनी निवेदन दिएकोमा काठमाडौं जिल्ला अदालतको मिति २०७७।७।२५ मा सो सुविधा दिन नमिल्ने भनी आदेश भएको देखिन्छ। उच्च अदालत पाटनबाट मिति २०७७।१०।२९ मा मुद्दाको प्रकृति, कसुरको पुर्पक्षको क्रममा निवेदक प्रतिवादी अनुपस्थित रहेकोसमेतका आधारबाट जिल्ला अदालतबाट भएको आदेश परिवर्तन गरिरहन परेन। कानूनबमोजिम गर्नु भनी आदेश भएको देखिन्छ। रिट निवेदकको समग्र परिस्थिति मूल्याङ्कन गर्दा उल्लिखित ऐनको दफा १५५ को कानूनी व्यवस्थाबमोजिम यी रिट निवेदकलाई सुविधा दिँदा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत देखिँदैन। उक्त कानूनी व्यवस्थाको प्रयोग नि:सर्त नभई कसुरदारको व्यवहार परिवर्तनको सन्दर्भमा रहेको हुँदा न्यायपालिकाबाट समुचित ढंगले उदार व्याख्या गरी कार्यान्वयन गर्दा फौजदारी कानूनमा सुधारात्मक दण्ड पद्धतिको अवलम्बनमा बढोत्तरी हुनेसमेत देखिन्छ। साथै, नवराज थापा विरूद्ध प्रहरी प्रधान कार्यालय, नक्सालसमेत भएको उत्प्रेषण मुद्दा (ने.का.प. २०७६, अङ्क ७ र नि.नं. १०३१३) मा ***"बहुविवाहलाई नैतिक पतन देखिने फौजदारी कसुरको कोटीमा राखेको नदेखिँदा नैतिक पतन देखिने कसुर हो भनी मान्न मिल्ने नदेखिने"*** भनी यस अदालतबाट सिद्धान्त प्रतिपादित भएको देखिन्छ। यस्तो अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम निवेदकलाई लागेको कैदबापत रकम लिई कैदमा बस्न नपर्ने सुविधा प्रदान गर्न इन्कार गर्दा कानूनको उद्देश्यअनुरूप हुने नदेखिँदा काठमाडौं जिल्ला अदालतको मिति २०७७।९।६ को आदेश तथा उच्च अदालत पाटनको मिति

२०७७।९।२२ को आदेशलाई न्यायको रोहमा उपर्युक्त रहेको भनी मान्न सकिने स्थिति नहुने।

निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम आफूलाई लागेको कैदबापत रकम तिरी कैदमा बस्न नपर्ने सुविधा प्राप्त गर्न सक्ने नै अवस्था देखिँदा निवेदकको उक्त सुविधा प्रदान गर्न इन्कार गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।७।२५ मा र उच्च अदालत पाटनबाट मिति २०७७।१०।२९ मा भएको आदेश कानूनी उद्देश्यअनुरूप भएको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब, रिट निवेदकको हकमा उपर्युक्त आधारहरूलाई समेत विचार गरी पुनः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतको उपर्युक्त आदेश जारी गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत (उपसचिव):- शिवबहादुर थापा

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल चैत्र २० गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-२३८९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. खिमकुमारी गोले*

***"वैदेशिक रोजगारलाई प्रवर्धन गर्दै व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्नको लागि..."*** भन्ने कुरा वैदेशिक रोजगार ऐन, २०६४ को प्रस्तावनामा नै उल्लेख गरी सो ऐन जारी गर्नुको उद्देश्य प्रकाश पारिएको छ। यसरी सो ऐनको ध्येय एकातिर नेपालबाट वैदेशिक रोजगारीका लागि विदेश जाने व्यक्तिलाई कसैले ठगी गर्न नपाओस् भन्ने रहेको पाइन्छ भने अर्कोतिर कानूनबमोजिम वैदेशिक रोजगारीको अनुमति लिएको संस्थाले आफूले गरेको कानूनबमोजिमका काम कारबाही गर्दा अनावश्क दुःख हैरानी भोग्न नपरोस् भन्ने रहेको पाइन्छ। यसरी वैदेशिक रोजगारको सेवा लिने र सो सेवा प्रदान गर्ने इजाजत लिएका संस्थाको संरक्षण पनि गरेको पाइन्छ। सो ऐनको दफा १० मा ***"यस ऐनबमोजिम इजाजतपत्र नलिई कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने छैन"*** भन्ने कानूनी व्यवस्था भएबमोजिम जाहेरवालाहरूले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अनुमति पाएको संस्थामा आवेदन दिनुपर्ने देखिन्छ। प्रस्तुत मुद्दाकी प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न संस्था दर्ता गरेको देखिँदैन। संस्था नै दर्ता नगरेको व्यक्तिलाई वैदेशिक रोजगारीमा जान तयारीमा भएका व्यक्तिले पैसा दिन सक्छन् भन्ने कुरामा विश्वास गर्न सकिँदैन। यस कुरालाई प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणमा बयानको क्रममा आफूले जाहेरवालाले दाबी गरेको पैसा व्यापार र घर खर्च गर्नको लागि लिएको भनी सोही बेहोराको कपाली तमसुक पेस गरेको र उक्त तमसुकलाई जाहेरवालाले अन्यथा भन्न नसकेको र सो तमसुकमा उल्लिखित रकम देवानी दायित्वको हुने कानूनी व्यवस्था रहेबाट यी प्रतिवादीको कुरा अझ स्थापित भएको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा माथि उल्लिखित तथ्यका आधारमा वादीले आफ्नो दाबी वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न नसकेको हुदा यी प्रतिवादी खिमकुमारी गोलेलाई अभियोग माग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन। यस अवस्थामा वैदेशिक रोजगारी ठगी जस्तो गम्भीर फौजदारी अपराधमा शङ्का र अनुमानको भरमा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा

निजको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी खिमकुमारी गोलेलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालालाई हर्जानासहितको बिगो रकम दिलाइपाउँ भन्ने आरोपित कसुरबाट प्रतिवादीले सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।११।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत(उपसचिव): नवराज जोशी

कम्प्युटर : कृष्णमाया खतिवडा(सुस्मिता)

**इति संवत् २०७७ साल जेष्ठ २३ गते रोज ६ शुभम्**

**९**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-०६४१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. गोपालबहादुर तामाङ*

जाहेरवाला प्रकाश अधिकारीले अदालतमा आई बकपत्र गर्दा मैले प्रतिवादी गोपालबहादुर तामाङ्लाई वैदेशिक रोजगारीको लागि दक्षिण कोरिया जानको लागि IME गरी २ लाख ५० हजार रूपियाँ दिएको हो । मेरो नागरिकता मेरो साथमा नभएको कारण मेरो साथी सन्देश स्याङदनको नामबाट रकम पठाएको हो । रकम दिएको प्रमाण स्वरूप IME गरेको कागज छ । दिएको रकममध्ये पैतिस सय रूपियाँ फिर्ता पाएँ, बाँकी हालसम्म फिर्ता पाएको छैन भनी आफूले रू.२,५०,०००।- मात्र दिएको र रू.३,५००।- फिर्ता पाएको भनी बेहोरा उल्लेख गरेका छन् । अर्को जाहेरवाला गोपाल थापाले मैले प्रतिवादी गोपालबहादुर तामाङलाई वैदेशिक रोजगारीको लागि दक्षिण कोरिया जानको लागि IME गरी २ लाख ५० हजार रूपियाँ दिएको हो । रकम दिएको प्रमाणस्वरूप IME गरेको कागज छ । दिएको रकम हालसम्म फिर्ता पाएको छैन भनी जम्मा रू.२,५०,०००।- प्रतिवादीलाई दिएको बेहोरा खुलाई अदालतमा बकपत्र गरेको देखिन्छ । यसले जाहेरवालाहरूले बकपत्रमा खुलाएको रकमबमोजिम नै बिगो कायम हुनुपर्ने देखिन आयो । जाहेरवालाहरूले बकपत्रमा खुलाएको बिगोको रकम कलमभन्दा बढी हुने गरी बिगो कायम गर्नु न्यायसङ्गत नहुने हुँदा जाहेरवाला प्रकाश अधिकारीले रू. २, ४६, ५००।- र सोको ५०% हर्जाना तथा जाहेरवाला गोपाल थापाले बिगो रू. २, ५०, ०००।- र सोको ५०% हर्जानासमेत प्रतिवादी गोपालबहादुर तामाङबाट भरिपाउने देखिन्छ । सोहीबमोजिम नै बिगो कायम गरी प्रतिवादीबाट जाहेरवालाहरूले भराइपाउने र होटल खर्च, टिकट खर्च र बाँकी बिगोसमेत गरी नपुग बिगोको हकमा अभियोग दाबी पुष्टि हुने प्रमाण पुग्न सकेको देखिन नआएको हुँदा सोसम्बन्धमा दाबी नपुग्ने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला अन्यथा देखिन आएन । नपुग बिगोको हकमा रहेको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

प्रतिवादी गोपाल तामाङलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम ३ वर्ष (तीन वर्ष) कैद र रू. ३, ००, ०००।- (तीन लाख रूपियाँ) जरिवाना हुने र जाहेरवाला प्रकाश अधिकारीले बिगो रू. २, ४६, ५००।- र त्यसको ५० प्रतिशत हर्जाना रू १, २३, २५०।- गरी जम्मा रू. ३, ६९, ७५०।- र जाहेरवाला गोपाल थापाले बिगो रू.२, ५०, ०००।- र त्यसको ५० प्रतिशत हर्जाना रू १, २५, ०००।- गरी जम्मा रू ३, ७५, ०००।- प्रतिवादीबाट भराइपाउने गरी वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७४।१२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): महेन्द्रप्रसाद पौड्याल

इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०६९-CI-००१७, निर्णय बदर, दर्ता बदर, किशोरी शरण वैष्णव वि. शशिलेन्द्र शुक्ला*

विवादित जग्गाहरूमा मन्दिरका संरचना निर्माण भएका छन् छैनन् स्थलगत नक्सा गरी त्यहाँको सम्पूर्ण भौतिक स्थितिसमेत हेरी निर्णय गर्नुपर्नेमा सो नै नगरी फैसला भएको देखिन आयो। वि.सं. २०२२ सालमा राजोदेवी तेलिनले दिएको भनेको घरसारको लिखतको अस्तित्व के हो ? सो सम्बन्धमा समेत जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट कुनै विवेचना नै नगरी अस्पष्ट वादी दाबी लिएको भनी सुरु जिल्ला अदालतबाट दाबी नपुग्ने भनी गरिएको फैसला पुनरावेदन अदालतबाट सदर भएको देखिन्छ। यसरी वादी दाबी स्पष्ट भइरहेको अवस्थामा अस्पष्ट दाबी भनी गरिएको सुरू धनुषा जिल्ला अदालतको मिति २०६८।०६।३० र पुनरावेदन अदालत जनकपुरको मिति २०६८।०९।०६को फैसला मिलेको नदेखिइ त्रूटिपूर्ण देखिँदा बदर हुने।

साबिक नाप नक्सा तथा विवादित जग्गामा मन्दिरको संरचनाहरू निर्माण भएका छन् छैनन् ? सम्पूर्ण वस्तुस्थितिसमेत देखिने गरी रीतपूर्वक नाप नक्सा गरी, वादीले आफ्नो फिरादमा दाबी लिएको राजोदेवी तेलिनले दिएको भनेको घरसारको लिखतको औचित्यतासमेतको विवेचना गरी अरू जे जो बुझ्नुपर्छ बुझी पुन: निर्णय गर्नु भनी धनुषा जिल्ला अदालतमा लेखी पठाइदिने।

इजलास अधिकृत :- प्रकाश सुवेदी

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल माघ २५ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CI-१४१२, अंश दर्ता, दीपनारायण चौधरीसमेत वि.रोहितलाल चौधरीसमेत*

वादी प्रतिवादीहरूबिच नातामा विवाद रहेको पाइँदैन। प्रत्यर्थी वादीहरू मूल पुर्खा झमन चौधरीको जेठो छोरा कैलु चौधरीका कान्छा नाति मुनरलाल चौधरीका छोराहरू रहेका र पुनरावेदक प्रतिवादीहरू मूल पुर्खा झमन चौधरीको कान्छो छोरा सुकल चौधरीका नाति फनिलाल चौधरीका छोराहरू रहेको देखियो। कैलु चौधरीको हाँगाका निजका जेठा नाति मुनरलाल चौधरीले प्रस्तुत मुद्दाका वादी रोहितलाल चौधरीसमेतको आमा चौवलीदेवी चौधरीसमेतलाई प्रतिवादी बनाई २०४५ सालमा दे.नं.१४०५ को अंश मुद्दा दायर गरी सो मुद्दामा वादी प्रतिवादीहरूबिच अंश बन्डा हुने गरी भएको फैसला अन्तिम भई जिल्ला अदालत राजविराजको अंश बिगो नं.६४० को मुद्दामा मिति २०५०।५।५ मा बन्डा मुचुल्कासमेत भएको मिसिलबाट देखिन्छ। सो मुद्दामा प्रस्तुत मुद्दाका प्रतिवादीहरूलाई विपक्षी नबनाई केवल मूल पुर्खा झमन चौधरीको जेठो छोरा कैलु चौधरीको जेठो नाति सुनरलाल र कान्छो नाति मुनरलालको श्रीमती र छोराहरूबिचमा मात्र मुद्दा चलेको देखिन्छ। सो मुद्दामा यस मुद्दाका प्रतिवादी/पुनरावेदकहरूलाई सो मुद्दामा सामेल गरेको पाइँदैन। त्यसैगरी प्रत्यर्थी वादीहरूले नै आफ्नो फिरादमा ***"हामी वादी प्रतिवादीहरू एकासगोलमा बसी आउँदा परिवार सङ्ख्यामा वृद्धि भई मिति २०२९।१२।१७ मा चल सम्पत्ति हातहातै बाँडी अचल सम्पत्ति बाँडफाँट गर्न बाँकी रहेको भनी"*** लेखेको र २०४५ सालमा यी वादीहरू प्रतिवादी भई चलेको अंश मुद्दामा यी प्रतिवादी पुनरावेदकको हाँगामा मुद्दा नगरी आफ्नै हाँगाबिच मात्र मुद्दा गरी सो मुद्दा अन्तिम भएको देखिएबाट २०४५ सालको दे.नं.१४०५ को अंश मुद्दाबाटै वादीले आफ्नो भाग छुट्याई दा.खा.समेत गरी लिइसकेको हुँदा प्रतिवादीहरूबाट अंश दिलाइपाउँ भन्ने वादी दाबी नपुग्ने गरी सप्तरी जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। उक्त फैसला केही उल्टी गरी अंश

बिगो नं.६४० को मुद्दामा मिति २०५०।५।५ को बन्डा मुचुल्काबाट यी वादीहरूले अंश पाइसकेको र दा.खा. दर्ता गराउन मात्र बाँकी राखेको देखिँदा सो दा.खा.दर्ता गराई लिन पाउने गरी पुनरावेदन अदालत राजविराजले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। यस अवस्थामा मिति २०५०।५।५ को बन्डा मुचुल्काबाट दा.खा.दर्ता गराई लिन पाउने गरी पुनरावेदन अदालत राजविराजले गरेको फैसला उल्टी गरी सुरू जिल्ला अदालतले गरेको फैसला कायम गरिपाउँ भनी प्रतिवादीहरूले यस अदालतमा दायर गरेको पुनरावेदन जिकिर र निजहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

सप्तरी जिल्ला अदालतबाट मिति २०६८।८।१९ मा भएको फैसला उल्टी गरी वादी रोहितलाल चौधरीसमेतले मिति २०५०।५।५ को बन्डा मुचुल्काबाट अंश पाइसकेको र दा.खा.दर्ता गराउन मात्र बाँकी रहेको स्थितिमा सो बन्डा मुचुल्काबमोजिम दा.खा.दर्ता गराई लिन पाउने गरी पुनरावेदन अदालत राजविराजले मिति २०७१।४।१९ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नवराज जोशी

कम्प्युटर : कृष्णमाया खतिवडा(सुस्मिता)

इति संवत् २०७६ साल फाल्गुण १८ गते रोज १ शुभम्।

## १२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-१५००, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. गणेशप्रसाद यादव*

साबिक मुलुकी ऐन, आसय करणीको महलको १ नं. मा "जुनसुकै मानिसले आफ्नो स्वास्नीबाहेक एघार वर्ष नाघेका जुनसुकै स्वास्नी मानिसलाई करणीका आसयले शिरदेखि पैतालासम्मका अङ्गमा समातेमा" भनी परिभाषित गरेको देखिन्छ। मुलुकी ऐनमा २०६३ सालमा भएको संशोधनले आसय करणी भन्ने शब्दलाई भाषिक परिमार्जन गरी "यौन दुर्व्यवहार" भनी उल्लेख गरेको पाइन्छ। जसमा "कसैले कुनै महिलाको मन्जुरीविना निजको संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वाभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौनसम्बन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द, सङ्केत प्रयोग गरेमा वा चित्र, तस्विर देखाएमा, यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग यस्तै अन्य कुनै किसिमले अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा वा निजलाई करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानिने छ" भन्ने कानूनी प्रावधान रहेको छ। उल्लिखित कानूनमा रहेको व्यवस्था जस्तै प्रतिवादीले पीडित जाहेरवालीलाई करणी गर्ने आशयका साथ जाहेरवाली सुतिरहेको स्थानमा गई निजको शरीरमा चढ्ने तथा निजको मन्जुरीबेगर मुख थुनेको र हात समातेको भन्ने वारदातको प्रकृति र अवस्थासमेतबाट प्रस्तुत वारदात आसय करणी (यौन दुर्व्यवहार) को वारदात कायम हुने गरी भएको सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला अन्यथा मान्न सकिएन। नेपाल सरकारको मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन जिकिर तथा यस अदालतबाट दोहोऱ्याई हेर्न पाउने निस्सा प्रदान गर्दा लिइएका आधार कारणका साथै नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग समेत सहमत हुन नसकिने।

विवादित वारदात जबरजस्ती करणी उद्योगको वारदात हो भन्ने देखिएन। प्रस्तुत वारदातको प्रकृति तथा अवस्थाबाट प्रस्तुत मुद्दा साबिक मुलुकी ऐन, आसय करणी (यौन दुर्व्यवहार) को परिभाषित मुद्दाको रूपमा कारबाही चलाउनुपर्ने प्रकृतिको देखिएकोले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला पक्षले मुद्दा सकार गरेमा वादी

पक्ष कायम गरी दुनियाँवादी फौजदारी दायरीमा दर्ता गरी कानूनबमोजिम कारबाही अगाडि बढाउने भनी प्रतिवादीलाई जबरजस्ती करणी उद्योगमा सफाइ दिई प्रस्तुत वारदातलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम आशय करणीमा परिणत गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।६।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत:- नबिन आचार्य

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल भाद्र २५ गते रोज ६ शुभम्

**१३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CI-१४७३, जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ, सावित्रा बराल वि. ज्ञानुमायाँ धितालसमेत*

पुनरावेदक सावित्रा बराल सार्वजनिक जग्गाको संरक्षणार्थ सफा मनले अदालतमा आएको भए सुरूमै मुलुकी ऐन, अ.बं. १० नं. को कानूनी व्यवस्थाबमोजिम विपक्षी प्रत्यर्थीहरूका नाममा मुद्दा दायर गर्नुपर्नेमा सो गरेको देखिएन । यस स्थितिमा न.नं. ४ को सार्वजनिक ऐलानी जग्गामा यी वादीको कि.नं. २६६ र १८८ का जग्गाको नक्सा मुचुल्काको न.नं. १ को बाटोसम्म सोझो पर्ने गरी प्रतिवादीहरूले गरेको खिचोला मेटाइदिने गरी गरेको सुरू जिल्ला अदालतको फैसलालाई उल्टी गरी उक्त न.नं. ४ को जग्गालाई सार्वजनिक जग्गा कायम गरी पुनरावेदन अदालत हेटौंडाले गरेको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नहुँदा पुनरावेदक/वादीले पुनरावेदन अदालत हेटौंडाले गरेको फैसला उल्टी गरी सुरू जिल्ला अदालतको फैसलालाई कायम गरिपाउँ भनी यस अदालतमा लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

चितवन जिल्ला अदालतबाट मिति २०७०।११।११ मा न.नं. ४ को जग्गामा प्रतिवादीहरूले खिचोला मेटाई वादीले चलनसमेत चलाइपाउने गरी गरेको फैसला उल्टी गरी उक्त न.नं. ४ को जग्गा वादी प्रतिवादी दुवैको नभई ऐलानी सार्वजनिक कायम गरी पुनरावेदन अदालत हेटौंडाले मिति २०७१।९।२८ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नवराज जोशी

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल फाल्गुण १८ गते रोज १ शुभम्।

**१४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री मनोजकुमार शर्मा,** *०७७-WH-०२३१, बन्दीप्रत्यक्षीकरण, दिलमाया थापा वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत*

निवेदकलाई अभद्र व्यवहार मुद्दामा पक्राउ गरेको भनी विपक्षी प्रहरी परिसरले बेहोरा उल्लेख गरेको भए तापनि अभद्र व्यवहार पुष्टि हुने आधार प्रमाण रहेको देखिँदैन। केवल प्रहरी कर्मचारीको प्रतिवेदनका आधारमा पक्राउ गरिएको छ। प्रहरी प्रतिवेदनमा स्थानीय व्यक्तिहरूलाई डर, धाक, धम्की दिएको भन्ने उल्लेख गरिएको भए तापनि निवेदक विरूद्धमा डर, त्रास, धाक धम्की दिएको भनी स्थानीय व्यक्तिहरूले उजुरी गरेको देखिएको छैन। थुनामा नै राख्नुपर्ने पर्याप्त आधार र कारण थुनामा राख्ने अनुमति लिँदा र दिँदा खुलाइएको समेत छैन । यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुनामुक्त भए लगत्तै पुनः निवेदकलाई पक्राउ गरिएको छ । यसबाट विनाआधार र कारण निवेदक निरबहादुर थापालाई राजनीतिक विचार तथा आस्था राखेकै कारण पक्राउ गरिएको भन्ने देखिन्छ। निजलाई अघिल्लो पटक थुनामा राखिएको कार्य गैरकानूनी भई बन्दीप्रत्यक्षीकरणको आदेश जारी भए लगत्तै पुन: पक्राउ गरी हिरासतमा राखिएको देखिँदा निज निवेदकलाई राजनीतिक पूर्वाग्रह राखी

प्रहरी प्रतिवेदनका आधारमा अभद्र व्यवहारको कसुर देखाइ थुनामा राखिएको देखिन्छ । निवेदकलाई यस अदालतको आदेशले थुनामुक्त गरेपश्चात् लगत्तै पुनः पक्राउ गरेको कार्यले निज निवेदकलाई जसरी पनि थुनामा राख्ने उद्देश्यले विपक्षी महानगरीय प्रहरी परिसर भक्तपुरसमेतले पक्राउ गरी म्याद थप गरी थुनामा राखेको भन्ने देखिन आएको छ । यसबाट निवेदकलाई अमुक राजनीतिक पार्टीको कार्यकर्ता भएको भन्ने आधारमा प्रवृत्त धारणा राखी राजनितिक विचार तथा आस्था राखेकै कारण पक्राउ गरेको भन्ने देखिने ।

राजनीतिक विचार तथा आस्था राखेकै कारणबाट निवेदकलाई थुनामा राखेको कार्यलाई कानूनबमोजिमको थुना भनी मान्न मिल्ने देखिएन । निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखेको देखिएको हुँदा यस अदालतका रजिस्ट्रारको रोहबरमा तत्काल थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत (उपसचिव): महेन्द्रप्रसाद पौड्याल
कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७७ साल फागुन ४ गते रोज ३ शुभम् ।

## १५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-WO-०१३१, उत्प्रेषण, परमादेशसमेत, गीताकुमारी भण्डारी वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २(ठ) ले काका ससुरालाई नजिकको नातेदारको रूपमा उल्लेख नगरे तापनि स्पष्टरूपमा बाहेक गरेको पनि देखिँदैन । उक्त ऐनको परिभाषामा मानव अङ्ग प्रत्यारोपण गर्न अङ्गदान दिन इच्छुक नातेदारमा ससुरालाई समेटिएको पाइन्छ, तर ससुरासरहका काका ससुरालाई समावेश नगर्नुको कुनै वैज्ञानिक र सामाजिक आधार कारण देखिँदैन । ससुरासरहका काका ससुरालाई पनि नातेदारभित्रको परिभाषामा समेट्दा ऐनको उद्देश्य विपरीत हुने नभई ऐनको उद्देश्य, मर्म र भावनाअनुरूप नै हुनुका साथै मानव जीवन रक्षाको पुनित कार्यमा निजले समेत योगदान पुर्‍याउन सक्ने अवस्था हुन जान्छ । कुनै व्यक्तिले आफ्नो अमूल्य अङ्ग दान गर्ने कुरा बाध्यात्मक नभई स्वेच्छिक कार्य हो । यी निवेदिकाका काका ससुरा नेत्रप्रसाद भण्डारीले स्वेच्छाले आफ्नो भतिजा बुहारी नाताकी यी निवेदिकालाई आफ्नो मृगौला प्रत्यारोपण गरी निजको जीवन रक्षा गर्ने पुनित कार्यमा निजको मन्जुरीसमेत रहेको भन्ने देखिन्छ । ससुरासरहका काका ससुरा जस्तो पवित्र नाताभित्रको व्यक्तिले आफ्नो भतिजा बुहारी नाताकी व्यक्तिलाई मृगौला प्रत्यारोपण गर्न अङ्ग दान गर्न मन्जुर रहेको अवस्थामा जीवन रक्षाको पुनित कार्यबाट निजलाई बञ्चित गर्नुपर्ने कुनै आधारभूत कारण र औचित्य नदेखिने ।

मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५को (पहिलो संशोधन, २०७२) को दफा २ को खण्ड (ठ) मा विभिन्न नाताको उल्लेख भई ससुरा नाताका व्यक्तिलाई नजिकको नातेदारको परिभाषामा समेटेको स्थितिमा उक्त मृगौला प्रत्यारोपण कार्य स्वयंमा मानव जीवन रक्षासँग सम्बन्धित भएको, मृगौला प्रत्यारोपण गर्न अङ्ग दान गर्न काका ससुराको मन्जुरी भएको र सो कार्यलाई निषेध गर्नुपर्ने आधारभूत कारण नभएको एवम् काका ससुरालाई स्वेच्छिकरूपमा अङ्ग दान गरी भतिजा बुहारीको जीवन रक्षामा योगदान पुर्‍याउने पवित्र मानवीय दृष्टिकोणसमेतबाट बञ्चित गर्न नमिल्ने हुँदा विपक्षी शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको मिति २०७८।४।२२ को पत्र एवम् सोसँग सम्बद्ध निर्णय उत्प्रेषणका आदेशद्वारा बदर हुने ।

ससुरासरहका काकाससुरा नेत्रप्रसाद भण्डारीले मृगौला अङ्ग दान गर्न चाहेमा चिकित्सकीय रोह रीत पुऱ्याई मृगौला प्रत्यारोपण गर्नु गराउनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत(उपसचिव):- कुबेर पाण्डे

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल भाद्र १३ गते रोज १ शुभम् ।

**१६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७२-CR-०३०६, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रदीप राईसमेत*

प्रतिवादी ङिमा छिरिङ भन्ने टसी शेर्पालाई के कति सजाय हुनुपर्ने भन्नेतर्फ हेर्दा मिसिल संलग्न लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदन र प्रतिवादीको बयानसमेतका कागज प्रमाणबाट प्रतिवादी ङिमा छिरिङ भन्ने टसी शेर्पाले प्रहार गरेको धार भएको जोखिमी हतियार छुरा पेम्बा शेर्पालाई लाग्न गई सोही चोटका कारण निजको मृत्यु भएको देखिन आयो । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा "धार भएको वा नभएको जोखमी हतियार गैह्ले हानी, रोपी, घोची, ज्यान मारेमा जति जना भई हतियार छाडेको छ उति जना ज्यानमारा मर्छन् । सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था देखिन्छ । प्रतिवादीले मृतक पेम्बा शेर्पालाई धारिलो हतियार छुरा प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएकाले निजलाई जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको नमिलेकाले सो हदसम्म परिवर्तन गरी ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने देखिन आएन । तर हाल कायम रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व हुने गरी सजाय नगरिने भएकाले निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्न मिलेन । प्रतिवादी ङिमा छिरिङ भन्ने टसी शेर्पालाई जन्मकैदको सजाय हुनुपर्ने भए तापनि निज प्रतिवादी टसी शेर्पामा मृतक पेम्बा शेर्पाको ज्यान लिनेसम्मको पूर्वरिसइवी रहेको नदेखिएको, योजनाबद्ध ढङ्गले आक्रमण गरेको नभई विवाहमा उपस्थिति दुई पक्षबिच वादविवाद भई झैझगडा हुँदा आवेगमा आई तत्काल छुरा (खुकुरी) प्रहार गरेको देखिएको, प्रतिवादीले अदालतसमक्ष बयान गर्दासमेत घटनाको यथार्थ विवरण उल्लेख गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको देखिएको र प्रतिवादीको उमेर एवम् समग्र वारदात परिस्थितिसमेतलाई विचार गर्दा निज प्रतिवादी टसी शेर्पालाई ऐनबमोजिम ठहरेको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिँदा निजलाई १०(दश) वर्ष मात्र कैद सजाय तोकिएको ।

प्रतिवादीहरू रूपकाजी राई र प्रदिप राईलाई हुने सजायको सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. मा ***"अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्ने छ"*** भन्ने उल्लेख भएको देखिएको र यी प्रतिवादीहरू मृतकलाई कुटपिट गर्ने मतलबमा परी वारदातस्थलमा उपस्थित रहेकोसम्म पुष्टि हुन आएकाले निजहरूको कसुरमा संलग्नताको मात्रा र प्रकृति हेर्दा दुवै जना प्रतिवादीको संलग्नता समान प्रकृतिको देखिएको र समान प्रकृतिका कसुरदारलाई फरकफरक सजाय गर्न न्यायोचित नहुने एवम् वारदात प्रकृति हेर्दा निजहरूलाई न्यूनतम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने देखिन आयो । यस स्थितिमा प्रतिवादी रूपकाजी राईले मात्र यस अदालतमा पुनरावेदन गरेको भए तापनि मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०५ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा

१४४(२) बमोजिम तल्लो अदालतको फैसला फरक पर्ने देखिएमा पुनरावेदन नगर्ने समान अवस्थाका अर्का प्रतिवादीको हकमा समेत यस अदालतले विचार गर्न सक्ने नै देखिएकाले प्रतिवादी प्रदिप राईलाई २ वर्ष कैद र नाबालिग रहेका प्रतिवादी रूपकाजी राईलाई १ वर्ष कैद सजाय हुने गरी पुनरावेदन अदालत राजविराजले गरेको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू प्रदिप राई र रूपकाजी राईलाई जनही ६(छ) महिना कैद सजाय हुनुपर्ने देखियो। साथै प्रतिवादी रूपकाजी राईले आफू नाबालिग रहेको भनी अदालतमा बयान गरेको र सो पुष्टि गर्न अदालतमा पेस गरेको जन्मदर्ता प्रमाणपत्रमा निजको जन्म मिति २०५६।१।१५ उल्लेख भएको देखिएको र वारदात मितिमा निजको उमेर १४ वर्ष भन्दा माथि र १६ वर्षभन्दा कम रहेको देखिएकाले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ठहरेको सजायको आधा ३(तीन) महिना कैद सजाय हुने।

प्रतिवादीहरू किशोर राई, गणेश राई, पासाङ ग्याल्जेन शेर्पा र पेम्बा गेलु शेर्पाको सम्बन्धमा विचार गर्दा यी प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारी तथा अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । अन्य प्रतिवादीहरूले समेत यी प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको वा चोट हानेको भनी यकिनसाथ पोल गर्न सकेको देखिँदैन । अनुसन्धानको सिलसिलामा मौकामा घटना विवरण कागज गर्ने कुनै पनि व्यक्तिले निजहरूको वारदातमा संलग्नता छ भनी कागज गरी अदालतमा सोबमोजिम बकपत्र गरेको अवस्था पनि छैन । वादी प्रतिवादी पक्षका कुनैपनि साक्षीले वारदातमा यी प्रतिवादीहरूको समेत संलग्नता छ भनी लेखाउन सकेको पाइँदैन । अपितु यी प्रतिवादीहरूका साक्षीहरूले निजहरूको इन्कारी बयान पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिन्छ। फौजदारी मुद्दामा अभियुक्तउपरको अभियोग दाबी प्रमाणित गर्ने भार वादी पक्षको हो। प्रस्तुत मुद्दामा वादीले यी अभियुक्तहरूउपरको अभियोग प्रमाणित हुनसक्ने गरी कुनै वस्तुनिष्ठ प्रमाण पेस दाखिल गर्न नसकेको अवस्थामा केवल यी प्रतिवादीहरू विवाहको अवसरमा वारदात स्थलमा उपस्थितिसम्म भएको देखिएको तर मृतक र अन्य प्रतिवादीहरूबिच भएको वादविवादमा संलग्न भई मृतकलाई मार्ने, कुटपिट गर्ने, मतसल्लाहमा संलग्न भएको कुनै वस्तुनिष्ठ र तथ्यगत प्रमाण वादी पक्षबाट पेस दाखेल हुन नसकेकाले केबल शंकाको आधारमा मात्र निजहरूलाई कसुरदार कायम गर्नु न्यायको रोहमा उपयुक्त देखिएन । प्रतिवादीहरू किशोर राई, गणेश राई, पासाङ ग्याल्जेन शेर्पा र पेम्बा गेलु शेर्पाउपरको अभियोग दाबी स्थापित हुनसक्ने अवस्था नहुँदा निजहरूलाई सफाइ दिएको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब देखिँदा अन्यथा गरिरहनु नपर्ने।

प्रतिवादी डिमा छिरिङ भन्ने टसी शेर्पालाई सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०६९।२।२२ मा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरेकोमा पुनरावेदन अदालत राजविराजबाट निजलाई ऐ.१३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सुरू सदर गरेको फैसला मिलेकै देखिए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम निजलाई जन्मकैदको सजाय हुनेमा निज प्रतिवादी टसी शेर्पालाई ऐनबमोजिम ठहरेको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिँदा निजलाई १०(दश) वर्ष मात्र कैद सजाय हुने ठहर्छ । प्रतिवादीमध्येका रूपकाजी राई र प्रदीप राईलाई सुरू जिल्ला अदालतले अभियोग दाबीबाट सफाइ दिएकोमा पुनरावेदन अदालत राजविराजबाट सुरू फैसला उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम प्रतिवादी प्रदिप राईलाई २(दुई) वर्ष र प्रतिवादी रूपकाजी राईलाई १(एक) वर्ष कैद सजाय

ठहर गरेकोमा सजायको हदसम्म उक्त फैसला केही उल्टी भई निजहरूलाई ऐ.१७(३) नं. बमोजिम जनही ६(छ) महिना कैद सजाय हुने र प्रतिवादी रूपकाजी राई नाबालिग देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ठहरेको वयस्कलाई हुने सजायको आधा ३(तीन) महिना कैद सजाय हुने ठहर्छ। अन्य प्रतिवादीहरू पेम्बागेलु शेर्पा, पासाङ ग्याल्जेन शेर्पा, गणेश राई र किशोर राईलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।९।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- प्रकाश सुवेदी

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल असोज ७ गते रोज ५ शुभम्।

## इजलास नं. २

### १७

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७६-CR-०८८१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. वीरसिंह गुरूङ*

जाहेरवालाहरूले जाहेरी दरखास्तलाई समर्थन गर्ने गरी बकपत्र गरेको र कतार जाँदा आउँदाका टिकटलगायतका कागजातहरूसमेत पेस गरेको देखिन्छ।जाहेरवालाहरूलेपेसगरेकोउक्तकागजाततथा टिकटहरूबाट निजहरू कतारमा पुगेको देखिए तापनि यी प्रतिवादीहरूले नै निजहरूलाई वैदेशिक रोजगारको लागि कतार पठाएको तथ्य पुष्टि हुन सकेको देखिँदैन बरू जाहेरवाला भोलानाथ थापा NAKSHYETRA INTERNATIONAL MANPOWER PVT. LTD., जाहेरवाला भोजबहादुर गुरूङ APPOLO OVERSEALS SERVIES PVT.LTD. र अमोद गुरूङ BIRAT ASSOCIATES PVT.LTD. बाट श्रम स्वीकृति निकाली वैदेशिक रोजगारीमा गएको भन्ने मिसिल संलग्न रहेको वैदेशिक रोजगार विभागको सन् २०१७।१२।१२, २०१८।४।३ र २०१८।३।२२ को पूर्व स्वीकृति प्रदान गरिदिएका पत्रहरू र सो पत्रहरू साथ संलग्न करार सम्झौतालगायतका कागजातहरूबाट देखिन्छ । जाहेरवालाहरू उल्लिखित कम्पनीहरू मार्फत श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएको भन्ने कम्पनीको सञ्चालकहरू रमेश घिमिरे, प्रदिप कुँवर र छत्रबहादुर बस्नेतले हामीले नेपाल सरकारको मातहतमा रहेर नेपाल सरकारले तोकेको प्रक्रिया र मापदण्डभित्र रही निज जाहेरवालालाई विदेश पठाएको हो भनी अनुसन्धान अधिकृतसमक्ष गरेको कागजबाट समेत पुष्टि भएको देखिने।

मिसिल संलग्न कागजातहरूबाट जाहेरवाला भोलानाथ थापा NAKSHYETRA INTERNATIONAL MANPOWER PVT. LTD., जाहेरवाला भोजबहादुर गुरूङ APPOLO OVERSEALS SERVIES PVT.LTD. र अमोद गुरूङ BIRAT ASSOCIATES PVT.LTD. बाट वैदेशिक रोजगारमा कतार गएको भन्ने पुष्टि भएको तथा निज जाहेरवालाहरू उक्त देशमा गई फर्किआएपछि निज जाहेरवालाहरूलाई श्रम स्वीकृति निकाल्ने कार्यमा संलग्न उक्त तीनै वटा मेनपावर कम्पनीहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम क्षेत्राधिकार प्राप्त वैदेशिक रोजगार विभागले विभागीय कारबाही गरी जाहेरवालाहरूबाट बुझी लिएको रकम र हवाई टिकट खर्चसमेत सम्बन्धित मेनपावर कम्पनीबाट दिलाइ भराउने प्रयोजनार्थ कारबाहीको लागि टिप्पणी उठान भई निर्णयको लागि फायल महानिर्देशकसमक्ष पेस भएको भन्ने वैदेशिक रोजगार विभागको च.नं. १७८६ मिति २०७५।११।२७ को पत्रबाट देखिएको हुँदा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा पठाएका जाहेरवालाहरूको हकमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५५

को कारबाही अगाडिसमेत बढेको अवस्था देखिन्छ । यसबाट जाहेरवालाहरूलाई यी प्रतिवादीले वैदेशिक रोजगारको लागि कतारमा पठाएको नभई उक्त कम्पनीहरूमार्फत निजहरू वैदेशिक रोजगारको लागि कतार देशमा गएको पुष्टि हुन आउने ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ को अभियोग लगाउने वादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि विदेशी मुलुक कतारमा राम्रो काम पाइन्छ भनी यी प्रतिवादीले झुठो आश्वासन दिएको वा प्रलोभन दिएको र वैदेशिक रोजगारमा पठाउने उद्देश्यले रकम लिएको भन्ने आफ्नो दाबी प्रमाणित हुने कुनै ठोस सबुद प्रमाण पेस गर्न सकेको पाइँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादीले प्रतिवादीउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । अभियुक्तउपर आफ्नो दाबी ठोस र शंकारहित तवरले पुष्टि गर्ने भारसमेत वादीमा रहेकोमा प्रस्तुत मुद्दामा वादीले प्रतिवादी विरसिंह गुरूङउपरको आफ्नो दाबी प्रमाणित गर्न सकेको देखिएन । अन्य तथ्ययुक्त ठोस सबुद प्रमाणको अभावमा वादीको पुनरावेदन जिकिरअनुसार जाहेरवालाहरूको किटानी जाहेरी र प्रतिवादी बिरसिंह गुरूङले अनुसन्धान अधिकृतसमक्ष गरेको बयानको आधारमा मात्र यी प्रतिवादीलाई दोषी करार गरी सजायभागी बनाउन फौजदारी न्यायको सिद्धान्तले समेत मिल्ने नदेखिने ।

अत: यी प्रतिवादीले आरोपित कसुर गरेको भन्ने पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादी बिरसिंह गुरूङले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७५।१२।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : हर्क माया राई

इति संवत् २०७७ साल जेठ ७ गते रोज ४ शुभम् ।

## १८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७४-CR-०७१३, कर्तव्य ज्यान, हितेन्द्र कुमार मल्ल वि.नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा २७ ले जिकिर प्रमाणित गर्ने दायित्व प्रतिवादीउपर रहने भनी गरेको कानूनी व्यवस्थानुसार मृतक झुण्डिएकोले बचाउँदा मृतक सिथिल भइसकेको तथ्य प्रमाणित गर्ने दायित्व प्रतिवादीउपर नै रहेको छ । तर प्रतिवादीबाट त्यस्तो प्रमाण पेस भएको पाइँदैन । मृतकसँग शारीरिक सम्बन्ध भई मृतक गर्भवती भएको, महिलाहरूले मृतकलाई घर लैजान दबाब दिएको, मृतकलाई लिएर जङ्गलसम्म गएको र मृतकलाई ढुङ्गा भएको ठाउँमा खसालिदिएको जस्ता तथ्यहरूमा प्रतिवादीले अदालतसमेतमा साबिती रहेको तथा मृतकको शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण टाउकोमा आघात भएको भन्ने उल्लेख भएकोसमेतबाट प्रतिवादीको कर्तव्यबाट मृतक पदमा मल्लको मृत्यु हुन गएको तथ्य निर्विवाद रूपमा स्थापित हुन आएको छ । तसर्थ प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने भनी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालतबाट भएको फैसलामा कुनै त्रुटि देखिन नआउने ।

प्रतिवादी हितेन्द्रकुमार मल्लले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिमको कसुर गरेकोले निजलाई ऐ. ऐनको १३(३) नं. बमोजिम सर्वस्वहित जन्मकैद हुने ठहऱ्याई सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७३।०३।२० मा भएको फैसलालाई सदर गर्ने गरी मिति २०७४।०३।११ मा उच्च अदालत सुर्खेतबाट भएको फैसला मिलेकै देखिए तापनि मिति २०७५।०५।०१ देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम यो ऐन प्रारम्भ भएपछि सर्वस्व हुने गरी सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी हितेन्द्रकुमार मल्ललाई जन्मकैद

अर्थात् २०(बिस) वर्ष कैदको सजाय हुनेमा घटना हुँदा निजको उमेर १६ वर्षभन्दा माथि १८ वर्षभन्दा कम रहे भएको देखिँदा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ ले कसुर गर्दाको बखतभन्दा सजाय निर्धारण गर्दाको बखत कानूनमा घटी सजाय हुने रहेछ भने घटी सजाय गर्नुपर्ने व्यवस्था गरेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम निजलाई हुने जन्मकैद अर्थात् २०(बिस) वर्ष कैद सजायको दुई तिहाइ अर्थात् १३(तेह्र) वर्ष ४(चार) महिना कैद सजाय हुने।

इजलास अधिकृत : रामानन्दप्रसाद अधिकारी

कम्प्युटर : समी नेपाली

इति संवत् २०७६ साल फागुन ६ गते रोज ३ शुभम्।

## १९

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-११७३, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि.दिपक कटुवाल*

जाहेरवालाहरू दशरथ सुवेदी र रामकुमार पाण्डेले हामी जाहेरवालाहरू वैदेशिक रोजगारमा जाने मनस्थिति बनाई बसेको अवस्थामा मिना थापासँग चिनजान भएको र निज मिना थापाले निजको भाइ दिपक कटुवालसँग मिली वैदेशिक रोजगारमा पठाउने काम गर्दछु, अफगानिस्तानमा Waiter को काम छ, मासिक तलब ८०० US डलर हुन्छ भनी विश्वासमा पारी विदेश जानको लागि मिति २०७३।६।२१ सम्म पटक पटक गरी रू.६, ३४, ०००।- दुवैजनाको हकमा दशरथ सुवेदीको नामबाट IME गरी दिपक कटुवालको नाममा पठाएको र पासपोर्टलगायतको डकुमेन्टहरू मिना थापालाई बुझाएकोमा विदेश पनि नपठाएको र रकम पनि फिर्ता नदिएको साथै सम्पर्कविहिन भई ठगी गरी भागेको भन्ने बेहोराको जाहेरी दरखास्त दिएको पाइन्छ। यस जाहेरी दरखास्तबाट जाहेरवालाहरू र मिना थापाबिच अफगानिस्तानमा वैदेशिक रोजगारको लागि जान पठाउन कुरा भएको, वैदेशिक रोजगारका लागि अफगानिस्तान वेटर काममा पठाइदिने भनी आश्वासन मिना थापाले नै दिएको र पासपोर्टलगायतको डकुमेन्ट निज मिना थापालाई बुझाएको तथा निजले भनेअनुसार नै IME गरेर दिपक कटुवालको नाममा रकम पठाएको भन्ने देखिन्छ । जाहेरवालाहरूले आफ्नो दरखास्तमा नै यी प्रतिवादी दिपक कटुवालले पनि आफूहरूलाई वैदेशिक रोजगारका लागि अफगानिस्तानमा पठाइदिन्छु भनी झुट्ठा आश्वासन दिएको र वैदेशिक रोजगारमा जाने पठाउने कार्यका लागि निजसँग भेटघाट, कुराकानी भएको भनी भन्न सकेको पाइँदैन। जाहेरी दरखास्तसाथ यी प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि अफगानिस्तान पठाइदिन्छु भनेर रकम लिएको पुष्टि हुने कुनै लिखत पेस गर्न सकेको देखिँदैन । जाहेरी दरखास्त साथ पेस गरिएको IME को रसिदबाट सो रसिदमा उल्लिखित रकमसम्म निजहरूले प्रतिवादीको नाममा पठाएको देखिए तापनि निजहरूले सो रकम वैदेशिक रोजगारको लागि अफगानिस्तान जानको लागि नै यी प्रतिवादीको नाममा पठाएको भन्ने पुष्टि हुन सकेको नदेखिने।

जाहेरवाला रामकुमार पाण्डे र दशरथ सुवेदीले अदालतसमक्ष बकपत्र गर्दा मिना थापाले दिपक कटुवालको नाममा रकम पठाइदिए हुन्छ भनेकोले निजकै निर्देशनबमोजिम वैदेशिक रोजगारमा अफगानिस्तानमा जानको लागि रू.६, ३४, ०००।- (छ लाख चौंतिस हजार रूपियाँ) प्रतिवादी दिपक कटुवालको नाममा IME गरेर पठाएको हो । पासपोर्ट र मेडिकल रिपोर्टसमेत मिना थापालाई नै बुझाएको हो भनी जाहेरी दरखास्तको बेहोरालाई समर्थन हुने गरी किटानीसाथ बकपत्र गरिदिएका छन् । यसरी जाहेरी दरखास्त तथा जाहेरवालाहरूको बकपत्रबाट निजहरू र मिना थापा भन्ने व्यक्तिबिच वैदेशिक रोजगारको लागि अफगानिस्तानमा जाने/पठाउने भन्ने कुरा

भएको, निज मिना थापाले नै यी प्रतिवादीको नाममा IME गरी प्रतिवादी दिपक कटुवालको नाउँमा रकम पठाइदेउ भनेकोले मात्र निजहरूले प्रतिवादी दिपक कटुवालको नाममा रकम पठाएको भन्ने देखिएको छ। वैदेशिक रोजगारमा जाने प्रयोजनार्थ आफ्नो पासपोर्ट र मेडिकल रिपोर्टसमेत निजहरूले मिना थापालाई बुझाएको देखियो। निजहरूले बकपत्र गर्दा यी प्रतिवादी दिपक कटुवालले पनि आफूहरूलाई वैदेशिक रोजगार पठाइदिन्छु भनी प्रलोभन देखाएको वा झुट्टा आश्वासन दिई रकम लिएको भनी भन्न सकेका छैनन् भने यी प्रतिवादी आफूहरूलाई वैदेशिक रोजगारमा पठाउने कार्यमा यो, यसरी संलग्न रहेको भनी भन्न सकेको पाइँदैन । जाहेरवालाहरूको बकपत्रबाट प्रतिवादीको इन्कारी बयानलाई पुष्टि गरेको देखियो भने प्रतिवादीको साक्षी भुपेन्द्र सिलवालले पनि प्रतिवादीको जिकिर पुष्टि हुने गरी बकपत्र गरेको पाइने।

प्रतिवादी दिपक कटुवालले मिना थापासँग मिलेमतो गरी वैदेशिक रोजगारको लागि जाहेरवालालाई अफगानिस्तान पठाउँछु भनी रकम लिई रोजगारमा पनि नपठाएको र रकमसमेत फिर्ता नदिई वैदेशिक रोजगार ऐनको दफा १० र ४३ को कसुर गऱ्यो भनी अभियोग लगाउने वादीले मिना थापा तत्काल फरार रहेको र निजको वास्तविक वतन जाहेरवालाहरूले खुलाउन नसकेको हुँदा खुलिआएका बखत पूरक अभियोजन पेस गरिने बेहोरा अभियोगपत्रमा उल्लेख गरेपनि निज मिना थापाउपर थप अनुसन्धान गरेको र मुद्दा चलाएकोसमेत नदेखिने।

ऐ. ऐनको दफा ४३ को अभियोग लगाउने वादीले जाहेरवालालाई वैदेशिक रोजगारका लागि अफगानिस्तान पठाइदिन भनी यी प्रतिवादीले झुट्टो आश्वासन दिएको वा प्रलोभन दिएको र वैदेशिक रोजगारमा पठाउने उद्देश्यले रकम लिएको भन्ने आफ्नो दाबी प्रमाणित हुने कुनै ठोस सबुद प्रमाण पेस गर्न सकेको पाइँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादीले प्रतिवादीउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन। अपितु आफ्नो दाबी ठोस र शंकारहित तवरले पुष्टि गर्ने भारसमेत वादीमा रहेकोमा प्रस्तुत मुद्दामा वादीले यी प्रतिवादी दिपक कटुवालउपरको आफ्नो दाबी प्रमाणित गर्न सकेको देखिएन। तथ्ययुक्त ठोस सबुद प्रमाणको अभावमा वादीको पुनरावेदन जिकिरअनुसार जाहेरवालाहरूले यी प्रतिवादी दिपक कटुवालको नाममा IME गरी रू.६, ३४, ०००।- (छ लाख चौंतिस हजार रुपियाँ) पठाएको देखिएको भन्ने आधारमा मात्र दोषी करार गरी सजायभागी बनाउन फौजदारी न्यायको सिद्धान्तले समेत मिल्ने नदेखिने।

अत: प्रतिवादीउपरको अभियोग दाबी प्रमाणित हुन नसकी निज निर्दोष देखिन आएकोले यी प्रतिवादी दिपक कटुवाललाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०१।०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७७ साल जेठ १४ गते रोज ४ शुभम्।**

**२०**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७५-CR-१४०४, कर्तव्य ज्यान, नेपाल सरकार वि. नौराज साउद*

प्रतिवादी र मृतक श्रीमान् श्रीमती भएको, वारदातको दिनमा मृतक र प्रतिवादी एकै घर कोठामा सँगै सुतेको अवस्थामा निजहरूबिच सामान्य झगडा हुँदा मृतक लड्न गई ठोकिई टाउकोमा चोट लागेको र सोही चोटको कारण उपचारको क्रममा मृत्यु भएको देखिन्छ। मिसिलबाट मृतक र प्रतिवादीको ज्यान लिनुपर्ने कारण रिसइवी देखिँदैन भने मार्ने नियतबाट कुटपिट गरेको भन्ने पनि देखिँदैन । वारदातमा कुनै घातक हतियार

प्रयोग भएको पनि देखिँदैन । चोट लागेपश्चात् बेहोस भएकी श्रीमतीलाई प्रतिवादी स्वयम्ले अस्पताल लगी उपचार गराएको समेत अवस्था छ । यसरी राति सँगै सुतेको मृतक र प्रतिवादीबिच झगडा हुँदा मृतक नरपता भुइँमा लडी टाउकोमा चोट लागी प्रतिवादीको योजना, मनसाय र परिकल्पनाभन्दा बाहिरको भई आकस्मात उक्त घटना घट्न गएको हुँदा प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम भवितव्यको वारदात देखिन आयो । यस अवस्थामा उच्च अदालत दिपायलबाट प्रतिवादी नवराज भन्ने नौराज साउदलाई ज्यानसम्बन्धी महलको ५ नं. को कसुर अपराधमा सोही महलको ६ नं. को देहाय ४ बमोजिम २(दुई) वर्ष कैद र रू.५००।- (पाँच सय रूपियाँ) जरिवाना हुने गरी भएको फैसला मिलेको देखिन आउने ।

अभियोग दाबी अर्थात् मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम नै प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा **"लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ ।"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त १३(३) नं. आकर्षित हुनको लागि अनिवार्य रूपमा ज्यान मार्ने मनसाय तत्त्वको विद्यमानता हुनुपर्दछ । ज्यान मार्ने मनसायले कसैले ऐ. १३(३) नं. मा उल्लिखित कार्य गरी कसैको ज्यान मर्न गएमा यो नम्बर आकर्षित हुन्छ । तर प्रस्तुत मुद्दामा प्रतिवादीले आफ्नो श्रीमती नरपता साउदलाई ज्यान मार्ने नियतले कुटपिट गरेको हो भनी मनसाय तत्व प्रमाणित गर्न सकेको छैन । प्रतिवादी र मृतकबिच ज्यानै मार्नुपर्नेसम्मको कारण र रिसइवी केही नदेखिएको र वारदातमा घातक हातहतियारको प्रयोग भएको पनि नदेखिनुका साथै प्रतिवादीले मौकामा बयान गर्दा श्रीमती नरपता साउदसँग मिति २०७४।३।७ मा झगडा हुँदा मैले कुनै हतियार प्रयोग गरी कुटपिट गरेको छैन भनी लेखाएको देखिन्छ । निज प्रतिवादी स्वयम्ले बेहोस भएकी श्रीमतीलाई अस्पताल लगी उपचारसमेत गराएको र सोही उपचारको क्रममा मृतकको मृत्यु भएको देखिन्छ । प्रतिवादीको मृतकलाई मार्ने मनसाय नै रहेको कुरा वादी पक्षले वस्तुनिष्ठ प्रमाणहरूबाट प्रमाणित गर्न सकेको नदेखिँदा वादीको अभियोग दाबी र पुनरावेदन जिकिरअनुसार प्रस्तुत मुद्दामा ज्यानसम्बन्धी महलको १३(३) नं. आकृष्ट हुने देखिन नआउने ।

तसर्थ, प्रतिवादी नवराज भन्ने नौराज साउदले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम भवितव्यको कसुर अपराध गरेको देखिँदा सुरू कैलाली जिल्ला अदालतबाट ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. को कसुर कायम गरी प्रतिवादी नौराज साउदलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको मिति २०७४।८।२६ को फैसला सो हदसम्म बदर गरी ज्यानसम्बन्धी महलको ५ नं. को कसुर अपराधमा सोही महलको ६ नं. को देहाय ४ बमोजिम २ वर्ष कैद र रू.५००।- (पाँच सय रूपियाँ) जरिवाना हुने ठहऱ्याई उच्च अदालत दिपायलबाट मिति २०७५।३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन

जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : समी नेपाली

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्।

**२१**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** *२०७५-CR-११२७, कर्तव्य ज्यान, नेपाल सरकार वि. कुमारी पाख्रिन (अधिकारी) समेत*

नवजात मृतक शिशुलाई खाल्डोबाट सुरक्षितसाथ झिकी बाहिर राखी पानीले माटो पखाली ओल्ट्याई पल्ट्याई गरी हेर्दा उक्त नवजात पुरूष शिशुको लास नाङ्गो अवस्थामा रहेको, सो लासदेखि १० मिटर पश्चिम माथिल्लो पाटामा साल जस्तो मासुको टुक्रा रहेको भन्ने बेहोराको घटनास्थल एवम् लास जाँच प्रकृति मुचुल्का रहेको र उक्त नवजात शिशुको कसले जन्माई फालिएको रहेछ भनी पत्ता लगाई खोजतलास गर्ने गराउने सिलसिलामा जिल्ला बारा, निजगढ नगरपालिका वडा नं. २ बस्ने मंगललाल पाख्रिनको छोरी अन्दाजी वर्ष १६ की कुनसाङ पाख्रिनले जन्माई मारी फालेको खुल्न आएको भन्ने प्रहरी प्रतिवेदन रहेको देखिन्छ। प्रतिवादी कुनसाङ पाख्रिनले अदालतसमक्ष बयान गर्दा म गर्भवती भएको कुरा कसैलाई भनेको थिएन। म मिति २०७२।१२।१६ मा दिदी कुमारी पाख्रिन (अधिकारी)को घरमा गएको अवस्थामा राति अन्दाजी १२ बजेको समयमा पेट दुखी बाहिर बारीको कान्लामा बस्दा नवजात शिशु जन्मिएकाले सो बच्चालाई बाहिर निकाल्न खोल्दा नाइटो चुँडियो। बच्चा जिउँदै जन्मिएकोमा नाइटो चुडिएपछि उक्त बच्चा मरेको हो। मैले बच्चा मरेपछि बारीको कान्लामुनि पुरी कुमारी पाख्रिन (अधिकारी)को घरमा फर्की आएको हुँ। यसबारे दिदी र दाई छेइकु पाख्रिनलाई भनेको थिइन भनी बयान गरेको अवस्था छ। अधिकारप्राप्त अधिकारीसमक्ष भने आफैँले नाइटो तानेको हो भनी बयान गरेको देखिन्छ। यी प्रतिवादीले आफ्नो दाजुको गर्भधारण गरी बच्चा जन्माई खाल्डो खनी पुरेको कुरा स्वीकार गरेको अवस्था देखिन्छ। मिसिल संलग्न प्रमाणबाट अविवाहित प्रतिवादीले आफ्नो गर्भबाट जन्मेको बच्चा आफू लोकलाजबाट बच्न मारेको भए पनि मरेको बच्चा जन्मेको भन्ने वस्तुनिष्ठ आधार नदेखिएको अवस्थामा जिउँदो बच्चा जन्मेपछि नाइटो चुँडाई मारेको र खाल्डोमा पुरेको पुष्टि भएकाले प्रतिवादी कुनसाङ पाख्रिनलाई अभियोग दाबीबमोजिम कसुर ठहर गरेको सुरू फैसला सदर गरेको उच्च अदालतको फैसला अन्यथा देखिन नआउने।

प्रतिवादी कुनसाङ पाख्रिनलाई गर्भधारण गराउने भनिएका प्रतिवादी कुशे भन्ने छेइकु पाख्रिनले प्रतिवादी कुनसाङ पाख्रिनले गर्भधारण गरेको कुरा सुनाउँदा फ्याँकी दे भनी भनेको भनी मौकामा बयान गरे पनि प्रतिवादी कुनसाङ पाख्रिनले अदालतमा बयान गर्दा यी प्रतिवादी कुशे भन्ने छेइकु पाख्रिनलाई कुनै पोल गरेको देखिँदैन। निजले म गर्भवती भएको कुरा दाजु छेइकु पाख्रिनलाई भनेको थिइन भनी बयान गरेको पाइन्छ। प्रतिवादी छेइकुसमेत अदालतमा मैले गर्भ फ्याँकिदिनु भनी भनेको र बच्चा मार्न कुनै बचन दिएको छैन भनी कसुरमा इन्कार रहेको देखिन्छ। वारदातको समय र स्थानमा यी प्रतिवादीको उपस्थिति रहेको मिसिलबाट खुलेको छैन। वादी पक्षका साक्षीले पनि यी प्रतिवादीको कसुरमा संलग्नता रहेको तथ्य खुलाएको पाइँदैन। कर्तव्य ज्यान जस्तो जघन्य कसुरमा शंकाकै भरमा यी प्रतिवादी छेइकु पाख्रिनलाई कसुरदार ठहर गर्न न्यायोचित नदेखिने।

कसुर ठहर भएकी प्रतिवादी कुनसाङ पाख्रिनको हकमा निजलाई के कति सजाय हुनुपर्ने हो भन्ने सम्बन्धमा हेर्दा, अदालतले दोषी ठहर गरेपछि पनि अभियुक्तले कस्तो अवस्था र परिस्थितिमा कुन प्रकृति वा परिबन्धबाट किन अपराध गर्न पुगेको हो, अभियुक्तलाई के कति सजाय गर्दा पीडित परिवार र

समाजमा के कस्तो असर पर्दछ भन्नेतर्फ पनि ध्यान दिनुपर्दछ । साबिक मुलुकी ऐन, अ.बं. १८८ को कानूनी व्यवस्थाको अभिप्राय पनि त्यही नै देखिन्छ । कानूनले न्यायाधीशलाई सजाय निर्धारणका सम्बन्धमा दिएको स्वविवेकीय अधिकारको प्रयोग आत्मगत नभई वस्तुगत आधारमा गरिनुपर्छ भन्ने सम्बन्धमा विभिन्न मुद्दामा सर्वोच्च अदालतबाट सिद्धान्तहरू प्रतिपादन भएको पनि पाइन्छ । साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. को प्रयोगको सम्बन्धमा हाम्रो न्यायिक अभ्यासलाई हेर्दा अपराध गर्दा इवी इदावत, पूर्व योजना छ वा छैन, क्रूरता र यातनापूर्वक हत्या भएको छ वा छैन, अपराधको प्रकृति, मात्रा र अपराध गर्दाको परिस्थिति, अपराध गर्ने व्यक्तिको उमेर, शारीरिक, मानसिक अवस्था, पीडित पक्षको राय र भावना, पीडित पक्षका साथै समाजलाई पर्न गएको हानी, अपराधीको विगतको प्रकृति, पश्चातापको भाव, कसैको बहकावमा अपराध गरे नगरेको आदि विषयलाई विचार गरेर मात्र सजाय कम गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्नुपर्ने भनी सिद्धान्तहरू प्रतिपादन भएको पाइन्छ । त्यस्तो अवस्थामध्ये शिशु हत्या (Infanticide) पनि एक अवस्था हो । जसले जातक जन्माएको छ उसैले अपराध गर्नुपर्ने परिस्थितिका बारेमा विवेक प्रयोग गरी सजाय कम गर्ने अभ्यास यसअन्तर्गत पर्ने ।

प्रस्तुत मुद्दामा प्रतिवादी कुनसाङ पाख्रिन अविवाहित रहेको र दाजु बहिनीको नाता, सम्बन्धबिच भएको शारीरिक सम्बन्धबाट निज मानसिक तनावमा रहेको, शैक्षिक र सामाजिक अवस्थाबाट अपराधको परिणाम बुझ्न सक्ने चेतनाको अभावसमेतको परिवेशमा अपराध हुन गएको देखिँदा ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने भई अ.वं १८८ नं. बमोजिम ३ वर्ष मात्र कैद सजाय गर्न मनासिब देखी व्यक्त गरेको रायसमेत मनासिब नै देखिँदा उक्त रायसहित साधक सदर हुने ।

मुलुकी अपराध संहिता जारी भएपछि सर्वस्वको प्रावधान हटेको हुँदा प्रतिवादी कुनसाङ पाख्रिनलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गरी अ.बं. १८८ नं. बमोजिम ३(तीन) वर्ष मात्र कैद सजाय गर्ने राय व्यक्त भएको फैसला र अन्य प्रतिवादी कुमारी पाख्रिन (अधिकारी) तथा कुशे भन्ने छेइकु पाख्रिनलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू फैसला सदर गरेको उच्च अदालत पाटन, हेटौँडा इजलासको मिति २०७५।५।१२ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत:- ढाकाराम पौडेल/मञ्जु शर्मा

कम्प्युटर :- मन्दिरा रानाभाट

**इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्**

## २२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CR-१७८१, कर्तव्य ज्यान, नेपाल सरकार वि. भक्तबहादुर बस्नेतसमेत*

जाहेरवाली मनी सार्कीले बकपत्र गर्दा पछि सूचना बस्नेतलाई घटनाको बारेमा थाहा छ भनी सुनी म सूचना बस्नेतको घरमा गएको हुँ । सूचना बस्नेतले मेरा श्रीमान् खुमे सार्कीलाई राति अं. ८:०० बजेको समयमा प्रतिवादीहरू भक्तबहादुर बस्नेत र बसन्त जि.सी.ले कुटपिट गर्दै स्याउलीघारीतिर लग्दै गरेको देखेको कुरा मलाई भनेपछि मेरो श्रीमानलाई अरू कसैले नभई यीनै प्रतिवादीहरूले मारेको हो, निजहरूलाई कानूनबमोजिम सजाय हुनुपर्छ, पति घरबाट निस्किएको २५ गते हो, लास भेटिएको १५/१६ दिनपछि सूचना बस्नेतको घरमा गई जानकारी पाएकी हुँ, मृतक पति हल्का मादक पदार्थ सेवन गर्थे, प्रतिवादीहरूसँग पहिले चिनजान थिएन भन्नेसमेत उल्लेख गरेको देखिन्छ । घटना विवरण कागज गर्ने सुमित्रा सुनारले अदालतमा बकपत्र गर्दा खुमे सार्कीलाई प्रतिवादीहरूले कुटपिट गर्दै लगेको कुरा सूचना बस्नेतले भनेकोले हल्ला भई मैले पनि सो

कुरा गाउँघरमा गरेको हुँ । मृतक मादक पदार्थ सेवन गर्दथे, असार ३० गते दिउँसो २/२:३० बजे सूचना बस्नेतले गरेको कुरा मैले जाहेरवाला, जाहेरवालाको ससुराको सामुन्ने भनी सुनेको हुँ भनी लेखाएको पाइन्छ । यसैगरी घटना विवरण कागज गर्ने मृतकका बुबा मिने सार्कीले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा मृतकलाई मार्नमा यी दुई प्रतिवादीहरूको संलग्नता छ भनी प्रतिवादीहरूकै मान्छेबाट थाहा पाएको हुँ । मारेको मैले देखिनँ, अरूले भनेको हुँदा शंका लागी भनेको हुँ, सूचना बस्नेतसँग मेरो भेटघाट भएको छैन, अरूले भनेको भरमा लेखाएको हुँ भनी उल्लेख गरेको पाइन्छ भने पुतला सामतले मौकाको कागजको बेहोरा विपरीत उक्त दिनमा सूचना बस्नेतसँग भेट पनि भएको होइन । मलाई निजले उक्त कुरा सुनाएको पनि होइन भन्ने उल्लेख गरी लेखाएको पाइन्छ । प्रतिवादी भक्तबहादुर बस्नेतको साक्षी एकबहादुर बस्नेतले मृतक धेरै रक्सी खाने भएकोले नामै कस्तुरी भनी चिनिने र प्रतिवादी निर्दोष रहेको भनी प्रतिवादीको बयानलाई समर्थन गरी बकपत्र गरेको देखिनुका साथै प्रतिवादी बसन्त जि.सी.को साक्षी उजेल भट्टराईले प्रतिवादी निर्दोष रहेको भनी प्रतिवादीको इन्कारी बयानलाई समर्थन गरी बकपत्र गरेको देखिने ।

जाहेरवालासमेतका वादी पक्षको मौकाको कागज र अदालतसमक्षको बकपत्र, सूचना बस्नेतको मौकाको भनाइलाई टेकेर व्यक्त गरेको कथन स्वयम् सूचना बस्नेतले मौकाको कथनको प्रतिकूल हुने गरी अदालतसमक्ष बकपत्र गरेको स्थितिमा सूचना बस्नेतको मौकाको भनाइलाई टेकेर गरिएको मौकाको कागज र अदालतसमक्षको बकपत्र अन्य वस्तुनिष्ठ स्वतन्त्र प्रमाणहरूले समर्थन नगरेको अवस्थामा सो कथनहरूको विश्वसनीयता देखिन नआएकोले प्रतिवादीहरूउपर लगाइएको अभियोग दाबी पुष्टि हुन सकेको नदेखिने ।

मृतकको Viscera sample test Negative आएको देखिँदा मृतकको मृत्यु विष सेवनको कारणले भएको देखिँदैन । घटनास्थलको प्रकृति हेर्दा, घटनास्थल वरपर कुनै पनि संङ्घर्षको चिह्न देखिन आएको छैन, मृतकको शरीरमा एवम् प्रतिवादी भक्तबहादुरसमेतको शरीरमा पुराना तथा नयाँ घाउ चोट रहेकोसमेत देखिँदैन । मृतकले लगाएको छालाको जुत्तासहित शव फेला परेको अवस्था छ, निजले लगाएका कपडा च्यातिएको, टाँक चुँडिएको वा कपडा उध्रिएको देखिँदैन । मृतकलाई निजको इच्छा विपरीत दहमा लग्दा कि बल प्रयोग गरी घिसारेर लग्नुपर्ने हुन्छ कि त अन्य कुनै साधनको प्रयोग गर्नुपर्ने हुन्छ तर मृतकलाई मार्नुपर्नेसम्मको कारण वा रिसइवी कोही कसैसँग देखिँदैन । दुवै प्रतिवादीहरू मौकामा र अदालत दुवैतर्फ कसुरमा पूर्णतः इन्कार देखिन्छन् । यी प्रतिवादीहरूले नै कर्तव्य गरी मारेको भनी मिसिलमा कुनै स्वतन्त्र प्रमाण रहेको नदेखिँदा प्रतिवादीहरूउपर अर्काले भनेको सुनेको भन्ने आधारमा शंकासम्म व्यक्त गरिदिएको जाहेरी र सोही जाहेरीको आधारमा लगाइएको अभियोगबमोजिम आरोपित प्रतिवादीहरूको के कुन कार्य वा संलग्नताबाट यी मृतकको मृत्यु हुन गएको हो भन्ने विश्वसनीय, शंकारहित एवम् अकाट्य प्रमाण वादी पक्षबाट पेस भएको नदेखिने ।

**"फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ ।"** मिसिल संलग्न प्रमाणहरूबाट शंकारहित तवरबाट कसुरदार हो भन्ने पुष्टि नभएसम्म अभियुक्तलाई कसुरदार ठहर गर्न मिल्दैन । विश्वासिलो एवम् भरपर्दो खम्बिर प्रमाण पेस गरी आफ्नो अभियोग दाबीलाई प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीहरू भक्तबहादुर बस्नेत र बसन्त जि.सी.ले नै मृतक खुमे सार्कीलाई कर्तव्य गरी मारेको भन्ने तथ्य स्वतन्त्र प्रमाणहरूद्वारा स्थापित हुन आएको नदेखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, मृतक खुमे सार्कीको मृत्यु शव

परीक्षण गरी प्रतिवेदन दिने चिकित्सकले मृत्युको कारण पानीमा डुबेर भएको Drowning भनी बकपत्र गरी पुष्टि गरेकोसमेत देखिन आएकोले प्रतिवादीहरू विरूद्धको अभियोग दाबी पुष्टि हुने वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीहरू भक्तबहादुर बस्नेत र बसन्त जि.सी.लाई अभियोग दाबीबाट सफाइ हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुरको मिति २०७६।९।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

कम्प्युटर : समी नेपाली

इति संवत् २०७७ साल मङ्सिर ३ गते रोज ४ शुभम्।

**२३**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६८-CI-१२४६, अपुताली हक कायम गरी सम्पत्ति दिलाई चलन चलाइ दा.खा. नामसारी, रामगोपाल तमोलीसमेत वि. रामनिवास तमोलीसमेत*

कलावतीको मृत्युपश्चात् सर्वदेवप्रसादले पुनरावेदन अदालत नेपालगन्जमा मुद्दा सकार गर्न गएकोमा सो अदालतबाट यी निवेदकलाई सो बकसपत्र पाएको सम्पत्तिको हकमासम्म मुद्दा सकार गराएकोमा चित्त बुझाइ बसेको र सो शेषपछिको बकसपत्रको लिखतले पाउनेबाहेक अरू बाँकी सम्पत्ति यो यो कानूनी आधार र प्रमाणले पाउनुपर्छ भनी भन्न नसकेपछि निजले आफूले प्राप्त गरेको सम्पत्तिको हदसम्म सीमित रहनुपर्ने हुँदा कपिलवस्तु, तौलिहवा नगरपालिकाको बिटौरी नं.१७४ को ०-०-४ र सोमा बनेको घर बाहेकको सम्पत्तिमा निजले कानूनत: दाबी गर्न सक्ने अवस्था नदेखिएबाट निजको पुनरावेदन खारेज हुने र अंशियारमध्येकी कलावती देवीको मुद्दा चल्दाचल्दैको अवस्थामा मिति २०६०।२।१९ मा मृत्यु भएको हुँदा निजको मृत्युपछि अब बाँकी अंशियारहरू यी पुनरावेदक वादीहरूबाहेक अन्य अंशियारहरू रहे भएको नदेखिँदा बाँकी २ अंशियार मात्र कायम हुने निर्णय गर्नुपर्नेमा मरिसकेको अंशियारको हकसमेत कायम हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा केही उल्टी हुने ठहरी फैसला भएको । अंश मुद्दामा यस सर्वोच्च अदालतबाट मर्ने कलावतीबाट प्रस्तुत मुद्दाका पुनरावेदक वादी सर्वदेव ओझाले शेषपछिको बकसपत्र पाएको बिटौरी नं.१७१ को ०-०-४ जग्गा र सो जग्गामा बनेको घरसम्म निज सर्वदेव ओझाको हक हुने र तायदातीमा उल्लिखित अन्य सम्पत्तिमा बाँकी २ अंशियारहरू अर्थात् प्रस्तुत मुद्दाका प्रतिवादीहरू भरतप्रसाद तमोली र रामनिवास तमोलीको मात्र अंश हक कायम हुने गरी फैसला भएबाट मर्ने कलावतीदेवीको हक स्वामित्वमा कुनै सम्पत्ति नै रहेको देखिन आएन । अपुताली हक भनेको मर्नेको हक स्वामित्व कायम भइसकेको सम्पत्तिमा निजको मृत्युपछि अपुतालीको कानूनअनुसार अरू व्यक्तिमा हक स्वामित्व सर्ने प्रक्रिया भएकोले प्रस्तुत मुद्दामा मर्ने कलावतीदेवीको स्वामित्व कायम भएको सम्पत्ति रहे भएको उक्त अंश मुद्दाको फैसलाबाट देखिन नआएकोले कसैलाई पनि मर्ने कलावतीको अपुताली पर्ने अवस्था नै नरहने।

तत्कालीन अपुतालीको महलको ११ नं. अनुसार मर्ने कलावतीदेवीको चलमा सबै र अचलमा आधा अपुताली हक कायम गरिपाउँ भन्ने र अंश मुद्दाको फैसलाबाट विपक्षीले पाएको सम्पत्तिमध्ये स्व. कलावतीको अंश भागको ३ भागको १ भाग सम्पत्तिमा हाम्रो अपुताली हक कायम गरिपाउँ भन्ने वादीहरूको पुनरावेदन जिकिर मनासिब देखिएन भने यस मुद्दाका प्रतिवादीहरू र निजको अंशियार कलावतीदेवीबिच चलेको अंश मुद्दामा साधिकार निकाय यस सर्वोच्च अदालतबाट कानूनबमोजिम फैसला भई अन्तिम रूपमा रहेको उक्त अंश मुद्दाको फैसलालाई प्रस्तुत मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने वादीहरूको पुनरावेदन जिकिरसमेत कानूनसङ्गत नदेखिने।

अत: पुनरावेदन अदालत नेपालगन्जले यस सर्वोच्च अदालतबाट फैसला भई अन्तिम भएर रहेको अंश मुद्दामा भएको फैसलासमेतको आधारमा सुरू बाँके जिल्ला अदालतबाट वादी दाबी पुग्ने ठहऱ्याएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको मिति २०६८।१।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : हर्क माया राई

इति संवत् २०७६ साल माघ २२ गते रोज ४ शुभम्

## इजलास नं.३

### २४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०६८-CI-०८५१, निर्णय बदर, कित्ताकाट हक कायम दर्ता, राजेन्द्र महर्जन वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत*

मिति २०६८।५।१८ मा उच्च अदालत पाटनबाट भएको नापनक्सा मुचुल्का र सर्भे नापीको नक्सा भिडाइ हेर्दा उक्त नक्सा मुचुल्कामा विवादित जनिएको न.नं.४ को जग्गा सर्भे नक्सा कि.नं.७ को सरकारी जग्गा देखिन्छ । पुनरावेदक वादीले उक्त नक्सा मुचुल्काको न.नं.५ को जग्गा कि.नं.१०३६ को जग्गा हो जसको क्षेत्रफल ६०४.२० व.मि. हुनुपर्नेमा सो नभई ००१९०.७४ व.मि. कम अर्थात् नपुग रहेको हुँदा सो जग्गा हालको नाप जाँच गर्दा कि.नं.७ को सरकारी जग्गामा परेको भन्ने दाबी लिएको देखिन्छ । सर्भे नक्सा कि.नं.१०३६ हाल कि.नं.४३२ को न.नं.५ को जग्गा र सोको दक्षिणमा रहेको कि.नं.९१ को न.नं.८ को हाल कि.नं.९ को जग्गा आकृतिसँग साबिक कि.नं.६७, ९१ र १०३६ को आकृति हेर्दा खासै भिन्नता रहेको पाइँदैन । साबिक कि.नं.१०३६ को पश्चिमतर्फको अन्तिम सीमा कि.नं.९१ सँग जोडिएको देखिन्छ । न.नं.४ को विवादित जग्गा र कि.नं.४३२ मा विवाद देखाइएको ७(क) को जग्गाको सीमा हालको कि.नं.९ र साबिक कि.नं.९१ को जग्गाको पश्चिम सीमासँग नजोडिई धेरै पश्चिमतर्फ गएकोबाट नक्साको आकृतिबाट पनि न.नं.४ को विवादित जग्गा वादीको कि.नं.४३२ को जग्गा घुसेको मान्न सकिने नदेखिने ।

पुनरावेदक वादीले दाबी लिएको जग्गा र सरकारी जग्गाको क्षेत्रफलतर्फ हेर्दा, साबिक कि.नं.६७ मा नेपाल सरकारको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल ज.रो. ८-६-२-० रहेको भन्ने नापी कार्यालय, डिल्लीबजारले काठमाडौं जिल्ला अदालतलाई लेखेको मिति २०६७।३।२ गतेको पत्रबाट देखिन्छ । हालको कि.नं.७ मा क्षेत्रफल ६-१५-३-२ मात्र जग्गा भई जग्गा कम रहेको पाइएको र उक्त कि.नं.७ को क्षेत्रफल ६-१५-३-२ बाट विवादित न.नं. ४ को १९०.४० वर्ग मिटर (०-५-३-४) जग्गाको क्षेत्रफल घटाउँदा उक्त साबिक कि.नं.६७ हालको कि.नं.७ मा ६-९-३-२ जग्गा मात्र बाँकी रहने देखिएकोले १-११-२-२ जग्गा नेपाल सरकारको स्वामित्वको जग्गा कम भई घट्न जाने देखिने ।

कि.नं.४३२ मा साबिक कि.नं.१०३५ को जग्गासमेत हाल नापी भएको देखिन्छ । सो दुवै कित्तामा गर्दा साबिक १०३५ र १०३६ को जग्गाको क्षेत्रफलको अवस्थासमेत खुलाई स्पष्ट फिराद दाबी गर्नुपर्नेमा आफ्नो कि.नं.४३२ मा नापी भएको जग्गाको क्षेत्रफल कति हो भन्नेसम्म पनि उल्लेख नगरी फिराद गरेको पाइन्छ । यसरी आफ्नो फिराद दाबीमा हाल कायम भएको जग्गाको क्षेत्रफल र नपुग जग्गासमेत खुलाएर दाबी गर्नुपर्नेमा क्षेत्रफल नै नखोली ००१९०.७४ वर्गमिटर जग्गा कम भएको भन्ने मात्र अस्पष्ट र अनिश्चित फिराद दाबीबाट वादीको दाबीअनुसार जग्गा नपुग भएको भन्न सक्ने अवस्था नदेखिने ।

तसर्थ, जग्गा आकृति, प्रकृति र नेपाल

सरकारको नाममा साबिक कि.नं.६७ को जग्गाको क्षेत्रफलभन्दा हाल कायम कि.नं.७ को क्षेत्रफल कम भएको भन्ने आधारमा वादी दाबी पुग्न नसक्ने साबिक पुनरावेदन अदालत पाटनको फैसला मनासिब नै देखिने।

अतः वादी दाबी पुग्ने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।४।२४ मा भएको फैसला नमिलेकोले उक्त फैसला उल्टी भई वादी दाबी नपुग्ने ठहऱ्याई साबिक पुनरावेदन अदालत पाटनबाट मिति २०६८।६।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शोभाकर खरेल

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ मङ्सिर २२ गते रोज २ शुभम्।**

**२५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७२-CR-०७७९, लागु औषध गाँजा, नेपाल सरकार वि. सुरेशप्रसाद दास थारूसमेत*

प्रतिवादीहरूको साथबाट लागु औषध बरामद भएकै कुरा शङ्कारहित तवरबाट प्रमाणित हुन नसकेको अवस्थामा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिमको प्रमाण पेस गर्ने भार प्रतिवादीमा रहने स्थिति पनि देखिएन। **लागु औषध गाँजा प्रतिवादीहरूले सँगै लिई गइरहेको अवस्थामा प्रतिवादीहरूबाट नै बरामद भएको हो भन्नको लागि प्रतिवादीहरू मौकामा घटनास्थलबाट नै दशीसहित पक्राउ गरी निजको सँगसाथबाट नै बरामद भएको र सोलाई सोबमोजिमको घटनास्थल, वस्तुस्थिति र बरामदी मुचुल्काले पुष्टि गरेर कसुर स्थापित गर्नुपर्ने हुन्छ।** तसर्थ, यस अदालतबाट मिति २०७२/०६/१२ मा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा (अनुमति) प्रदान भएको आदेशसँग यस इजलास सहमत हुन नसकी प्रतिवादीहरू सुरेशप्रसाद दास थारू र भुलाई माझीलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७०/०६/०९ मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/०९/०६ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः प्रतिवादीरू सुरेशप्रसाद दास थारू र भुलाई माझीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको तथ्य पुष्टि हुन नसकेको अवस्था देखिएकोले प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ पाउने गरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७०/०६/०९ मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/०९/०६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : रवि दुवाल

**इति संवत् २०७७ मङ्सिर २३ गते रोज ३ शुभम्।**

२६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६९-CR-१०६६, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. विनोद खड्गी*

प्रत्यर्थी प्रतिवादीले जाहेरवालासँग कपाली तमसुकको लिखत भएको भन्ने र रकम दिन नसकेपछि जाहेरवालाको भाइको जग्गा राजीनामा पारित गरिलिएको भन्ने तथ्यलाई मिसिल संलग्न उक्त लिखतहरूबाट समेत पुष्टि भएको देखिन्छ। मालपोत कार्यालय जस्तो सरकारी कार्यालयमा गई जग्गा पारित गर्ने कार्य अपहरणमा परी बन्धकको अवस्थामा भएको भन्ने जाहेरवालाको कथन प्रतित् लायक मान्न सक्ने नदेखिने।

प्रस्तुत मुद्दाको वारदात मिति २०६६।२।२६ मा भएकोमा जाहेरवालाले जाहेरी दरखास्त मिति २०६६।५।२४ मा दर्ता भएको देखिन्छ। ढिलो गरी जाहेरी दर्ता हुनको कारणसमेत खुलाउन सकेको

देखिँदैन । वारदात भएको भनेको र जग्गाको लिखत पारित गरिदिएको मितिभन्दा करिब ३ महिनापश्चात् सोचविचार गरी जाहेरी दरखास्त दिएको देखिँदा सो जाहेरी दरखास्तलाई प्रमाणमा ग्रहण गर्न सकिने देखिएन । यसप्रकार यी प्रतिवादी विनोद खड्गीले अभियोग दाबीबमोजिम कसुर गरेको हो भनी शंकारहित तवरबाट ठोस सबुद प्रमाण वादी पक्षले प्रमाणित गर्न सकेको पाइएन । सोको अभावमा शंका र अनुमानको आधारमा प्रतिवादीलाई दोषी ठहर गर्नु फौजदारी न्याय सिद्धान्त प्रतिकूल हुने हुँदा जिल्ला अदालतको फैसला उल्टी गरी यी प्रतिवादी विनोद खड्गीलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिने ।

तसर्थ, प्रतिवादी विनोद खड्गीले साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ५ नं. बमोजिम अपहरण गर्ने उद्योगको कसुर गरेको ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।७।७ मा भएको फैसला उल्टी भई प्रतिवादी विनोद खड्गीले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी साबिक पुनरावेदन अदालत पाटनबाट मिति २०६९।६।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: शोभाकर खरेल

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ फाल्गुण ३ गते रोज २ शुभम् ।**

**२७**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-१२२६, मानव बेचबिखन, नेपाल सरकार वि. टेकबहादुर थापासमेत*

प्रतिवादी टेकबहादुर थापाले आफूले जाहेरवालीलाई पैसाको मोल-मोलाई गरी यौनजन्य कार्यमा नलगाएको र निज जाहेरवालीलाई प्रतिवादी चरण ठकुरीसँग यौन सम्पर्क गर्न लगाएको कुरा पनि झुट्ठो हो भनी बयान गरेको, अर्का प्रतिवादी चरण ठकुरीले समेत आफूले जाहेरवालीसँग यौन सम्पर्क नगरेको भनी इन्कारी बयान गरेको, प्रतिवादी चरण ठकुरीको इन्कारी बयानलाई निजका साक्षी बालकृष्ण तामाङले समर्थन गरी बकपत्र गरेको, साथै प्रतिवादी टेकबहादुर थापाको इन्कारी बयानलाई समेत निजका साक्षी डम्बरकुमारी थापाले समर्थन गरी बकपत्र गरेको, पीडितको शरीरमा जबरजस्ती यौन सम्पर्क भएको कुनै चिह्न लक्षण नदेखिएको, निजको scalp hairs, axillary hairs र pubic hairs normal रहेको, development of genital organs normal रहेको, genital organs अन्तर्गतको perineum, clitoris, vulva, labia majora र labia minora पनि normal रहेको, साथै "no recent tears or scratches on clothing, no any injuries (fresh and old) on the body, no any injuries for bite marks" उल्लेख रहेको र प्रतिवादी चरण ठकुरीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा समेत "no visible scratch marks seen" भन्ने उल्लेख भएको, साथै पीडितको जाहेरी र बयान कागजमा एकरूपता नभएको, पीडितको जाहेरी र बयान कागजलाई पीडित र प्रतिवादी चरण ठकुरीको स्वास्थ्य परीक्षण प्रतिवेदनले पुष्टि गर्न नसकेको र घटना विवरण कागज गर्ने व्यक्तिहरू सुनिजान्ने मात्र भएको त्यसमा पनि अदालतमा आएर बकपत्रसमेत नगरेको र lubricated condom थान-७० बरामद नभई भौतिक प्रमाणको अभावमा पीडितको कथन खण्डित भइरहेको, प्रतिवादीहरूलाई कसुर ठहर गर्न कुनै ठोस प्रमाण वा दशी प्रमाण केही नभएको एवम् प्रतिवादीले कसुर गरेको भन्ने कुरा शंकारहित तवरबाट स्थापित हुन नसकेको स्थितिमा प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम आरोपित कसुरमा दोषी ठहर गर्नु फौजदारी न्याय सिद्धान्त अनुकूल हुने नदेखिने ।

यो स्थिति र अवस्थामा, प्रतिवादी टेकबहादुर थापालाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(ख) र

४(२)(ख) को कसुरमा ऐ.ऐनको दफा १५(१)(ख) र (छ) बमोजिमको सजाय र प्रतिवादी चरण ठकुरीलाई ऐ.ऐनको दफा ४(१)(घ) को कसुरमा ऐ.ऐनको दफा १५(१)(घ) बमोजिम सजाय हुनुपर्ने अभियोग मागदाबी रहेकोमा दाबीभन्दा घटी सजाय कायम भई भएको सुरू फैसला सदर गर्दै पुनरावेदन अदालत पाटनले गरेको फैसला गम्भीर त्रूटिपूर्ण भएकोले निज प्रतिवादीहरूउपर सुरू अभियोग दाबीबमोजिम नै सजाय कायम गरिनुपर्छ भन्ने पुनरावेदन जिकिर र पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग यो इजलास सहमत हुन सकेन। साथै, यस अदालतमा प्रतिवादीहरूको पुनरावेदन नपरेको हुनाले पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१२।०१ मा भएको फैसलाबमोजिम निजहरूलाई भएको सजायका सन्दर्भमा थप केही विवेचना गरिरहनु नपर्ने।

तसर्थ, काठमाडौं जिल्ला अदालतको मिति २०७१/३/२५ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१२।०१ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ साल पौष १ गते रोज ४ शुभम्।

२८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-RC-००६४, कर्तव्य ज्यान, नेपाल सरकार वि. श्यामु बोहरा*

जाहेरवालाको जाहेरी दरखास्त र बकपत्रलाई घटना विवरण कागज गर्ने रंगलाल बोहरा, किष्नमतीदेवी बोहरा, ज्ञानबहादुर बोहरा, सेतीदेवी बोहरा र शिवराज बोहरासमेतले प्रतिवादीहरूमध्येका श्यामु बोहराले मृतकको मुखमा हानी पल्टाएपछि अरू प्रतिवादीहरू कसैले ढुङ्गा कसैले लठ्ठी र खुकुरी बन्दुकले हानी मृतकको मृत्यु भएको हो भनी मौकामा गरेको कागजलाई पुष्टि हुने गरी अदालतमा समेत उपस्थित भई बकपत्र गरेको देखिन्छ। यसरी घटना विवरण कागज गर्ने व्यक्तिहरूले घटना विवरण कागजमा उल्लिखित बेहोरालाई समर्थन गरी गरेको बकपत्रलाई लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट समेत पुष्टि भएको हुँदा उक्त बकपत्रहरूलाई प्रमाणमा ग्रहण गर्न सक्ने नै देखिने।

तसर्थ, प्रतिवादी श्यामु बोहरासमेतको संलग्नतामा मृतक विरबहादुर बोहरालाई कर्तव्य गरी मारेको भन्ने देखिएको हुँदा उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत कसुर गरेको देखिँदा निजलाई सोही महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय हुने गरी भएको बझाङ्ग जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी उच्च अदालत दिपायलबाट मिति २०७५।७।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: शोभाकर खरेल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ माघ २ गते रोज ६ शुभम्।

## इजलास नं.४

२९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-RC-००२८, कर्तव्य ज्यान, नेपाल सरकार वि. विजय बोखिम*

प्रतिवादीहरू विजय बोखिम र शुक्रराज बोखिमको हकमा हेर्दा, वारदात मितिमा आफ्नै घरमा सुतिरहेका मृतकलाई प्रतिवादीहरूमध्ये धनेन्द्र इजमसमेतले २ वटा मोटरसाइकल लिई रातको अं. ११:०० बजेको समयमा मेरो घरमा आई मृतक छोरालाई लिएर गएकाले निज धनेन्द्र इजमसमेत र निजका साथीहरू भएर कर्तव्य गरी मारेका हुन, निजहरूलाई कारबाही गरिपाउँ भनी मृतकका बाबु

प्रेमबहादुर थेवेको किटानी जाहेरी परेको र सो जाहेरी दरखास्तलाई समर्थन गर्दै सुरू अदालतमा आई बकपत्र गरिदिएको देखिने।

मृतक अम्बिका थेवेको लास प्रकृति मुचुल्का तथा लास जाँच प्रतिवेदनसमेतबाट निजको मृत्यु कुटपिटबाट भएको भन्नेमा विवाद नदेखिने।

प्रस्तुत मुद्दामा मुख्य कसुरदार देखिएका प्रतिवादी धनेन्द्र इजमले अनुसन्धानको क्रममा बयान गर्दा अम्बिका थेवेले रू.१, ०००।- (एक हजार) सापटी लिएकोमा सो पैसा नदिई कुटपिट गरेकोले सोही रिसइवीको कारण मार्ने योजना बनाई मिति २०६३।७।६ गते साँझ अं.६.०० बजेको समयमा प्रतिवादी विजय बोखिम र शुक्रराज बोखिमसमेतका प्रतिवादीहरूले जाँड र मासु खाई अम्बिका थेवेलाई मार्नुपर्छ भन्ने सल्लाह गरी मोटरसाइकल लिई अम्बिका थेवेको घर गई निजलाई बोलाई मोटरसाइकलमा चढाएर घरमा ल्याई जाँड र मासु खान दिई देउसी खेल्न जाउँ भनी घटनास्थल जिल्ला झापा शिवगन्ज लालझोडास्थित त्रिबाटोमा आइपुगेपछि अम्बिका थेवेलाई सबै जनाले कुटेको, ऊ ऐयाऐया भन्दै भुइँमा लडी कराउन छोडेपछि पुलिसले पक्रिने भयो भनी निजलाई चोरको आरोप लगाऔँ भन्ने सल्लाह गरी ग्याँस सिलिण्डर चुला ल्याएर राखी चोर चोर भनेर हल्ला गरेको, गाउँघरका मानिसहरू भेला जम्मा हुन थाल्दासमेत साँस अलि अलि चल्दै रहेको, प्रतिवादी कुमार उप्रेतीले अम्बिका थेवेको हात डोरीले बाँधेको, निजलाई घिसारेर बाटोमा ल्याइ पुग्दा मरिसकेको, विजय बोखिम, भिम लक्सम्बा, गोपाल राई, मनिकुमार बोखिम, शुक्रराज बोखिम र मसमेत ६ जना भएर कुटेको आफू र विजय बोखिम, भिम लक्सम्बाले बाँसको लाठीले शरीरको जत्रतत्रै भागमा कुटेको, गोपाल राई, मनिकुमार बोखिम र शुक्रराज बोखिमले हात खुट्टाले कुटेका भन्नेसमेत बेहोरा उल्लेख गरेको देखिने।

मौकामा पक्राउ परेका सहप्रतिवादीहरूलाई यस अदालतबाट समेत कसुरदार ठहरी फैसला भइसकेको पनि देखिन्छ। यसप्रकार यस अदालतबाट समेत परीक्षण भइसकेको प्रमाणहरूको सन्दर्भमा अन्यथा गरिरहनपर्नेसम्मको अवस्था देखिँदैन । मृतक अम्बिका थेबेको मृत्यु कर्तव्यबाट भएको भन्ने पुष्टि भएको छ । मृतकलाई घरबाट बोलाइ लगी प्रतिवादीहरूले कुटपिट गरेको देखिन आएको छ । मृतकको शरीरको विभिन्न भागमा घा-चोट परेको हुँदा सामूहिक रूपमा प्रतिवादीहरूको समेत कुटपिटमा संलग्नता रहेको हुँदा यी प्रतिवादीहरू विजय बोखिम र शुक्रराज बोखिमले समेत अभियोग दाबीबमोजिम कसुर गरेको पुष्टि हुन आउने।

अतः घटनास्थल प्रकृति मुचुल्का, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरवालाको किटानी जाहेरी बेहोरा र सो बेहोरालाई समर्थन गर्दै अदालतमा गरेको बकपत्र सहप्रतिवादीहरूको पोल बयानसमेतका प्रमाण कागजातको आधारमा मृतक अम्बिका थेवेको मृत्यु प्रतिवादी बिजय बोखिम तथा शुक्रराज बोखिमसमेतको कर्तव्यबाट भएको भन्ने देखिएकोले यी प्रतिवादीहरू विजय बोखिम र शुक्रराज बोखिमलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुरमा सोही नम्बरबमोजिम जनही जन्म कैदको सजाय हुने ठहर गरी सुरू झापा जिल्ला अदालतबाट मिति २०७३/४/२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।०१।२५ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

मृतक अम्बिका थेबे र यी प्रतिवादीहरू विजय बोखिम र शुक्रराज बोखिमबिच मार्नुपर्नेसम्मको पूर्व ठुलो रिसइवी रहेको देखिएको छैन। मात्र रू.१,०००।– को जरियाबाट वारदात घटित भएको देखिएको अवस्था छ । मृतकले प्रतिवादी धनेन्द्र इजमलाई कुटेको कारणबाट घटना घट्न गएको स्थिति देखिएको

छ । मृतकउपर ठुलो जोखिमी हतियार प्रयोग नभई साधारण लाठा लात मुक्काले प्रहार गरेको स्थिति देखिन्छ। प्रतिवादीहरूसरह अन्य सहप्रतिवादीहरूलाई समेत अ.बं.१८८नं.बमोजिम १५ वर्ष कैद सजाय हुने गरी यस अदालतबाट फैसला भएको पनि देखिन्छ । प्रतिवादीहरूको उमेर, पारिवारिक एवम् आर्थिक स्थिति, शैक्षिक एवम् चेतनाको स्तर अपराध गर्नुपर्ने कारण र परिस्थितिसमेतलाई मध्यनजर राख्दा प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं.१८८नं. बमोजिम कैद वर्ष १५ गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट लगाइएको राय मनासिब नै देखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, अ.बं.१८८नं.बमोजिम जनही १५ वर्ष कैद हुने।

इजलास अधिकृतः सुशिलकुमार यादव

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७६ साल चैत्र ४ गते रोज ३ शुभम्।

### ३०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७६-WH-०१३०, बन्दीप्रत्यक्षीकरणसमेत, प्रकाश राई वि. गृह मन्त्रालयसमेत*

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ तथा कारागार नियमावली, २०२० को नियम २९ मा भएको कानूनी प्रावधानबाट कैदमा रहेका व्यक्तिलाई कैदमा रहँदा चालचलनमा सुधार ल्याएमा कैद छुटको सुविधा दिनेसम्मको कानूनी व्यवस्था रहेको भन्ने देखिन्छ । कैदीहरूको चालचलनको अभिलेख राखी असल चालचलन भएका कैदीलाई कैद छुटको सुविधा दिने सर्तसहितको सो कानूनी व्यवस्थालाई कैदमा रहेका कैदीले अधिकारको रूपमा दाबी गर्न मिल्ने वा कानूनद्वारा तोकिएको सर्त पूरा नभए पनि सो सुविधा प्राप्त गर्न सक्ने भन्ने हुँदैन । त्यस्तो कैद कट्टीको सुविधा कैदमा रहेका कैदीहरूलाई कसरी प्राप्त हुने हो सो सम्बन्धमा कारागार नियमावली, २०२० को दफा २९ समेतले स्पष्ट तोकिदिएको अवस्था हुँदाहुँदै त्यस्तो स्पष्ट कानूनी प्रावधानलाई नजरअन्दाज गरी अदालतले कैद कट्टीको सुविधा प्रदान गर्न आदेश जारी गर्न मनासिब हुँदैन। यसरी कानूनले स्पष्ट रूपमा उल्लेख गरेको प्रक्रिया एवम् कार्यविधिको प्रयोग वस्तुनिष्ठ ढङ्गबाट भेदभावरहित तरिकाले सम्बन्धित निकायले प्रयोग गर्नुपर्ने हुन्छ । कुनै निकायलाई कानूनले दिएको अधिकारलाई विना आधार कारण हस्तक्षेप गर्नु उपयुक्त नहुने।

वस्तुत: विपक्षीहरूले रिट निवेदकलाई कैद छुटको सुविधा नदिने गरी कुन मितिमा गरेको निर्णयबाट निवेदकको हक अधिकारमा असर पुग्न गएको हो सोसम्बन्धी तथ्य रिट निवेदनको बेहोरा तथा मिसिल संलग्न अन्य प्रमाणबाट खुल्न आएको देखिँदैन । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नका लागि कुनै व्यक्तिलाई निजको वैयक्तिक स्वतन्त्रतामा दखल पुग्ने गरी गैरकानूनी रूपले थुनामा राखेको वा कुनै निकायको गैरकानूनी क्रियाकलाप वा निर्णयका आधारमा बदनियतपूर्वक थुनामा राखेको भन्ने स्थिति देखिनुपर्दछ । रिट निवेदकलाई कर्तव्य ज्यान मुद्दामा सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०६३।११।९ मा सर्वस्वसहित जन्म कैद हुने ठहर भएबमोजिम कैदीपुर्जी दिई थुनामा राख्न पठाएको देखिन्छ। यसरी अदालतको फैसलाले लागेको सजाय असुलउपर गर्न सो फैसलाबमोजिम रीतपूर्वकको कैदी पुर्जी दिई थुनामा राखेको कार्य गैरकानूनी मान्न मिल्दैन । तसर्थ, रिट निवेदकलाई गैरकानूनी थुनामा राखेको नदेखिनुका साथै कैद छुट दिनेसम्बन्धी उल्लिखित सर्तसहितको कानूनी व्यवस्थालाई कैदमा बसेका कैदीहरूको नि:सर्त कानूनी अधिकारको रूपमा ग्रहण गरी प्रस्तुत रिट निवेदकलाई थुनामुक्त गर्न आदेश जारी गर्नुपर्ने स्थिति विद्यमान रहेको नदेखिने।

अत: रिट निवेदकलाई अदालतबाट भएको फैसलाबमोजिम सोलुखुम्बु जिल्ला अदालतको च.नं. ४१२ मिति २०६४।२।२ को पत्र (कैदी पुर्जी) अनुसार थुनामा राखेको देखिएकाले निवेदकको थुना गैरकानूनी देखिन नआएको हुँदा निवेदकका हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपेन्द्र थापा मगर

कम्प्युटर: देवीमाया खतिवडा

**इति संवत् २०७६ मङ्सिर १२ गते रोज ५ शुभम्।**

**३१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७६-WH-०१४७, बन्दीप्रत्यक्षीकरण, उत्तम ताम्राकार भन्ने खेमबहादुर कामी वि. ललितपुर जिल्ला अदालतसमेत*

रिट निवेदकलाई कैदमा राखेको ठगी मुद्दामा हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) अनुसार ठगी कसुरमा ७ (सात) वर्षसम्म कैद र रू.७०, ०००।- (सत्तरी हजार रुपियाँ) सम्म जरिवाना हुने देखिएकाले केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) को प्रतिबन्धात्मक वाक्यांशले निज प्रतिवादीलाई बिगोबमोजिम जरिवाना गर्न नमिली रू.७०, ०००।- (सत्तरी हजार रुपियाँ) सम्मको जरिवाना कार्यान्वयन हुने अवस्था देखियो। उक्त रकम भन्दा बढी जरिवाना नहुने गरी विधायिकाले नै जरिवानाको सजायको हद घटाएको भन्ने देखिन आएकाले अब यस प्रकारको ठगीको कसुरका लागि उक्त जरिवानाको हद भन्दा बढी जरिवानाको सजाय तथा सोबापत कैदमा बस्नुपर्ने गरी सजाय कार्यान्वयन हुने अवस्था नदेखिने।

रिट निवेदक ठगी मुद्दामा मिति २०७२।११।४ देखि प्रहरी हिरासतमा रही हालसम्म कैदमा रहेको देखिएकाले निजलाई ठहर भएको कैद वर्ष १ बापतको कैद भुक्तान भइसकेको अवस्था देखिन्छ। रिट निवेदकले निजलाई ठहर भएको जरिवाना रू.१८,७५,३००।- बापत समेत कैदमा बसी आएकोमा प्रचलित कानूनी व्यवस्थाअनुसार अधिकतम रू.७०, ०००।- जरिवाना हुनसक्नेमा सोबापत दिनको तीन सय रूपियाँका दरले हुने ७ महिना २३ दिन कैदसमेत हालसम्ममा भुक्तान भइसकेको देखियो। यस स्थितिमा उक्त कैदी पुर्जीबमोजिम निजलाई थुनामा राखिएको कार्य केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) एवम् माथि उल्लिखित फौजदारी न्यायको सिद्धान्तसमेतको विपरीत देखिन आउने।

अत: रिट निवेदकलाई ठगी मुद्दामा ठहर भएको कैद निजले भुक्तान गरिसकेको देखिएको, मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले निवेदकलाई ठहर भएको ठगीको कसुरमा जरिवानाबापत रू.७०,०००।- भन्दा बढी जरिवानाको सजाय हुने व्यवस्था नगरेको स्थितिमा निजले केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) बमोजिमको सुविधा एवम् लाभ पाउने भएकाले अब निवेदकले जरिवानाबापत कैदमा बस्नुपर्ने अवस्था नभएको हुँदा निवेदकको थुना गैरकानूनी देखिन आएकाले तुरून्त कैद मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

**इति संवत् २०७६ मङ्सिर १२ गते रोज ५ शुभम्।**

**३२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७१-CI-१६४८, निर्णय तथा दर्ता बदरसमेत, अनितादेवी उपाध्यायसमेत वि. केशवकुमार शर्मासमेत*

विपक्षी पृथ्वी मेटल इण्डस्ट्रिजको सञ्चालक

समितिको मिति २०६६।०३।१० को बैठकको निर्णयबमोजिम मिति २०६६।०९।२३ मा निवेदन दाबीको पृथ्वी मेटल इण्डस्ट्रिज प्रा. लि. को घर जग्गा बिक्री गरी प्राप्त हुन आएको रकमलाई एस.बि. आई. बैंकमा जम्मा गरी कम्पनीको विभिन्न खर्च कटौती गरी बाँकी रहेको रकम कम्पनीका सम्पूर्ण सेयरहोल्डरहरूलाई निजहरूको सेयर संङ्ख्याको आधारमा दामासाहीले बाँड्ने निर्णय गरेकोमा निवेदक वादीहरूले भुक्तानीका बखत लिन नआए तापनि निजहरूको हिस्सा रकम सोही बैंकमा सुरक्षित रहिरहेको भन्ने तथ्य विपक्षीहरूको लिखित जवाफमा उल्लेख भएको देखिन्छ । साथै, रूपन्देही जिल्ला, सिद्धार्थ नगरपालिका वडा नं. ४घ को कि.नं. १५९ को क्षेत्रफल ०-११-१५ जग्गा घरसमेत बिक्री वितरण गर्ने विषयमा भएको विपक्षीहरू पृथ्वी मेटल इण्डष्ट्रिज प्रा. लि. को सञ्चालक समितिको मिति २०६६।०३।१० को निर्णय र सोको आधारमा मिति २०६६।०९।२३ मा भएको राजीनामा लिखतका सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा निर्णय लिखत दर्ता बदर तथा जालसाजी भिन्नाभिन्नै मुद्दा दायर गरी उक्त मुद्दाहरू विचाराधीन रहेको भन्ने तथ्य निवेदकको निवेदन दाबी तथा प्रत्यर्थीहरूको लिखित जवाफहरूबाट समेत देखिँदा उक्त मुद्दाहरूको न्याय निरूपण हुँदा सो सम्बन्धमा विवेचना भई ठहरेबमोजिम हुने नै हुँदा प्रस्तुत निवेदनबाट सोतर्फ बोलिरहन परेन । यसरी प्रतिवादीहरूको कार्यबाट वादी पक्षको हकहितमा के कस्तो प्रभाव पार्ने कार्य हुन गएको हो कुनै वस्तुगत आधार कारणबाट पुष्टि गर्न नसकेको अवस्थामा तत्कालीन पुनरावेदन अदालत, पाटनबाट वादी दाबी पुग्न नसक्ने ठहरी भएको फैसला अन्यथा नदेखिने।

अतः माथिका प्रकरणहरूमा विवेचित आधार कारणसमेतका आधारमा तत्कालीन पुनरावेदन अदालत, पाटनबाट वादी दाबी पुग्न नसक्ने ठहरी मिति २०७१।०३।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हेमा पाण्डे

कम्प्युटरः देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७७ साल साउन १२ गते रोज २ शुभम्।

३३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री डम्बरबहादुर शाही,** *०६७-CI-०५२७, अंश, सकबहादुर बानिया वि. देवेन्द्रबहादुर बानियासमेत*

प्रतिवादी देवेन्द्रबहादुरले २०६२।०८।२३ मा प्रमाण पेस गर्दा, वादी सकबहादुरको नाउँमा दर्ता रहेको पुला गा.वि.स. वडा नं. २ क कि.नं. १६६, ऐ. वडा नं. ४ ख कि.नं. ६, ८, ९, ५६, ५८, ऐ. वडा नं.८ क कि.नं. २७०, २८९ समेतको जग्गा पैतृक वादी सकबहादुरको बन्डाको जग्गा हो भनी खुलाएकोमा सोही जग्गासमेत मूल अंशियार वादी सकबहादुरले आफ्ना अंशियारलाई बन्डा दिएको २०६२।०७।०६ समेतको बन्डापत्रको प्रतिलिपिबाट देखिँदा मुलुकी ऐनको सातौं संशोधन २०३४।०९।२७ प्रारम्भ हुनुभन्दा अगाडि नै वादी सकबहादुर र प्रतिवादी लोकबहादुर मूल अंशियारबिच व्यवहार प्रमाणबाट बन्डा भइसकेको र सोहीबमोजिम मूल अंशियारहरूले आ-आफ्नो नाममा नामसारी, दर्ता बिक्री व्यवहार र भोगचलनसमेत गरेको देखियो । यसरी मिति २०३६।०९।०१ मा यिनै पुनरावेदक वादी सकबहादुर बानियाले प्रतिवादीमध्येका दाजु लोकबहादुर बानियासँग रू. १,८००।– लिई गरिदिएको कपाली तमसुक अथवा निजहरूबिच भएको आपसी लेनदेन व्यवहारले पनि व्यवहार प्रमाणबाट अंशियारबिच बन्डा भएको तथ्यलाई खम्बीर बनाएको अवस्थासमेत देखिने।

प्रतिवादीले पेस दाखिल गरेको मिति २००४।०६।०५ को अंश बुझेको भरपाईमा बालनरसिंह बानियाको सहीछाप नरहेको भन्नेतर्फ हेर्दा बालनरसिंह बानियाको सहीछाप भएको अन्य कुनै लिखत पेस गर्न सक्दिन भनी वादी प्रतिवादीले कागज गरेको समेत

देखिन्छ । सुरू मिसिल संलग्न यी पुनरावेदक वादी सकबहादुर बानियाले सुरू म्याग्दी जिल्ला अदालतको मिति २०६२।०६।०५ को आदेशानुसार मुलुकी ऐन, अ.बं. १३३ नं. बमोजिम मिति २०६२।०७।०९ मा कागज गर्दा, “म्याग्दी जिल्ला, पुला गा.वि.स., वडा नं. २क, कि.नं. १६६ को जग्गा बाबुले खरिद गरी लिएको र मेरो अंश भागमा पर्न आएको सुनाले भन्ने जग्गा पैतृक सम्पत्ति नै हो” भनी स्वयम् निज वादीले नै आफ्नो अंश भागको हो भनी स्वीकार गरेकोसमेत देखिन्छ । स्वयम् वादीका साक्षी चन्द्रबहादुर बानियाले वादीका बाबु बालनरसिंह र प्रतिवादी लोकबहादुरबिच अंशबन्डा भइसकेको कुरा थाहा छ, यी वादीका बाबुले अंश पाइसकेको हुँदा यी वादीले लोकबहादुर बानियाबाट अंश पाउनुपर्ने होइन भनी बकपत्र गरेको पाइन्छ । यस परिप्रेक्ष्यबाट समेत मिति २००४।०६।०५ को उक्त अंश भरपाइलाई अन्यथा नै हो भन्न पनि मिल्न सक्ने अवस्थाको विद्यमानता रहेको देखिन नआउने ।

नापी हुनुभन्दा धेरैअघि नै अलग अलग बिलबन्दीबाट दर्ता फुटाई जिम्मुवाललाई तिरो भरो गरी आएको र पैतृक सम्पत्तिबाहेक वादी प्रतिवादीहरूले हक सफा गरी राजीनामाबाट जग्गाहरू आ-आफूले प्राप्त गरी छोराहरूलाई बन्डा हकहस्तान्तरणसमेत गरिदिएको अवस्था छ । यसरी साबिक लगत (बिलबन्दी) मा अंश भाग उल्लेख भएको अंश हकको जग्गा वादी प्रतिवादीका नाउँमा अलग-अलग दर्ता स्रेस्ता कायम रही आ-आफ्नो भाग हिस्सा भोगसमेत गरी आएको देखिएको, आ-आफ्नो भागको अचल सम्पत्ति वादी प्रतिवादीले छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेको तथा आ-आफ्नो व्यवहार मिलाउन वादी प्रतिवादीले आपसी लेनदेन कारोबारसमेत गरेको उल्लिखित लिखत प्रमाणहरूबाट देखिन आएको हुँदा वादी र प्रतिवादीहरूका बिचमा आ-आफ्नो अंशबापत पैत्रिक सम्पत्ति बन्डा भई दर्ता तिरो भरोसमेत अलग अलग भइसकेको भन्ने पुष्टि हुन आएको पाइयो ।

अत: मुलुकी ऐन, अंशबन्डाको महलको ३० नं. समेतको कानूनी व्यवस्थाबमोजिम वादी प्रतिवादीहरूले आफ्नो भागको अचल छुट्टा छुट्टै भोग बिक्री व्यवहार गरेकोले व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको देखिँदा वादीको प्रतिवादीबाट अंश दिलाइपाउँ भन्ने दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू म्याग्दी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, बागलुङबाट मिति २०६६।३।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कृति थापा

इति संवत् २०७५ साल साउन २३ गते रोज ४ शुभम् ।

**३४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६७-WO-०७९५, उत्प्रेषण / परमादेशसमेत, ताराचन्द्रप्रसाद साह वि. ग्रामीण विकास प्रशिक्षण केन्द्र, मुजेलिया जनकपुरसमेत*

रिट निवेदकको नाममा रहेको कि.नं. ६५९ को जग्गा प्रस्तुत रिट निवेदनका विपक्षीमध्येका पञ्चायत विकास प्रशिक्षण केन्द्र मुजेलियाको नाममा रहेको जनकपुर नगरपालिका वडा नं. १४ सि.नं. १२७५-१५ कि.नं. ५२ मा तथा कि.नं. २२८ को जग्गा जनकपुर नगरपालिका वडा नं. १४ सिट नं. १२७६-११ को कि.नं. ३१ मा समावेश भई नापी भएकोले विपक्षीको नाममा रहेको कि.नं. ५२ मा समावेश भएको उक्त कि.नं. ५२ मध्ये उत्तरबाट निजको साबिक कि.नं. ६५९ को ०-१-१० जग्गा तथा कि.नं. ३१ मा समावेश भएको उक्त कि.नं. ३१ मध्ये उत्तरबाट निजको साबिक कि.नं. ६५९ को ०-२-४ जग्गा छुट्याई निवेदकको नाममा दर्तासमेत गराइपाउँ भनी यी रिट निवेदकले मालपोत कार्यालय, धनुषामा निवेदन दिएको देखियो । उक्त निवेदन परेपश्चात् मालपोत कार्यालय, धनुषाले नापी कार्यालय, धनुषालाई हाल साबिक भिडाई पठाउन भनी पत्राचार गरेकोमा नापी कार्यालय, धनुषाको मिति २०६७।०७।०५ को पत्रमा, “कि.नं.

२२८, ६५९ को जग्गा हाल जनकपुर वडा नं. १४ को सि.नं. १२७५-१५ कि.नं. ५२ भित्र नाप नक्सा भएको देखिन्छ, सो कि.नं. ५२ को जग्गा पञ्चायत प्रशिक्षण केन्द्रको नाममा नापनक्सा भएको" भन्नेसमेतको बेहोरा उल्लेख भएको देखियो। उक्त नापी कार्यालयको मिति २०६७।०७।०५ को पत्र, तथा मोठ स्रेस्ता भिडाउँदा उल्लिखित कित्ता जग्गा ग्रामीण विकास प्रशिक्षण केन्द्रको नाममा दर्ता कायम भनी भिडी आएको भन्नेसमेतका आधार लिई निवेदकको निवेदन मागउपर केही गर्नु नपर्ने भनी मिसिल तामेलीमा राख्ने गरी मालपोत कार्यालय, धनुषाले मिति २०६७।०९।०४ मा आदेश गरेको देखिन आउने।

विवादित जिल्ला धनुषा, गा.वि.स. सोहनी मुजेलिया वडा नं. १, कि.नं. २२८ र ऐ. ऐ. कि.नं. ६५९ को जग्गा साबिकमा निवेदक ताराचन्द्रप्रसाद साहको नाममा दर्ता रही जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको भन्ने देखिन्छ। २०४५ सालको नापीमा उक्त कि.नं. २२८ र कि.नं. ६५९ का जग्गा कि.नं. ५२ मा विपक्षी ग्रामीण विकास प्रशिक्षण केन्द्रको नामभित्र नाप नक्सा भएको देखिन्छ भनी नापी कार्यालय, धनुषाको मिति २०६७।०७।०५ को पत्रबाट देखिन आएको छ। साबिकमा निवेदकको नाममा दर्ता रहेको उक्त कित्ता जग्गाहरू नयाँ नापीअनुसार हाल साबिक गरिपाउँ भनी निवेदन परेको रहेछ। सो कारबाहीको क्रममा नापी कार्यालयलाई बुझ्ने कार्य भएकोमा सो कि.नं. २२८ र कि.नं. ६५९ को जग्गा कि.नं. ५२ भित्र नाप नक्सा भएको भनी जवाफ आएको छ। निवेदकको साबिक हकभोग दर्ता तिरोको जग्गा अन्यत्र घुसेको छ, छैन ? सबुद प्रमाण बुझी हेरिनुपर्ने विषय पनि देखिन्छ। ग्रामीण विकास प्रशिक्षण केन्द्रको नाममा कि.नं. ५२ मा दर्ता भइसकेको भनी निवेदनको मागउपर केही विचारै गर्न नपर्ने भनी मिसिल तामेलीमा राखिदिने गरी मालपोत कार्यालय, धनुषाबाट मिति २०६७।०९।०४ मा भएको निर्णय कानूनबमोजिमको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः कृति थापा

इति संवत् २०७५ साल फाल्गुण २२ गते रोज ४ शुभम्।

३५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६७-WO-०९९८, उत्प्रेषण / परमादेशसमेत, मधुकर श्रेष्ठसमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत*

निवेदनमा डोजर लिई आई कम्पाउन्डवालभित्रको ट्वाइलेट, जेनेरेटर घर, स्टोर रूमसमेतको केही भाग जबरजस्ती भत्काइ क्षति पुऱ्याएको भन्ने उल्लेख छ। क्षतिपूर्तितर्फ सम्बन्धित साधिकार अदालतमा फिराद दाबी गर्ने नै छौँ भनी निवेदनमा उल्लेख भएको पाइन्छ। अरनिको राजमार्गको बिजुलीबजार स्थित सडक सीमाभित्र Auto pool रहेको स्थानदेखि धोबीखोलासम्म Access Road /Service track खोल्ने सम्बन्धमा बिजुली बजार टोल सुधार समितिका तर्फबाट नरेन्द्रलाल प्रधान र डिभिजन सडक कार्यालयका तर्फबाट डिभिजन प्रमुख गोपालबहादुर खड्काको बिचमा मिति २०६७।११।१० मा सम्झौता भएको देखिन्छ। सो Access Road खोल्दा आइपर्ने समस्या समितिले र सम्पूर्ण खर्च समितिले बेहोर्नुपर्ने भनी सो सम्झौतामा उल्लेख गरिएको छ। टोलसुधार समितिको सहयोगमा धोबीखोला करिडोर Track खोल्ने कार्य सम्पन्न भई यातायात आवत जावत हुने कार्यसमेत भइसकेको छ भनी विपक्षीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले बहसमा भन्नुभएको छ। वस्तुत: घर कम्पाउन्ड भत्काइसकेको भनी निवेदनमा नै उल्लेख भई सडक निर्माण हुने कार्यसमेत सम्पन्न भइसकेको र क्षतिपूर्तितर्फ साधिकार निकायमा दाबी गर्ने भनी वैकल्पिक उपचारको बाटो निवेदनमा नै उल्लेख भएको देखिने।

तसर्थ, टोलसुधार समितिको सहयोगमा

धोबीखोला कोरिडोर Track खोल्ने कार्य सम्पन्न भई यातायात आवत जावत हुने कार्यसमेत भइसकेको, क्षतिपूर्तितर्फ साधिकार निकायमा दाबी गर्न जाने भनी निवेदनमा नै उल्लेख भइरहेको हुँदा रिट निवेदनको मागबमोजिम निर्णय बदर गर्नुपर्नेसम्मको अवस्था देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कृति थापा

इति संवत् २०७५ साल फाल्गुण २२ गते रोज ४ शुभम्।

**३६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१८८७, कर्तव्य ज्यान, विवेक चौधरी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय गर्ने गरी भएको फैसला नमिलेको र आवेशमा हत्या भएको हुँदा ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुनुपर्ने भन्ने पुनरावेदकको जिकिरका सन्दर्भमा हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. **"ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेन छ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोटपिरले ऐनका म्यादभित्र ज्यान मरेमा १०(दश) वर्ष कैद गर्नुपर्छ"** भन्ने कानूनी व्यवस्था रहेको छ। यसबाट आवेश प्रेरित हत्या हुनलाई ज्यान मार्ने मनसाय नभएको, ज्यान लिनुपर्नेसम्मको इवी पनि नभएको, साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हानेको, जोखिमी हतियारले नहानेको जस्ता तत्त्वहरूको विद्यमानता हुनुपर्दछ। तर प्रस्तुत वारदातमा प्रतिवादी विवेक चौधरीले मृतक डिल्लिराम दाहाललाई आफ्नो श्रीमतीसँगको सम्बन्धको पूर्वरिसइवीका कारण रातको ११ बजेको समयमा मार्ने नियतले टाउकोमा ढुङ्गाले पटक पटक प्रहार गरेका, तथा धारिलो ब्लेडले घाँटीमा निर्मम तरिकाले चिरेर कर्तव्य गरी मारेको पुष्टि भएकोले प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरी भएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७५।०३।०३ को फैसला मनासिब देखिन आयो। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आफूलाई कम सजाय हुनुपर्ने भन्ने पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिर तथा निजका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी विवेक चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने गरी सुरू झापा जिल्ला अदालतबाट मिति २०७३।३।२१ मा भएको फैसलालाई सदर गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको मिति २०७५।०३।०३ को फैसला मिलेकै देखिँदा सदर हुने।

हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) मा ज्यान मार्नेसम्बन्धी कसुर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने प्रावधान रहेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेजी गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) अनुसार साबिक ऐनभन्दा प्रचलित संहिताले घटी सजायको व्यवस्था गरेकोमा घटी सजाय गर्नुपर्ने कानूनी व्यवस्था यी पुनरावेदक प्रतिवादीको हकमा पनि आकर्षित हुने हुँदा उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७५।०३।०३ को फैसलाबमोजिम सर्वस्वसहित जन्मकैद नभई प्रतिवादी विवेक चौधरीलाई जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः शिवहरि पौडेल

इति संवत् २०७७ साल चैत्र १७ गते रोज ३ शुभम्।

**३७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-०६२८, कर्तव्य ज्यान*

*तथा डाँका, फत्तेजङ्ग तामाङ वि. नेपाल सरकार, ०७६-RC-००३०, नेपाल सरकार वि. फत्तेजङ्ग तामाङ*

प्रतिवादीलाई कर्तव्य ज्यान र डाँका गरेकोमा २५ वर्ष कैदभित्रै समाहित गरी एकीकृत कसुर गरेबापत डेढी सजाय हुने भएकोले २५ वर्षको डेढी बढाउँदा जम्मा ३७ वर्ष ६ महिनाको कैद सजाय भई जरिवानातर्फ डाँका गरेकोमा रू.७०,०००।– जरिवाना र बरामदी नगद रू.१,५३,०००।– र सुनको तिलहरी प्रतिवादीबाट जाहेरवालाले भराइ पाई निजलाई क्षतिपूर्तिबापत रू.५१,०००।– भराइदिने भनी सुरू धनकुटा जिल्ला अदालतबाट फैसला भएकोमा बिगो, क्षतिपूर्ति र जरिवानाको हकमा सुरू सदर नै हुने तर निजलाई भएको ३७ वर्ष ६ महिनाको कैदको हकमा भने मुलुकी अपराध संहिताको दफा ४३ को उपदफा २ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम जन्मकैद हुने अवस्थामा सो उपदफा लागु गर्न नमिल्ने हुनाले सुरू जिल्लाले ठहर गरेको ३७ वर्ष ६ महिनाको कैद सजाय सो हदसम्म कायम गर्न नमिल्ने हुनाले निज प्रतिवादीलाई जन्मकैद मात्र ठहर हुने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला मिलेकै देखिने।

प्रतिवादीलाई जन्मकैद हुने ठहर भए तापनि निजलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम १५ वर्ष मात्र कैद सजाय गर्न उपयुक्त हुने भनी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट राय पेस भएको देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले मृतकलाई लुकीछिपी प्रहार गरेको नभई प्रतिवादीलाई मृतकले निजको रू.४, ०००।– ऋण तिर्न बाँकी रहेको विषयमा पटक पटक अश्लील शब्दले गाली गरी निजलाई सम्झाउँदासमेत लात्तीले हानेको हुँदा सो घटना घट्न गएको देखिन्छ। प्रतिवादी अनुसन्धान अधिकारी तथा अदालतमा बयान गर्दासमेत साबिती भई सो साबिती बयान अन्य मिसिल संलग्न प्रमाणहरूबाट समेत समर्थित भएकोले निजले न्यायिक प्रक्रियामा सहयोग गरेकै देखिन्छ। निज प्रतिवादीको परिवारिक अवस्था हेर्दा, निजको परिवारमा निजउपर आश्रित निजको श्रीमती, ४ छोरी र १ छोरा हुनुका साथै निज प्रतिवादी वर्षभरी ज्याला मजदुरी गरी परिवारको जिविकोपार्जन गर्दै आएको र अन्य आम्दानीको स्रोतसमेत नभएको अवस्था देखिन्छ। साथै, प्रतिवादीले आफूले गरेको आपराधिक कार्यमा पश्चाताप भई मार्ने नियत मनसाय नभएको अकस्मात् वादविवाद भई घटना हुन गएको हुँदा कम सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिर, वारदात घटना परिस्थितिसमेतलाई हृदयङ्गम गर्दा निज प्रतिवादीलाई ठहरेबमोजिमको जन्मकैदको सो सजाय न्यायको रोहमा बढी पर्ने देखिने हुनाले निजलाई १५ वर्ष मात्र कैदको सजाय हुनुपर्ने भनी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट पेस भएको १५ वर्ष कैदको रायसमेत मनासिब नै देखिँदा सदर हुन्छ। निज प्रतिवादीलाई उक्त फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम १५ (पन्ध्र) वर्ष कैद हुने।

प्रतिवादी फत्ते भन्ने फत्तेजङ्ग तामाङलाई कर्तव्य ज्यान र डाँका गरेकोमा २५ वर्ष कैदभित्रै समाहित गरी एकिकृत कसुर गरेबापत डेढी सजाय हुने भएकोले २५ वर्षको डेढी बढाउँदा जम्मा ३७ वर्ष ६ महिनाको कैद सजाय भई जरिवानातर्फ डाँका गरेकोमा रू.७०, ०००।– जरिवाना र बरामदी नगद रू.१, ५३, ०००।– र सुनको तिलहरी प्रतिवादीबाट जाहेरवालाले भराइ लिन पाउने र निजलाई क्षतिपूर्तिबापत रू.५१, ०००।– भराइदिने भनी सुरू धनकुटा जिल्ला अदालतबाट मिति २०७५।०९।२५ मा फैसला भएकोमा बिगो, क्षतिपूर्ति र जरिवानाको हकमा सुरू सदर नै हुने तर निजलाई भएको ३७ वर्ष ६ महिनाको कैदको हकमा मुलुकी अपराध संहिताको दफा ४३(२) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम जन्मकैद मात्र कायम

हुने ठहर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७६।०२।०६ को फैसला मिलेकै देखिँदा सदर हुने एवम् निज प्रतिवादीलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम १५ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः- मनिता गुरूङ

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७७ साल असार १४ गते रोज १ शुभम्।

३८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-RB-०१५८, भन्सार चोरी पैठारी, पशुपति रोड क्यारियर्स प्रा.लि. वि.नेपाल सरकार*

सामान ढुवानीकर्ता पशुपति रोड क्यारियर्सका प्रतिनिधिको रूपमा यी पुनरावेदक प्रतिवादी तिलसिंह रावल रहेको देखिएको र निजले नै सुरू अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिएको र निजको रोहवरमा नै खोलुवा मुचुल्का भएको देखिँदा भन्सार ऐन, २०६४ को दफा ७६ ले तोकेको जिम्मेवारी निजले नै पूरा गर्नुपर्ने।

भन्सार ऐनमा भएको उपर्युक्त कानूनी व्यवस्थासमेतलाई मनन गर्दा यी पुनरावेदकले आफूले ढुवानी गरेको सामानको कानूनबमोजिम लाग्ने महसुल बुझाएको र सोको बिल बिजकसमेत पेस गर्न नसकेको साथै दफा ७६ को उपदफा (२) बमोजिम प्रमाण पेस गर्न सकेकोसमेत नदेखिँदा भन्सार चोरी पैठारी गरेको ठहर गरी राजस्व अनुसन्धान विभागबाट भएको निर्णय सदर गर्ने गरी राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला मिलेकै देखिँदा उक्त फैसला बदर गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी तिलसिंह रावललाई कसुरदार ठहर गरी राजस्व अनुसन्धान विभागबाट मिति ०६७।५।३१ मा भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम सामान जफत गरी प्रतिवादी तिलसिंह रावललाई बिगोबमोजिम रू.२,५०,७००।- जरिवाना गर्ने गरी भएको निर्णय सदर गर्ने गरी राजश्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६९।२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपक पोखरेल

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७७ साल पौष २७ गते रोज २ शुभम्।

३९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०४११, ०७४-CR-०७१०, कर्तव्य ज्यान, सन्तोष राना वि. नेपाल सरकार, नेपाल सरकार वि. सन्तोष राना*

प्रस्तुत वारदातमा साधारण लाठा, ढुङ्गा, लात, मुक्का प्रयोग गरेको नभई तालमा डुङ्गा कसले खियाउने भन्ने विषयमा प्रतिवादी सन्तोष राना र मृतक दिपक लुहारबिच वादविवाद भई डुङ्गा खियाउने लट्ठी खोस्ने क्रममा प्रतिवादीले मृतक दिपक लुहारलाई डुङ्गाबाट धकेल्दा निज दिपक लुहार धकेलीन पुगी बन्दा तालको पानीमा खसेकोमा प्रतिवादीले निजलाई पानीमा डुब्नबाट बचाउने कोसिस नगरी गएकाले निज दिपक लुहार उक्त तालको पानीमा डुबी मरेको पुष्टि भएको हुँदा प्रस्तुत वारदातमा साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने अवस्था विद्यमान नभएकोले उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७४।०२।०९ मा प्रतिवादीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहऱ्याई भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी सन्तोष रानालाई सोही ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने।

प्रतिवादीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद ठहर भए तापनि सर्वस्वको

हकमा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुनेगरी सजाय गरिने छैन" भन्ने, ऐ. दफा १७७ को उपदफा (२) मा ज्यान मार्नेसम्बन्धी कसुर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने प्रावधान रहेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) को प्रतिबन्धात्मक वाक्यांशअनुसार साबिक मुलुकी ऐनभन्दा प्रचलित मुलुकी अपराध संहिताले घटी सजायको व्यवस्था गरेकोमा घटी सजाय गर्नुपर्ने कानूनी व्यवस्थाबमोजिम पुनरावेदक प्रतिवादी सन्तोष रानालाई जन्मकैदको मात्र सजाय हुने।

तथापि प्रतिवादी सन्तोष रानाले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइबी केही नभएको, मृतक र प्रतिवादीसँगै ज्याला मजदुरी गर्ने साथी भएका, मृतकले पिकनिक जाउँ भनी आग्रह गरेका कारण प्रतिवादीसमेत पिकनिक गएको, मृतकले वारदातको दिनमा बिहानैदेखि मादक पदार्थ सेवन गरेकोमा पिकनिक स्थलमा पनि थप मादक पदार्थ सेवन गरेकाले मृतकलाई मादक पदार्थको अत्यधिक नसा लागेको अवस्थामा मृतक र प्रतिवादी सन्तोष राना बन्दा तालमा रहेको डुङ्गामा बसी घरतर्फ आउने क्रममा मृतक तथा आफ्नोसमेत जीवन बचाउने उद्देश्यले प्रतिवादीले आफूले डुङ्गा खियाउने चाहना राखी मृतकको हातमा रहेको डुङ्गा खियाउने लट्ठी खोस्ने क्रममा वादविवाद हुन गएको घटना वारदात परिस्थितिसमेतका समग्र तथ्यहरूलाई विचार गर्दा प्रतिवादीलाई ठहरेबमोजिम सजाय गर्दा न्यायको रोहमा बढी पर्ने देखिएकोले साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम पुनरावेदक प्रतिवादी सन्तोष रानालाई ५ (पाँच) वर्ष कैदको सजाय हुने।

इजलास अधिकृत (उपसचिव): कृतिबहादुर बस्नेत
कम्प्युटर : देबिमाया खतिवडा (देबिना)
इति संवत् २०७८ साल आषाढ ३० गते रोज ४ शुभम्।

४०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-००१५, जबरजस्ती करणी, ईश्वर भन्ने आर्यन थापा वि. नेपाल सरकार*

प्रतिवादी ईश्वर भन्ने आर्यन थापाले पीडित नाम परिवर्तित ७१ सिन्कीलाई जबरजस्ती करणी गरेको भनी सिलसिलेवार रूपले घटना वारदात खुल्ने गरी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान बेहोरालाई जाहेरवाला तथा पीडितले गरिदिएको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट कन्याजाली नदेखिएको भन्ने देखिन आएको तथा सहप्रतिवादी सबिता महतराले अदालतमा गरेको बयानसमेतका मिसिलसंलग्न प्रमाणहरूबाट समर्थित भई पुष्टि भइरहेको देखिँदा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने तथ्य पुष्टि हुन आएको देखिने।

प्रस्तुत मुद्दाका पीडितको जन्म मिति २०५६।५।१४ रहेको भन्ने उल्लेख गरी घटना वारदात हुनुभन्दा पहिले नै मिति २०६६।१।१८ मा Heaven's Garden English School ले पीडितलाई Transfer Certificate दिएको अवस्था छ । तर पीडितले अध्ययन गर्ने गरेको Stone Bridge Secondary School ले मिति २०७१।५।१६ मा दिएको सिफारिस पत्र र माझी गा.वि.स. ले दिएको जन्मदर्ताको प्रमाणपत्र प्रस्तुत मुद्दाको घटना वारदात भएपश्चात प्राप्त गरेको स्थिति देखिएकाले यी लिखतहरूको प्रामाणिक महत्त्व स्वभावत: कम रहन जान्छ । वारदातपश्चात् सिर्जना गरिएका प्रमाणहरू मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूले पनि समर्थित भएमा विचार गर्न सकिने

हो । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८३ तथा साबिक बाल न्याय कार्यविधि नियमावली, २०६३ को नियम १५ बमोजिम पीडितको जन्मदर्तालाई पीडितको उमेर निर्धारण सम्बन्धमा प्राथमिकता क्रमले प्रमाणमा ग्रहण गर्नुपर्ने भए पनि पीडितलाई वारदात हुनुभन्दा पहिले नै Heaven's Garden English School ले दिएको Transfer Certificate मा उल्लेख भएको जन्ममिति तथा पीडितको उमेर १४-१५ वर्ष रहेको भन्ने सेती अञ्चल अस्पतालको स्वास्थ्य परीक्षण प्रतिवेदन र सो प्रतिवेदन पुष्टि हुने गरी डा. समिर खानले अदालतसमक्ष गरेको बयानसमेतबाट घटना वारदात हुँदाको समयमा पीडितको उमेर १४ वर्षदेखि १५ वर्षका बिचमा रहेको भन्ने तथ्य पुष्टि हुन आउने ।

वस्तुत: पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्था छ । मुलुकी ऐन, जबरजस्ती करणीको १ नं .मा "**कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ**" भन्ने कानूनी व्यवस्था गरिएको देखिन्छ । वारदात हुँदाका समयमा पीडित १६ वर्षभन्दा कम उमेरको रहेको भन्ने देखिएकाले प्रतिवादीले पीडितको मन्जुरी लिई वा नलिई जुनसुकै अवस्थामा करणी गरेको भए पनि सो कार्य जबरजस्ती करणीको १ नं. अन्तर्गतको जबरजस्ती करणीको कसुरभित्र पर्ने देखिन्छ । सोही जबरजस्ती करणी महलको ३(३) नं. अनुसार चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणी गर्नेलाई छ वर्षदेखि दश वर्षसम्म कैद सजाय हुनसक्ने कानूनी व्यवस्था रहेको देखिन्छ । तसर्थ, प्रतिवादी ईश्वर भन्ने आर्यन थापालाई जबरजस्ती करणीको ३(३) नं. बमोजिम सजाय गर्नुपर्नेमा ऐ. महलको ३(२) नं. बमोजिम ८ वर्ष कैद गर्ने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला सो हदसम्म मिलेको देखिएन । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा निजले प्राप्त गरेको Transfer Certificate समेतका उल्लिखित मिसिल संलग्न प्रमाणहरूबाट वारदातको समयमा पीडित नाम परिवर्तित ७१ सिन्कीको १४ वर्ष उमेर रहेको भन्ने देखिन आएकाले जबरजस्ती करणीको ३(३) नं. बमोजिम प्रतिवादीलाई सजाय हुने देखिन आउने ।

अत: सुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी पुनरावेदक प्रतिवादी ईश्वर भन्ने आर्यन थापालाई जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम तजबिजी कैद वर्ष ८(आठ) को सजाय गर्ने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७३।९।४ मा भएको फैसला सो हदसम्म मात्र नमिलेको हुँदा केही उल्टी भई निज प्रतिवादी ईश्वर भन्ने आर्यन थापालाई जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ (छ) वर्ष कैद हुने ।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर
कम्प्युटर: देबिमाया खतिवडा (देबिना)
इति संवत् २०७७ साल असार २४ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७२-CR-१३८२, जबरजस्ती करणी, नेपाल सरकार वि. ईश्वर भन्ने आर्यन थापा भएको मुद्दामा समेत यसैअनुसार फैसला भएको छ ।

**इजलास नं.५**

**४१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७५-CR-२३६४, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. शालिकराम गिरी*

प्रतिवादी शालिकराम गिरीले अनुसन्धान

अधिकृतसमक्ष तथा वैदेशिक रोजगार न्यायाधिकरणमा समेत बयान गर्दा जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन भनी रकम लिएको होइन; जाहेरवालासँग घरायसी कामकाजको लागि ब्याज तिर्ने गरी रू.१,५०,०००/- बुझिलिएको हो; जाहेरीमा उल्लेख भएबमोजिम रू.२,५०,०००/- लिएको होइन; जाहेरवालाबाट लिएको रकम पटक पटक गरी रू.२,००,०००/- फिर्ता गरिसकेको छ; रकम नगदै फिर्ता गरेकोले कुनै भर्पाई छैन; जाहेरवालाले रकम असुल्नका लागि जबरजस्ती वैदेशिक रोजगारको लिखत गराएका हुन्; सोसम्बन्धमा कहीँकतै उजुर बाजुर गरेको छैन; मैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति लिएको छैन भनी कसुरमा इन्कारी भई बयान गरेको पाइयो । प्रतिवादी शालिकराम गिरीले जाहेरवाला राजु तामाङलाई वैदेशिक रोजगारमा पठाउन भनी रू.२,५०,०००/- बुझी लिई मिति २०७२/८/२० मा कागज गरिदिएको भन्ने बेहोरा उल्लेख भएको कागज पेस भएको देखिन्छ। सो कागज जाहेरवालाले जबरजस्ती गराएको भनी प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणमा समेत बयान गर्दा उल्लेख गरेको देखिन्छ। जाहेरवालाले प्रतिवादीउपर किटानी जाहेरी दिए तापनि जाहेरी बेहोरालाई पुष्टि गर्न सकेको पाइँदैन। वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी भएको म्याद जाहेरवाला आफैँले बुझेर पनि आफ्नो जाहेरी बेहोरालाई पुष्टि गर्न न्यायाधिकरणमा उपस्थित भई बकपत्र गरेको पाइएन । जाहेरी दिने व्यक्ति स्वयम् साक्षीका रूपमा अड्डामा उपस्थित भई आफूले जाहेरीमा लेखाएको कुरालाई बकपत्र गरी समर्थन गरेको स्थिति नदेखिएको हुँदा जाहेरीको बेहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्त्व राख्ने अवस्था देखिँदैन। प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारको लागि दुबई पठाइदिन्छु भनी रू.२,५०,०००/- लिएको भन्ने जाहेरी कथन अन्य कुनै विश्वसनीय र ठोस सबुद प्रमाणबाट समर्थित भएको पाइएन । जाहेरवाला र प्रतिवादीबिच देवानी प्रकृतिको कारोबारसम्म भएको देखिन्छ । वैदेशिक रोजगारसम्बन्धी कसुरजन्य कार्य भएको थियो भनी विश्वास गर्न सकिने कुनै भरपर्दो प्रमाण पेस हुन आएको पाइएन। फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग दाबी प्रमाणित गर्ने भार वादी नेपाल सरकारको नै हुने भएको र प्रस्तुत मुद्दामा यी प्रतिवादीउपरको अभियोग दाबी खम्बिर हुने प्रमाण वादी पक्षले गुजार्न नसकेबाट प्रतिवादी शालिकराम गिरीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५/९/३० मा भएको फैसला मनासिब देखिने।

अत: प्रतिवादी शालिकराम गिरीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७५/९/३० को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल चैत्र ४ गते रोज ४ शुभम्।**

## ४२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-२३८६, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रविन भन्ने रेशम पुनसमेत*

मिसिल संलग्न जाहेरी दरखास्त हेर्दा प्रतिवादीमध्येका रविन भन्ने रेशम पुनउपर मात्र किटानी जाहेरी परेको देखिन्छ । जाहेरी दरखास्तमा प्रतिवादी शोभा मोक्तान, ज्याक्सन भन्ने अमृत कुँवर र अहमद अली भन्ने मो. अमिरूल राईनउपर कुनै दाबी लिएको देखिँदैन । जाहेरवालाहरूले मौकामा कागज गर्दासमेत प्रतिवादी रविन भन्ने रेशम पुनबाहेकका अन्य प्रतिवादीहरूउपर पोल उजुर गर्न सकेको पाइँदैन। सह अभियुक्त रविन भन्ने रेशम पुनले गरेको पोलसमेतको

आधारमा अन्य प्रतिवादीहरूउपर अभियोग दायर भएको देखिन्छ । सहअभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको पाइँदैन । जाहेरवालाहरूले वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गर्दा आफूले किटानी जाहेरी दिएका रविन भन्ने रेशम पुनको प्रस्तुत कसुरमा संलग्नता नभएको तर जाहेरीमा नाम नै उल्लेख नभएका अन्य प्रतिवादीहरू कसुरदार हुन् भनी बकपत्र गरेको देखिएबाट जाहेरवालाहरूको भनाइ एक आपसमा विरोधासपूर्ण रहेको पाइयो । यसरी प्रतिवादीहरूले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि कम्बोडिया पठाइदिन्छु भनी प्रतिव्यक्ति रू.६,७८,५००।- का दरले जाहेरवाला चार जनाबाट जम्मा रू.१४,२७,०००।- लिएको भन्ने जाहेरी कथन अन्य कुनै विश्वसनीय र ठोस सबुद प्रमाणबाट समर्थित भएको पाइएन। फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग दाबी प्रमाणित गर्ने भार वादी नेपाल सरकारको नै हुने भएको र प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूउपरको अभियोग दाबी खम्बिर हुने प्रमाण वादी पक्षले गुजार्न नसकेबाट प्रतिवादीहरू रविन भन्ने रेशम पुन, शोभा मोक्तान, ज्याक्सन भन्ने अमृत कुँवर र अहमद अलि भन्ने मो.अमिरूल राइनलाई अभियोग दाबीबाट सफाइ तथा जाहेरवाला खगेन्द्र श्रीपाली र रेशम गौतमले प्रतिवादी रविन भन्ने रेशम पुनउपर झुट्ठा जाहेरी दिएको देखिँदा निज जाहेरवालाहरूलाई मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ४४ बमोजिम जनही रू.५०००।- जरिवाना गर्ने गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब देखिने।

अतः प्रतिवादीहरू रविन भन्ने रेशम पुन, शोभा मोक्तान, ज्याक्सन भन्ने अमृत कुँवर र अहमद अली भन्ने मो. अभिरूल राईनलाई अभियोग दाबीबाट सफाइ तथा झुट्ठा जाहेरी दिने जाहेरवालाहरू खगेन्द्र श्रीपाली र रेशम गौतमलाई मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ४४ बमोजिम जनही रू. ५०००।- जरिवाना हुने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७५/९/१७ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल चैत्र ४ गते रोज ४ शुभम्।**

**४३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७७-WH-०३२४, बन्दीप्रत्यक्षीकरण, प्रशुरामप्रसाद यादवको हकमा प्रेमाकुमारी गिरी वि. बारा जिल्ला अदालत*

मुलुकी अपराध संहिता, २०७४ को दफा २४२(२) बमोजिम निवेदकउपर चलेको प्रकृतिको चोरी मुद्दामा कसुरदारलाई बढीमा ३ (तीन) वर्षसम्म कैद र तिस हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको देखिन्छ। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरमा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने, तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने व्यवस्था रहेको देखिन्छ । उल्लिखित कानूनी प्रावधानअनुसार निवेदकलाई तीन वर्षसम्म मात्र कैद हुन सक्ने र सोबाहेक कानूनबमोजिम जरिवाना असुल गर्नुपर्ने अवस्था रहेको देखियो। हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४२(२) तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) बमोजिमको सुविधा यी निवेदकले नपाउने कुनै कारण देखिन आएन। निवेदक प्रशुरामप्रसाद यादवसरहका अर्का प्रतिवादी अवधेश ठाकुरको हकमा उही कसुरमा समान सजाय हुने ठहर भएको अवस्थामा निजले परिवर्तित कानूनबमोजिमको

सुविधा पाउने गरी यस अदालतबाट ०७७-WH-०१४२ को बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा मिति २०७७/१०/२९ मा आदेश जारी भएको समेत देखिन्छ । सोअनुसारको समान सुविधाबाट यी निवेदकलाई बञ्चित गर्नु मनासिब नदेखिने।

अतः मुलुकी अपराध संहिता, २०७४ को दफा २४२(२) तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) बमोजिमको सुविधा निवेदक प्रशुरामप्रसाद यादवले पाउने नै भएको हुँदा निजका नाउँमा मिति २०७६/१२/१० मा जारी गरिएको कैदी पुर्जी संशोधन गरी सोही चोरी मुद्दाका अर्का प्रतिवादी (सह-अभियुक्त) अवधेश ठाकुरले पाउने भनी ठहर भई सुविधा प्रदान गरिएसरह (अर्थात् जरिवानाको कुरामा बाहेक कैद सजायको हकमा तीन वर्षभन्दा बढी कैद सजाय नहुने गरी) संशोधित कैदीपुर्जी दिनु भनी बारा जिल्ला अदालतका नाउँमा परमादेश जारी हुने ठहर्छ। यसरी जारी भएको परमादेशको परिणामस्वरूप निवेदकले कानूनी उपचार प्राप्त गर्ने नै भएको र निजलाई हुन सक्ने तीन वर्ष कैद अवधि भुक्तान हुन अहिले बाँकी नै रहेको अवस्था देखिँदा निजको थुनालाई गैरकानूनी मानेर बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

**इति संवत् २०७८ साल जेठ ३१ गते रोज २ शुभम्।**

**४४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. श्री कुमार चुडाल,** *०७७-WH-०३७४, बन्दीप्रत्यक्षीकरण, हरेन्द्र महतो वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदकका भाइ परिवर्तित नाम थानकोट (म) ०७७/०७८ उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ) र (च) बमोजिमको कसुरमा सोही ऐनको दफा १४(१)(झ) बमोजिम सजाय हुनेमा बाल-बिज्याईँकर्ताको उमेर १८ वर्षभन्दा कम देखिँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम हुन भनी अभियोगपत्र दायर भएको देखियो। निज बालकको साथबाट मिति २०७७/११/१० का दिन अन्दाजी ७:३० बजेको समयमा काठमाडौं जिल्ला नागढुङ्गास्थित चेक-प्वाइन्टमा रौतहटबाट काठमाडौंतर्फ आउँदै गरेको ना.६ख ७१९४ नम्बरको बसमा यात्रा गरी आउँदाको अवस्थामा निजको झोलाबाट प्रतिबन्धित लागु औषध NITRAVET-10 ३,००० ट्याब्लेट, डाइजेपाम (DIAZEPAM) ३०० एम्पुल, फेनारगन (PHENERAGAN) ३०० एम्पुल र नुफिन (NOOPHIN) ३०० एम्पुल बरामद भएको भन्ने देखिन्छ । आफूबाट उक्त लागु औषध बरामद भएको भन्ने तथ्यमा साबित भई निज बालकले अदालतमा बयान गरेकोसमेत पाइयो। बरामद भएको लागु औषध भारतमा गई रू.७०,०००।– (सत्तरी हजार रूपैयाँ) मा खरिद गरेर ल्याएको भन्ने तथ्यसमेत खुल्न आएको देखिन्छ। लागु औषध सेवन गर्ने कुरामा निज बालक साबित नै रहेको भन्नेसमेतका तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी निज बालकलाई मुद्दामा पुर्पक्षका लागि बाल सुधारगृहमा राख्ने गरी आदेश भएको देखिने।

निवेदक बालक परिवर्तित नाम थानकोट (म) ०७७/०७८ उपर चलेको लागु औषध मुद्दाको सिलसिलामा अर्थात् नियमित फौजदारी न्याय प्रक्रियाको सन्दर्भमा मुद्दामा पुर्पक्षका क्रममा बाल सुधारगृहमा रहने गरी साधिकार अदालतबाट आदेश भएको र सोहीअनुसार सुधार गृहमा रहेको देखिन आयो। यस प्रकार सुधार गृहमा राख्न पठाउने आदेश गर्ने सन्दर्भमा बेरित वा कानून प्रतिकूल कुनै काम कारबाही भएको भन्ने देखिँदैन। यसरी सुधार गृहमा राखिएको कारणबाट कुनै गम्भीर अन्यायको अवस्था पैदा भएको छ भनी मान्न सकिने अवस्थासमेत रहेको पाइएन। यस प्रकार बाल न्याय सम्पादन प्रक्रियाको सन्दर्भमा मुद्दामा पुर्पक्षका लागि प्रमाणको आधारमा

बाल सुधारगृहमा राख्ने गरी भएको आदेशलाई गैर कानूनी भनी मान्न मिल्ने देखिँदैन । अतः निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७८ साल जेठ ३१ गते रोज २ शुभम्।

**इजलास नं. ६**

**४५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७२-CI-१२५२, उत्प्रेषणयुक्त परमादेश, अर्जुन जि.सी. वि. सुनकेश थरूनी*

जनताको नजिकको सरकार भनेको स्थानीय निकाय हुने हुँदा "**जनताको दैनिक आवश्यकता र जनजीवनलाई असर पार्ने विषयमा निर्णय गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन पद्धतिको विकासको लागि गठित स्थानीय निकायले कानूनबमोजिम दिएको अधिकारअन्तर्गत रही निवेदकले विपक्षी नगरपालिका कार्यालयमा विवाह दर्ताको लागि निवेदन लिएर आएपछि सोसम्बन्धी सम्पूर्ण बुझ्नपर्ने कुरा बुझी निवेदकलाई कानूनबमोजिमको निकास दिनु**पर्नेमा विपक्षी नगरपालिकाको कार्यालयबाट कुनै कार्यविधि अवलम्बन नै नगरी निवेदकको निवेदनउपर विवाह प्रमाणित गर्ने आधार प्रमाण नदेखिएको, विवाह प्रमाणित गर्न नसकिने बेहोराको तोक आदेश कानून प्रतिकूल देखिई बदर गरी स्थानीय स्वायत्त शासन नियमावलीबमोजिमको प्रक्रिया अवलम्बन गरी जो जे बुझ्नुपर्ने बुझी निवेदनमा टुङ्गो लगाउनु भनी परमादेश जारी गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको आदेशलाई अन्यथा भन्नुपर्ने देखिन नआउने।

तत्कालीन पुनरावेदन अदालत बुटवलले फैसला गर्दा निवेदक मागबमोजिम विवाह दर्ता गर्नु गराउनु भनेको अवस्था छैन । जनताको नजिकको निकायबाट यस्ता प्रकारका निवेदनउपर टुङ्गो लगाउन सहज हुने र सुशासनको प्रत्याभूति हुने मान्यताअनुरूप कानूनद्वारा नै स्थानीय स्वायत्त शासन ऐनबमोजिम स्थानीय निकायलाई केही अधिकार दिएको हुन्छ र त्यही अधिकारको अधीनमा रहेर स्थानीय निकायमा परेको निवेदनउपर कानूनबमोजिमको प्रक्रिया पूरा गरी निवेदनको टुंगो लगाउनु भनेको अवस्था हुँदा उक्त तत्कालीन पुनरावेदन अदालतको मिति २०७२।३।२० को निर्णय कानूनअनुरूपको नै देखिँदा सदर हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७८ साल वैसाख ५ गते रोज १ शुभम्।

- यसै लगाउको ०७४-WO-०४७८, उत्प्रेषणसमेत, कृष्णकुमारी थापा (कोइराला) समेत वि. सूर्यविनायक नगरपालिकाको कार्यालय भक्तपुरसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

**४६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७६-CR-१६७१, कर्तव्य ज्यान, मन्जु चौधरी वि. नेपाल सरकार*

एक अविवाहित महिलाले कुनै व्यक्तिसँग अवैध यौन सम्बन्ध राखेको कारणले गर्भ रहन गएकोमा त्यस व्यक्तिले आफूलाई स्वीकार नगरी गर्भ फाल्नु भन्ने जस्तो धम्की दिएको हुँदा डर, त्रास एवम् सामाजिक लाञ्छनाबाट बच्नका लागि आफ्नो नजिकको आफन्तसमेतलाई आफू गर्भवती भएको कुरा जानकारी नदिई प्रसव पीडासमेत एक्लै सही बच्चा जन्मेको केहीबेरमा आफ्नो सुरूवालले बच्चालाई बेरी हत्या गरेपश्चात् आफूसमेत बेहोस भएको अवस्थामा कठोर अपराधीसरह जन्मकैद जस्तो सजाय गर्दा चर्को पर्ने नै देखिन्छ। यी प्रतिवादीले समाज र आफ्नो नजिकका मानिसबाट हुने गालीगलौज एवम् लाञ्छनाबाट बच्नका

लागि र सामाजिक परिवेश तथा परिस्थितिले बाध्य गरी भएको उक्त वारदातलाई अन्य अपराधीसरह जन्मकैद जस्तो कठोर सजाय गर्नु न्यायपूर्ण पनि देखिँदैन । त्यसैले यस्तो परिस्थितिमा हुन गएको वारदातको प्रकृति, प्रतिवादीको शारीरिक र सामाजिक एवम् आर्थिक अवस्था र प्रश्रव वेदना, अपराध हुनुभन्दा अगाडिको परिवेश, प्रतिवादीको कलिलो उमेर, चेतनाको स्तर एवम् कानूनी अज्ञानताको साथै मृतक शिशुलाई मार्नुपर्ने मनसाय तथा पूर्वतयारीको अभावमा हुन गएको प्रस्तुत घटनाका सन्दर्भमा कठोर अपराधी सरह मानी अभियोग दाबीअनुरूपको सजाय गरिनु न्यायोचित देखिन नआएको भन्दै उच्च अदालत पाटनले यी प्रतिवादीलाई कैद सजाय ३ वर्ष हुँदा पनि न्यायको मक्सद पूरा हुने भनी व्यक्त गरेको उक्त राय फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७(क) समेतको रोहमा मनासिब नै देखिन आएको ।

तसर्थ, प्रतिवादी मन्जु चौधरीलाई जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले उच्च अदालत पाटनबाट मिति २०७६।०८।०९ मा ३ वर्ष मात्र कैद सजाय गर्न मनासिब हुने भनी व्यक्त गरेको राय न्यायको दृष्टिले मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत: विनिता भारती

इति संवत् २०७८ साल आश्विन ५ गते रोज ३ शुभम् ।

४७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-WO-०१३७, उत्प्रेषण / परमादेश, निर्मला शाही वि. रवि कार्कीसमेत*

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को खण्ड (क) को व्यवस्थाबाट परिवारमा छोरा छोरीको जन्म भएको अवस्थामा छोरा छोरीको आमाले उक्त सूचना स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा दिएमा त्यसलाई कानूनअनुरूप दिएको सूचना मान्नुपर्ने देखिन्छ । यसैगरी, विवाह दर्ता सम्बन्धमा सोही ऐनको दफा ४ को खण्ड (ख) लाई हेर्दा "**विवाहको सूचना पति पत्नीले दुवैले**" दिने व्यवस्था गरेको पाइन्छ । यस दफाले पति पत्नी दुवैले सम्बन्धित निकायमा सूचना दिनुपर्ने भनी उल्लेख गरेको भए तापनि यहाँ पति रवि कार्की विरूद्ध नै मुद्दा दायर गरी यी निवेदिका र विपक्षीबिच नाता कायम भइसकेको अवस्थामा यी निवेदिकाले गरेको निवेदन र अनुरोधलाई अस्वीकार गर्दै अन्तिम भएको फैसला विरूद्ध हुने गरी विवाहको आवश्यक प्रमाण वा सिफारिस दिन सम्बन्धित अख्तियारप्राप्त निकायले इन्कार गर्न मिल्ने नदेखिने ।

प्रस्तुत निवेदनमा निवेदिका निर्मला शाही र विपक्षी रवि कार्कीबिच पति पत्नीको नाता रहेको भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०७३।०१।२९ को फैसलाबाट पुष्टि भई सो अन्तिम भएको फैसलाको आधारमा नागरिकता ऐन र जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐनअनुरूप निवेदिकाको मागबमोजिम निजको पुरानो नागरिकता संशोधन हुने एवम् छोरा छोरीको जन्म दर्तासमेत हुने भन्ने देखिँदा निवेदिकाले काठमाडौं जिल्ला अदालतको फैसला पेस गरेमा नाता प्रमाणित प्रमाणपत्र र जन्म दर्ता प्रमाणपत्रको लागि सिफारिस दिन इन्कार नगरी मागबमोजिम सिफारिस गर्नु भन्ने विपक्षी काठमाडौं महानगरपालिका वडा नं.२३ को कार्यालयको नाममा र आवश्यक कागजसहित निवेदन दिएमा नागरिकता ऐन, २०६३ को दफा १७ (३) बमोजिम नागरिकतामा मागबमोजिमको विवरण संशोधन गरी नागरिकताको प्रमाणपत्र दिनु भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: विनिता भारती

इति संवत् २०७८ साल आश्विन ७ रोज ५ शुभम् ।

**४८**

**मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री नहकुल सुवेदी,** *०७१-CI-१५६२, निषेधाज्ञा,*

*शितलप्रसाद गोईत वि. रेखाकुमारी यादव*

विवादित जग्गाको जग्गाधनी प्रमाण पुर्जा रेखाकुमारी यादवसँग छ र सो बदर भएको अवस्था छैन भने जग्गाधनी प्रमाण पुर्जा भएको जग्गा भोग गर्न पाउने हक प्रत्यर्थी/निवेदक रेखाकुमारी यादवसँग हुने नै भयो । यस स्थितिमा निवेदनमा उल्लिखित जग्गाहरू निवेदिका रेखाकुमारी यादवको नाममा दर्ता प्रमाणित भई जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरी निजको हक स्वामित्वमा रहेको देखिँदा उक्त जग्गामा कुनै किसिमको प्रवेश नगर्नु, नगराउनु जग्गा आवाद गर्न कुनै प्रकारको हस्तक्षेप नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई साबिक पुनरावेदन अदालत राजविराजबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः प्रस्तुत निषेधाज्ञा मुद्दामा पुनरावेदन पत्रमा उल्लिखित जग्गा निवेदिका रेखाकुमारी यादवको नाममा दर्ता प्रमाणित भई जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरी निजको हक स्वामित्वमा रहेको देखिँदा उक्त जग्गामा कुनै किसिमको प्रवेश नगर्नु नगराउनु तथा निवेदिकालाई जग्गा आवाद गर्न कुनै प्रकारको हस्तक्षेप नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई साबिक पुनरावेदन अदालत राजविराजले मिति २०७१/५/२९ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: निर्मलाकुमारी खड्का
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल भाद्र ९ रोज ४ शुभम्।

**इजलास नं. ७**

४९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-WO-०७८६, उत्प्रेषण, उज्वलदेव रावलसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत*

एउटै सेवाभित्र पनि समूहहरू फरकफरक हुन सक्ने, पदनाम फरकफरक रहन सक्ने र यस्ता फरकफरक समूहहरूको पदीय जिम्मेवारीको प्रकृतिसमेत फरकफरक नै रहने कुरालाई नकार्न नसकिने।

निवेदकहरू नेपाल न्याय सेवा, न्याय समूह, रा.प.अनं. प्रथम श्रेणी, नायब सुब्बाको पदमा कार्यरत रहेको पाइन्छ । न्याय सेवाअन्तर्गत रहेको तीनवटा समूहमध्ये न्याय समूहमा संलग्न कर्मचारीहरूले मुख्य रूपमा न्याय सम्पादन वा न्यायिक कार्यविधिसँग सम्बन्धित विषयमा न्यायिक कार्यमा सहयोग एवम् सहजीकरण गर्नेलगायतका कार्य, कानून समूहमा संलग्न कर्मचारीहरूले कार्यपालिकाअन्तर्गत नेपाल सरकारलाई कानून मस्यौदा/कानून संशोधनलगायतका विषयसँग सम्बन्धित कार्य र सरकारी वकिल समूहमा संलग्न जनशक्तिले कार्यपालिकाअन्तर्गत रहेर फौजदारी मुद्दाहरूको अभियोजन, सरकारको प्रतिरक्षा एवम् सरकारको प्रमुख कानूनी सल्लाहकारको रूपमा संलग्न भई कार्य सम्पादन गर्ने गरेबाट एकै विज्ञापनबाट, एकै दिन, एकै श्रेणी तर फरकफरक समूहमा पदस्थापन भएका कर्मचारीहरूले गर्ने कामले फरकफरक विषयवस्तुमा ज्ञान, सिप, दक्षता र विशेषज्ञता हासिल गराउने कुरा सहजै अनुमान गर्न सकिने।

यसरी निवेदकले बढुवामा समावेश हुन माग गरेको समूहको काम र निवेदकहरू हाल कार्यरत रहेको समूहको कामको प्रकृतिसँग मेल खाएको देखिँदैन । कानूनले स्पष्ट रूपमा बढुवा हुन सोही समूहमा कार्यरत रहेको हुनुपर्ने भन्ने बाध्यात्मक व्यवस्था उल्लेख गरेबाट फरक समूहबाट पदपूर्ति गराउन मिल्छ भनी अनुमान गर्न सकिँदैन । कानूनले नै स्पष्ट रूपमा भनेको कुरालाई अन्यथा हुने गरी सम्झिनसमेत सकिदैन । विद्यमान निजामती सेवा नियमावली, २०५० को नियम ७६ ले समेत फायल

बढुवामा यस्तै प्रकारको विशेषज्ञ जनशक्ति भित्र्याई, कर्मचारीहरूको मनोबल बढाई, उत्प्रेरणा प्रदान गर्ने र सेवा प्रवाहको स्तरमा समेत बढोत्तरी गराउने लक्ष्य लिएको देखिन्छ । सम्बन्धित समूहबाट आउने जनशक्तिबाट नै राम्रो नतिजा आउने तथा जनशक्ति पनि उत्प्रेरित हुने र बढुवाको लागि कानूनले निर्धारण गरेको योग्यता पुगेको व्यक्तिहरूलाई नै बढुवा गर्नुपर्ने सिद्धान्तबाट यी निवेदकहरू योग्य भएको तथ्य खुल्न आएको पाइँदैन । लोक सेवा आयोगले तोकेको पाठ्यक्रममा प्रतिस्पर्धाद्वारा अन्य सेवामा प्रवेश गर्दा उनीहरूमा न्यूनतम योग्यता र सिप रहे भएको मानिन्छ । यसलाई योग्यता प्रणालीकै अभिन्न अङ्ग मान्न सकिन्छ । तर नियमित फायल बढुवा भनेको निजले हालको पदमा रहेर काम गर्दा आर्जन गरेको ज्ञान, सिप, अनुभव र दक्षतासमेतका आधारमा निजले माथिल्लो पदको जिम्मेवारी वहन गर्न सक्दछ भन्ने मान्यताको आधारमा गरिएको व्यवस्था हो । यसरी, फायल बढुवा र खुला वा आन्तरिक प्रतिस्पर्धाद्वारा पूर्ती गरिने पदहरू भनेका सैद्धान्तिक रूपले फरकफरक आधारबाट पूर्ति गरिने पदहरू हुन् भनी निष्कर्ष निकाल्न सकिने ।

निजामती सेवालाई दक्ष, जवाफदेही, पारदर्शी, सेवाग्राही मैत्री एवम् नतिजा उन्मुख बनाउन यसमा संलग्न जनशक्ति नै मुख्य आधारको रूपमा रहेका हुन्छन् भने निजहरूको सेवा, समूहसम्बन्धी ज्ञान, सिप, क्षमता, दक्षताले यसमा झनै ठुलो भूमिका रहने कुरालाई आत्मसात् गरी राज्यले विभिन्न समयमा यस्ता जनशक्तिको प्राप्ति गर्ने र यिनै जनशक्तिलाई तत्तत् क्षेत्रमा अझै सक्षम र सबल बनाउन विभिन्न किसिमका तालिम, सेवा सुविधामा बढोत्तरी र बढुवा जस्ता व्यवस्था गर्नुका साथै सेवा, समूह, उपसमूह सञ्चालनका लागि छुट्टै नियमहरूसमेत लागु गरेको देखिन्छ । यस प्रकारको समूह तथा उपसमूहको विभाजन सेवाको विशिष्टता र व्यावसायिकताको दृष्टिकोणबाट समेत उपयुक्त मानिएको पाइन्छ भने यस प्रकारको समूह तथा उपसमूहको विविधता कायम नराख्ने हो भने निजामती सेवा, समूहबाट अपेक्षा गरिएको परिणाम एवम् सेवाको विज्ञता प्राप्त नहुनुका साथै विधायिकी मनसायसमेतमा अनुकूलता देखिन नजाने ।

तसर्थ, निवेदनको तथ्य, लिखित जवाफको बेहोरा तथा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क. र निजामती सेवा नियमावली, २०५० को नियम ७६ एवम् नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति सरूवा र बढुवा) नियमहरू, २०५१ ले समेत सेवाको विशिष्टता र व्यावसायिकताको दृष्टिकोणबाट समूह विभाजन गरेको एवम् उक्त व्यवस्थाहरू हालसम्म पनि कार्यान्वयनमा रहिरहेको देखिएको वर्तमान अवस्थामा मागबमोजिम रिट जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: निराजन पाण्डे
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७७ साल चैत्र ८ गते रोज १ शुभम् ।

यसै लगाउमा निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-WO-०८६१, उत्प्रेषण, त्रिविक्रम ज्ञवालीसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत
- ०७५-WO-०६५५, उत्प्रेषण, नारायणप्रसाद रिजालसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत
- ०७५-WO-०६६४, उत्प्रेषण, टेकबहादुर श्रेष्ठसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत
- ०७५-WO-०६५४, उत्प्रेषण, प्रकाश पराजुलीसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत

५०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CI-१२०१ लिखत बदर, ज्योत्सना गौतम वि.केशवराज रेग्मीसमेत*

प्रतिवादी निर्मला रेग्मीको नाममा रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१० सि.नं. ११०६-२४ कि.नं. ११५ क्षे.फ. ०-८-२-३ को घरजग्गामध्ये पश्चिमतर्फबाट ०-४-२-० घरजग्गा मात्र विपक्षीमध्येका पुनरावेदक वादीका पति/पिताले अंश बुझेको र सो सँगै अन्य पैतृक सम्पत्तिमा छोडपत्र गरेकोबाट यी वादीहरूको हकमा प्रतिकूल असर पर्न गएको छ, छैन भन्ने सम्बन्धमा निक्यौंल गर्न सो भरपाईमार्फत प्राप्त गरेको सम्पत्तिको परिमाणमा समानुपातिक भएर मात्र पुग्दैन, सम्पत्तिको बाँडफाँडमा नरम गरमसमेत मिलेको हुनुपर्ने ।

इजलाससमक्ष पेस भएको सर्भे नक्साको अवलोकन गर्दा प्रत्यर्थी प्रतिवादी सन्दिपराजले प्राप्त गरेको सो घर जग्गा क्षेत्रफलमा आधा पाएको देखिए पनि सो कित्ताको पूर्वपट्टि मूल सडकतिरको भाग दाताको नाममा बाँकी राखी पश्चिमतर्फको सहायक सडकमा रहेको घर निज सन्दिपलाई अंशबापत दिएको देखिन्छ । त्यसमा पनि दुवैतर्फ अन्य प्रत्यर्थी प्रतिवादीहरूको नाममा घर जग्गा भई निजले पाएको भागको मोहडा थोरै मात्र उक्त सहायक बाटोमा जोडिएकोबाट पनि नरम गरम असल कमसल मिलेको देखिएन । मिति २०७१।७।१ मा यी निवेदक वादीले काठमाडौं जिल्ला अदालतसमक्ष यी प्रतिवादीहरूलाई अंश चलन मुद्दा र मानाचामल मुद्दा दायर गरी मिति २०७१।०८।२९ मा भएको मिलापत्रमा सम्पत्ति एकासगोल रहने भनी उल्लेख भएकोमा सो मुद्दाबाट रहेको रोक्का फुकुवा भएपश्चात् मिति २०७१।०९।०९ मा यी वादीको अंशहक मेटाउने गरी अंश भरपाई लिखत गरेबाट अंश मुद्दामा मिलापत्र हुँदा वादीको अंशसमेत प्रतिवादीकै जिम्मामा रहने भन्ने उल्लेख भएको तर उक्त मिलापत्रको सर्त विपरीत अंश छोडपत्र पारित गरेको देखिएबाट यी प्रतिवादीहरूले पूर्वनियोजित रूपमा वादीहरूको हकमा असर पार्ने गरी सो लिखत भएको देखिने ।

अंश भनेको अंशियार भएका नाताले स्वतः प्राप्त हुने अन्तरनिहित अधिकार हो । अंश जस्तो अधिकारलाई कुनै सर्त बन्देजले निष्क्रिय वा सङ्कुचित गर्न सक्दैन । त्यस्तै प्रतिवादीहरूले मिलापत्र गर्दा एक प्रकारको व्यवहार उल्लेख गर्ने तथा केही दिनपछि फेरि यी वादीको अंश मर्ने गरी अंश भरपाई गरिदिएको देखिन्छ । अंश हक आफ्नो उत्तराधिकारीमा समेत हस्तान्तरण हुँदै जाने प्रकृतिको अधिकार भएकोले सबै अंशियारका मन्जुरी भएपछि मात्र अंशबन्डा गर्नुपर्ने हुन्छ । अंश जस्तो कानूनी हक अधिकारलाई सङ्कुचित गर्ने गरी भएको उक्त अंश भरपाईको आधारमा वादीलाई अंश हकबाट वञ्चित गर्न मिल्दैन । अतः तायदाती फाँटवारीमा देखिएको सम्पत्तिको अनुपातमा वादीका पति/पिता प्रतिवादी सन्दिपराज रेग्मीले बुझेको उक्त अंश कम भएको देखिँदा र.नं. २४१५(घ) को उक्त अंश भरपाई लिखत बदर गरिपाउँ भन्ने वादीको दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला मिलेको नदेखिने ।

तसर्थ, मिति २०७१।९।९ को लिखतबाट यी वादीको अंश हकमा प्रतिकूल असर परेको तथा नरम गरम मिलाएको समेत नदेखिँदा काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।९।१८ मा भएको फैसला सदर गरेको उच्च अदालत पाटनबाट मिति २०७५।८।१७ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई मिति २०७१।९।९ मा र.नं.२४१५(घ) बाट मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंबाट पारित भएको अंश भरपाईको लिखत

बदर हुने ।

इजलास अधिकृत:- सोनी श्रेष्ठ

कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल फागुन २३ गते रोज १ शुभम् ।

- यसै लगाउको निम्न मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।
- *०७५-CI-१२०२, अंश चलन, ज्योत्सना गौतम वि. ऋषिकेशवराज रेग्मीसमेत*
- *०७५-CR-२५०८, जालसाजी, ज्योत्सना गौतम वि. ऋषिकेशवराज रेग्मीसमेत*
- *०७५-CI-१२०३, अंशसहित सम्बन्ध विच्छेद, ज्योत्सना गौतम वि. ऋषिकेशवराज रेग्मीसमेत*

५१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-००६९, बन्दीप्रत्यक्षीकरण, राजु गुरूङ वि. काठमाडौं जिल्ला अदालतसमेत*

कुनै अदालतबाट कुनै कानूनअन्तर्गत ठहर भएको सजाय सोही कानूनबमोजिम कार्यान्वयन गरिने तर त्यस्तो कुनै कानूनअन्तर्गत भएका सजाय संहितामा व्यवस्था गरिएको सजायभन्दा बढी भएको अवस्थामा संहितामा उल्लेख भएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने भन्ने विधायिकी मनसाय रहेको देखिने ।

रिट निवेदकलाई अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. र ७ नं. बमोजिम ठहर भएको कैद निजले भुक्तान गरिसकेको देखिएको, साबिक अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ९ नं. बमोजिमको थप सजाय हुन सक्ने व्यवस्था हाल मुलुकी फौजदारी अपराध संहिता, २०७४ मा नरहेकोले यी निवेदकका हकमा अन्तिम भई बसेको फैसलाबमोजिम १० वर्षको कैद सजाय भुक्तान गरिसकेको देखिँदा निजलाई लागेको जरिवाना तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४२ बमोजिम तत्काल बुझाउनुपर्ने क्षतिपूर्ति बुझाएको र निजलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको सन्दर्भमा रहेको कैदबाट थुना मुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने । यी निवेदक राजु गुरूङलाई मिति २०७२।३।१५ मा जरिवानाबापत समेत कैदम्याद ठेकी पठाएको पत्र, कैदी पुर्जीसमेत कानूनबमोजिम नभएकोले निवेदकको थुना गैहकानूनी देखिँदा तुरून्त कैद मुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: शान्ति तामाङ

इति संवत् २०७७ साल असोज १३ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०७७-WH-००६८, बन्दीप्रत्यक्षीकरण, सूर्यमान लामा वि. काठमाडौं जिल्ला अदालतसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०२७६, बन्दीप्रत्यक्षीकरण, कृष्णमुरारी रौनियार वि. उच्च अदालत, जनकपुर अस्थायी इजलास वीरगन्जसमेत*

जयशंकर साहको जाहेरीले वादी नेपाल सरकार वि. अमिर ग्वाला भएको मुद्दामा सुरू पर्सा जिल्ला अदालतबाट यी निवेदक प्रतिवादीलाई २ महिना कैद र रू. ८ लाख जरिवानाबापत कैद हुने गरी मिति २०७४/०२/०१ मा भएको फैसला उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५/०३/१२ मा सदर भएको देखिन्छ । उक्त

फैसलाबमोजिम कैदबापत मिति २०७५/०१/१९ देखि लागु भई मिति २०७५/०३/१९ मा कैदबाट छुटी जाने र जरिवानाबापत मिति २०७५/०३/१९ देखि मिति २०७८/०३/१८ सम्म कैदमा बस्नुपर्ने गरी कैदी पुर्जी जारी भएकोमा कैद अवधी भुक्तान भए तापनि जरिवाना रू.८ लाखबापत कैद बसिरहेको अवस्थामा मुलुकी अपराध संहिता, २०७४ लागु भएको र रहजनीसम्बन्धी व्यवस्था उक्त ऐनमा नभई ऐ. संहिताको दफा २४२(२) मा भएको अन्य अवस्थाको चोरीको कसुरमा ३ वर्षसम्म कैद र अधिकतम जरिवाना रू.३०,०००।- (तिस हजार) मात्र हुने अवस्था देखिने।

यस सम्बन्धमा केही नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) अनुसार *"कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ। तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ"* भन्ने व्यवस्था रहेबाट निवेदक/प्रतिवादीले कैद सजाय भुक्तान गरिसकेको अवस्थामा अधिकतम जरिवाना रू.३०,०००।- (तिस हजार) मात्र हुने देखियो । प्रतिवादी मिति २०७५/०१/१९ गतेदेखि निरन्तर कैदमा बसेको भन्ने देखिएको हुँदा निजले कैद र जरिवानाबापत भोग्नुपर्ने अधिकतम कैद अवधि भुक्तान भइसकेको देखिएको हुँदा निवेदकलाई अन्य कुनै मुद्दामा थुनामा राख्नुपर्ने नभए प्रस्तुत मुद्दामा आजै थुनामुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत:- निराजन पाण्डे

कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल चैत्र १३ गते रोज ६ शुभम्।

## इजलास नं. ९

*५३*

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-CR-०५२४, कर्तव्य ज्यान, पहलमान दर्जी वि. नेपाल सरकार*

प्रतिवादी कमल भन्ने पहलमान दर्जी स्वयंले मृतक श्रीमती मीना दर्जीलाई दुई पटकसम्म धकाली निजको टाउको ढुङ्गामा ठोकिई चोट लागेको कारण ज्यान मर्न गएको भनी अदालतसमक्ष समेत आफ्नो कसुर स्वीकार गरी बयान गरेका छन्। निज प्रतिवादीले साबित भई गरेको बयान शव परीक्षण प्रतिवेदन तथा वस्तुस्थिति मुचुल्काको कागज गर्ने ताराप्रसाद राईको बकपत्रसमेतबाट समर्थित भएको छ । मृतक मीना दर्जीलाई प्रतिवादीले कुटपिट गरी घाइते बनाउँदै आएका थिए भनी वस्तुस्थिति मुचुल्कामा लेखाएका ताराप्रसाद राईले सो भनाइलाई समर्थन गर्दै अदालतमा उपस्थित भई बकपत्रको स.ज. ७ मा *"पहलमान र मीनाबिच पहिलेदेखि नै झगडा भइरहने गर्दथ्यो...पहलमानले उनकी श्रीमती मीनाको कुटपिट गरी हत्या गरेका हुन्"* भनी बकपत्रसमेत गरेको देखिन्छ। जाहेरवाला सन्चहाङ्ग सुब्बाले बकपत्रको स.ज. ७ मा *"प्रतिवादीले त्योभन्दा अघि पटक पटक कुटपिट गर्ने गर्थे"* भनी लेखाएको देखिन्छ। यसरी यी प्रतिवादीले पहिला देखि नै निजकी श्रीमतीलाई कुटपिट गर्ने गरेको र निजले नै मृतक श्रीमतीलाई दुई पटकसम्म धकालेको कारणबाट टाउकोमा चोट लागी मृत्यु भएको परिस्थितिसमेतबाट उक्त वारदात भवितव्यपूर्वक नभई प्रतिवादीकै कर्तव्यबाट भएको पुष्टि हुन आउने।

तसर्थः प्रतिवादी कमल भन्ने पहलमान दर्जीलाई अभियोग माग दाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को

कसुर अपराधमा सोही १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मिलेको देखिँदा अन्यथा गरिरहनुपर्ने अवस्था रहेन । यस अदालतको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन सकिएन। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको र मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्म कैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मार्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहेभएको देखिएकोले प्रस्तुत मुद्दामा पनि यी प्रतिवादी कमल भन्ने पहलमान दर्जीलाई दाबीअनुसार साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं अनुसार सर्वस्वसहित जन्मकैद नहुने भई निजलाई जन्मकैदको मात्र सजाय हुने।

प्रस्तुत मुद्दामा घटित वारदातको प्रकृति तथा स्वरूप हेर्दा, प्रतिवादीले मृतक मीना दर्जीलाई पूर्वयोजना बनाई योजनाबमोजिम हत्या गरेको देखिँदैन। मृतकसँग घर सर्ने जस्तो सामान्य विषयलाई लिएर उत्पन्न भएको वादविवादको कारण एकाएक वारदात भएको देखिन्छ । जोखिमी हतियारको प्रयोग नभई प्रतिवादीले मृतकलाई धकेल्दा लड्न पुगी वारदातस्थलमा भुईँमा ओछ्याइएको ढुङ्गामा ठोकी टाउकोमा लागेको चोटपटकबाट घाइते भई उपचारको क्रममा मृतकको मृत्यु भएको भन्ने मृतकको लास प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट देखिन आएको छ । मृतक घाइते भइसकेपछि उपचारको लागि अस्पताल लैजान प्रतिवादीसमेतले मद्धत गरेको भन्ने देखिन्छ । मृतक मीना दर्जी प्रतिवादीको आफ्नै श्रीमती भएको र निजलाई ज्यान मार्नुपर्ने कारण र मार्ने पूर्वतयारी योजना नभई घर सार्ने विषयमा विवाद उत्पन्न भई घटना हुन गएको भन्ने तथ्य मिसिलबाट स्थापित छ । यी प्रतिवादीले आरोपित कसुरमा साबित रही न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएको नै देखिन्छ । यसरी पूर्वयोजना बनाई मृतकलाई मारेको नदेखिएको, मृतक र प्रतिवादीबिच घर सर्ने विषयमा विवाद भई घटना घट्न पुगेको देखिएको, धारिलो वा जोखिमी हतियारको प्रयोग नभएको, मृतकलाई मार्नुपर्नेसम्मको अवस्था नरहेको, निजको कुनै आपराधिक पृष्ठभूमि नरहेको र प्रतिवादीको उमेर अवस्था तथा निजमा आश्रित बालक छोरासमेतलाई दृष्टिगत गर्दा प्रतिवादीलाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले तत्काल प्रचलित मुलुकी ऐन, अ.बं. १८८ नं. तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क.(१) बमोजिम १० वर्ष कैद सजाय गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासले राय व्यक्त गरेकोमा ८ वर्ष मात्र कैद सजाय गर्दा पनि न्यायको मक्सद पूरा हुने नै देखिँदा ८ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत:- मतिना शाक्य

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०७८ साल माघ २७ गते रोज ५ शुभम्।

५४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०७८-WH-०१५९, बन्दीप्रत्यक्षीकरण, सुरज गुरूङ वि. उच्च अदालत पाटन, ललितपुरसमेत

उच्च अदालत पाटनमा चलेको बैंकिङ कसुर मुद्दाको बारेमा आफूलाई थाहा जानकारी नभएको, आफू बसोबास गरेको वतनमा म्याद तामेल नगरी स्थायी वतनमा म्याद जारी भई तामेल भएको र प्राकृतिक न्यायको सिद्धान्त विपरीत सुनुवाइको मौका नै नदिई भएको फैसलाले आफूलाई अन्याय

परेको भन्ने निवेदकको जिकिर सम्बन्धमा विचार गर्दा, प्रतिवादीको स्थायी वतन तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं.९ देखिन्छ भने हाल यी निवेदक एम. एम.जि. कन्स्ट्रक्सन प्रा.लि.को सञ्चालक रही निज काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१६ नयाँबजारमा परिवारसाथ बसोबास गरी आइरहेको देखिन्छ भने निवेदकको स्थायी वतन तनहुँ जिल्ला, ब्यास नगरपालिका वडा नं.९ मा म्याद जारी गरेको र निवेदकको नाउँमा जारी भएको म्याद घर दैलोमा टाँस भएको भनिए तापनि फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को उपदफा (४) मा ***"उपदफा (३) बमोजिम सम्बन्धित व्यक्ति वा निजको एकाघरका व्यक्तिले समेत बुझी नलिएमा स्थानीय तहको सम्बन्धित वडाको सदस्य एक जना र कम्तीमा दुई जना स्थानीय व्यक्तिसमेत राखी आफ्नो तथा निजहरूको समेत सहीछाप गराई एक प्रति निजको घर दैलामा टाँसी एकप्रति म्याद सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बुझाई एकप्रति तामेली समाह्वान अदालतमा दाखिला गर्नुपर्ने छ ।"*** भन्ने कानूनी व्यवस्थाबमोजिम निज निवेदकको नाउँमा टाँस भएको म्यादमा स्थानीय तहको सम्बन्धित वडाको सदस्यको उपस्थितिमा म्याद तामेल गरेको भन्ने उच्च अदालत पाटन, ललितपुरबाट जारी भएको समाह्वान म्यादबाट नदेखिँदा बेरितपूर्वक तामेल भएको तामेली म्यादको आधारमा प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल हुने गरी सुनुवाइको मौका प्रदान नगरी निवेदकलाई कैद तथा जरिवाना हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७८।८।२४ मा भएको फैसला कानूनसम्मत् नदेखिने।

प्राकृतिक न्यायको सिद्धान्तको मूल मर्म भनेकै कुनै व्यक्ति विरूद्ध लगाइएको अभियोगको सम्बन्धमा कानूनबमोजिमको प्रक्रिया अपनाई निजलाई प्रतिवादको अवसर प्रदान गर्नु हो। यो केवल औपचारिकता निर्वाह गर्ने विषय हुन सक्दैन। म्याद सूचना तामेल गर्दा जुन व्यक्तिको नाउँमा म्याद जारी गरिएको हो सो व्यक्तिले जानकारी पाउन सक्ने गरी निजको वास्तविक वतन उल्लेख गरी कानूनबमोजिमको उचित प्रक्रिया पूरा गरी म्याद तामेल गरिनुपर्दछ । म्याद सूचना तामेल हुनै नसक्ने गलत प्रक्रियाबाट तामेल भएको म्याद सूचनाबाट प्रतिवादको अवसर प्रदान गर्नुपर्ने कानूनी सर्त पूरा भएको सम्झन मिल्दैन। म्याद जारी गर्ने तथा तामेल गर्ने कार्य नै त्रूटिपूर्ण भएको अवस्थामा त्यस्तो त्रूटिपूर्ण कार्यका आधारमा भए गरिएको निर्णय वा फैसलाले कानूनी मान्यता प्राप्त गर्न नसक्ने।

अत: निवेदक सुरज गुरूङउपर चलाइएको बैंकिङ कसुर मुद्दामा कानूनबमोजिमको विधि एवम् प्रक्रियाअनुसार म्याद सूचना जारी गरिएको र तामेल भएको नदेखिँदा प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल कारबाही र फैसला भएको देखियो । निवेदकको वास्तविक वतन खुलाई म्याद जारी गरी तामेल गराउने कार्य भएको नदेखिँदा निजलाई रीतपूर्वक प्रतिवादको अवसर प्रदान गरिएको मान्न मिलेन। तसर्थ निवेदक सुरज गुरूङको नाममा जारी गरिएको र तामेल गरिएको विवादित म्याद, सो म्यादका आधारमा उच्च अदालत पाटनबाट मिति २०७८।८।२४ मा ०७७-CB-१०९३ को बैंकिङ मुद्दामा भएको फैसला कानूनप्रतिकूल देखिँदा निवेदकको हकमा उल्लिखित तामेली म्याद, फैसला र सो फैसलाका आधारमा ललितपुर जिल्ला अदालतबाट जारी भएको कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरिएको छ। अब निज निवेदक सुरज गुरूङलाई कारागार कार्यालय नख्खुबाट उच्च अदालत पाटनमा उपस्थित गराई निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायतका जे जो प्रक्रिया पूरा गर्नुपर्छ सो पूरा गरी निजको हकमा पुन: कानूनबमोजिम फैसला गर्नु भनी उच्च अदालत पाटनसमेतका विपक्षीहरूको नाउँमा परमादेश जारी हुने ठहर्छ। उपर्युक्तानुसार जारी भएको उत्प्रेषण तथा

परमादेशको आदेशको परिणामस्वरूप निवेदकले कानूनी उपचार प्राप्त गरेको र अन्य तथ्यगत एवम् कानूनी प्रश्नको निरूपण मुद्दामा गरिने सुनुवाइका क्रममा निरूपण हुने नै भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृत :- हिरा डंगोल/इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर :- सरस्वती दाहाल

**इति संवत् २०७८ साल चैत्र २९ गते रोज ३ शुभम्**

**५५**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७८-WH-०१२९, बन्दीप्रत्यक्षीकरण, प्रतिक्षा सुवेदी वि. काठमाडौं जिल्ला अदालत*

निवेदक भोजबहादुर थापा अपहरण तथा जबरजस्ती करणी कसुरको अभियोगमा सुरू काठमाडौं जिल्ला अदालतबाट कसुरदार ठहर भई फैसला कार्यान्वयनको सिलसिलामा कारागार कार्यालय, नख्खुमा थुनामा रहेको देखिन्छ । मिसिल संलग्न काठमाडौं जिल्ला अदालतको च.नं. १४४०, कैद ढड्डा नं. २३१ मिति २०७४।७।८ को कैदी पुर्जीबाट प्रतिवादी भोजबहादुर थापालाई अपहरण तथा शरीर बन्धक लिनेको महलबमोजिम ४।०।० कैद र ऐ. ऐनको ७ नं. बमोजिम थप २।०।० वर्ष कैदसमेत जम्मा ६।०।० (छ वर्ष) कैद र रू.२५, ०००।- (पच्चिस हजार रूपैँया) जरिवाना हुने ठहरेकोमा निज प्रतिवादी अनुसन्धानको क्रममा मिति २०७३।०५।२१ मा पक्राउ परी प्रहरी हिरासत तथा कारागार कार्यालयमा थुनामा रहेको देखिँदा निज प्रतिवादीलाई लागेको कैद जम्मा ६।०।० (छ वर्ष) बापत सोही मिति २०७३।०५।२१ देखि कैद कट्टा हुने गरी मिति २०७९।०५।२० गतेसम्म नियमानुसार सिधा खान दिई थुनामा राखी निजलाई ठहरेको रू.२५, ०००।- (पच्चिस हजार रूपैँया) जरिवाना दाखेल गरेमा अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रतिवादी भोजबहादुर थापा मिति २०७९।०५।२१ मा र जरिवाना नबुझाए सो बापत मुलुकी ऐन, दण्ड सजायको महलको ३८, ४० र ५३ नं. समेतका आधारमा २।९।० (दुई वर्ष नौ महिना) कैद हुने र सोबापत कैद गर्नुपर्दा मिति २०७९।०५।२१ गतेदेखि मिति २०८२।०२।२० गतेसम्म नियमानुसार सिधा खान दिई थुनामा राखी अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए मिति २०८२।०२।२१ मा कैद मुक्त हुने भन्ने देखिन्छ। यी निवेदकले गरेको कसुरको प्रकृतिसमेतलाई हेर्दा निजले अन्य व्यक्तिहरूसँग मिली पूजाको लागि बलि दिने उद्देश्यले पीडितहरूको अपहरण गरेको भन्ने देखिन्छ। यसरी कानूनले तोकेको विधि र प्रक्रिया पूरा गरी प्रमाणको आधार र कारणबाट कानूनबमोजिम तीनै तहको अदालतबाट कसुरदार ठहर भई फैसलबमोजिम कैद भुक्तानको क्रममा थुनामा रहेको हुँदा निज निवेदक भोजबहादुर थापा गैरकानूनी थुनामा रहेको अवस्था नदेखिने।

अतः रिट निवेदक भोजबहादुर थापा गैरकानूनी रूपमा थुनामा रहेको नदेखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मतिना शाक्य

कम्प्युटरः सरस्वती दाहाल

इति सम्वत् २०७८ साल फागुन ३० गते रोज २ शुभम्

**५६**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-०७०३, जबरजस्ती करणी, नेपाल सरकार वि. टेकबहादुर बुढाथोकी*

जबरजस्ती करणीजस्तो गम्भीर अपराधमा अन्यथा प्रमाणित नभएसम्म पीडितलाई प्रत्यक्ष र भरपर्दो प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । जाहेरी दरखास्तमा प्रतिवादीले जाहेरवालालाई डर, धाकधम्की दिई जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको बेहोरालाई अन्यथा प्रमाणित नभएसम्म प्रमाणयोग्य मान्नुपर्ने नै हुन्छ । पीडितको

तर्फबाट परेको जाहेरी, सो जाहेरीलाई समर्थन हुने गरी पीडितलगायत अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूले अदालतसमक्ष गरेको बकपत्रजस्ता प्रमाणहरूसमेत ग्रहणयोग्य देखिन्छन् । जाहेरवालाले पूर्वाग्रही भई जाहेरी दिएकी हुन् भन्ने प्रतिवादी एवम् निजका साक्षीको बकपत्र बेहोरा रहेको देखिए तापनि अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूले समेत जाहेरवालाकै भनाइमा लागेर कुनै पूर्वाग्रह नभएका प्रतिवादीका विरूद्धमा अनुसन्धानको क्रममा बेहोरा लेखाउने र सो बेहोरालाई नै समर्थन गरी अदालतमा आई बकपत्र गरिदिनुपर्ने कारण र प्रयोजनसमेत देखिँदैन । प्रतिवादीले अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको देखिए पनि निजको इन्कारी एवम् निर्दोषिता पुष्टि हुने वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको देखिँदैन । त्यसकारण प्रतिवादीले जाहेरवालालाई जबरजस्ती करणी गरेको नहुँदा निजले अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत, पाटनबाट भएको फैसला कानून एवम् न्यायसम्मत् देखिन आएन । यस दृष्टिकोणबाट उच्च अदालत पाटनबाट भएको फैसला सदर कायम गरिपाउँ भन्ने प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिर तथा प्रतिवादीको लिखित प्रतिवादसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी टेकबहादुर बुढाथोकीलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (५) बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने र सोही महलको १० नं.बमोजिम प्रतिवादीबाट जाहेरवालीलाई रू.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति भराइदिने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७३।०४।३१ को फैसला उल्टी गरी प्रतिवादी टेकबहादुर बुढाथोकीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत, पाटनको मिति २०७३।०७।०९ को फैसला कानूनसम्मत मिलेको नदेखिँदा उल्टी हुने भई निज प्रतिवादी टेकबहादुर बुढाथोकीलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ नं. को देहाय (५) को कसुरमा सोही महलको ३ नं. को देहाय (५) बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने र सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट जाहेरवालीलाई रू.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति भराइदिने ।

इजलास अधिकृतः- इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७८ साल फागुन १३ गते रोज ६ शुभम् ।**

**५७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७८-WH-०१४४, बन्दीप्रत्यक्षीकरण, नविना दाहाल वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

रिट निवेदक नविना दाहाललाई महानगरीय प्रहरी वृत्त, सिंहदरबार, काठमाडौंले मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ को सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विद्धका कसुरमा दफा ११८ बमोजिम अभद्र व्यवहार कसुर अपराधमा पक्राउ गर्न अनुमति माग गरिएकोमा मिति २०७८।११।०८ गते निजलाई जरूरी पक्राउ पुर्जी जारी गरेकोमा सोही मितिदेखि लागु हुने गरी पहिलो पटक ७ दिन म्याद दिई अनुसन्धानको कार्य गर्न दिइएकोमा निज नविना दाहालको हकमा कानूनी कारबाही भइरहेको मुद्दामा अनुसन्धानको लागि पक्राउ गरी निरन्तर गैरकानूनी थुनामा राखेकाले विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने निवेदन दाबी तथा निवेदक/प्रतिवादीलाई अदालतबाट म्याद थपसमेत गरी न्यायिक हिरासतमा राखिएकोले झुट्टा रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफको जिकिर रहेको पाइन्छ । निवेदकको निवेदन बेहोरासहितको मिसिल संलग्न कागजातहरू र विपक्षीहरूबाट पेस भएको लिखित जवाफहरूको अध्ययन गर्दा बन्दी बनाइएको भनिएकी नविना

दाहाल मिति २०७८।११।११ गते दिपकबहादुर शाही नामको व्यक्तिले महानगरीय प्रहरी वृत्त सिंहदरबार काठमाडौंमा प्रतिवादी सुनिता बुढाथोकी र नविना दाहाललाई खोजी भएका बखत उपस्थित गराउने गरी मेरो जिम्मामा बुझी लान मन्जुर छु भनी कागज गरेको भन्ने पत्र बेहोरासमेतबाट मिति २०७८।११।११ मा थुनामुक्त भइसकेको देखियो। यसमा निवेदक स्वयम् ले मिति २०७८।११।११ गते राति १० वजे थुनामुक्त भइसकेको भनी इजलास बसेकै दिन आफू थुनामुक्त भइसकेको बेहोराको निवेदन दर्ता भएको देखिँदा निवेदनको औचित्यता समाप्त भएकोले केही गर्नु परेन। तसर्थ, बन्दी बनाइएको भनिएकी नविना दाहाल मिति २०७८।११।११ मा थुनामुक्त भइसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायणप्रसाद चापागाई

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ साल फागुन १५ गते रोज १ शुभम्।

**५८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७४-WO-१००९, उत्प्रेषणसमेत, गंगाधर पराजुली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदक गंगाधर पराजुली न्यूनतम पारिश्रमिक निर्धारण समितिको अध्यक्ष पदमा निरन्तर कामकाज गर्दै आइरहेको देखिन्छ। श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११ को उपदफा १(क) अनुसार सोही ऐनको दफा ११(२) बमोजिम २ वर्षको कार्यकाल हुने निश्चित गरिएको छ। यसबमोजिम अध्यक्षको कार्यावधि २ वर्षको भएको र उक्त २ वर्षको कार्यावधि निज निवेदकले नियुक्ति पाएको मिति २०७४।९।२८ बाट मिति २०७६।०९।२७ मा पूरा भइसकेको देखिन्छ। श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११ को उपदफा १(क) अनुसार सोही ऐनको दफा ११(२) बमोजिम निवेदकको २ वर्षको कार्यकाल व्यतित भइसकेको देखिएको हुँदा प्रस्तुत रिट निवेदनमा रहेको विवादित प्रश्नको नै औचित्य समाप्त भइसकेको देखिन आएको।

अतः श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११ को उपदफा १(क) अनुसार सोही ऐनको दफा ११(२) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबमोजिम न्यूनतम पारिश्रमिक निर्धारण समितिको अध्यक्ष पदमा यी रिट निवेदकको नियुक्ति भएको र सोही ऐनको दफा ११(२) बमोजिम निजले २ वर्षको कार्यावधि पूरा गरिसकेको अवस्था विद्यमान भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नारायणप्रसाद चापागाई

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ साउन २९ गते रोज ६ शुभम्।

**५९**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा. श्री कुमार चुडाल,** ०७३-WO-०३१९, उत्प्रेषणयुक्त परमादेश, खड्कबहादुर शाही वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत

लोक सेवा आयोग मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय वीरेन्द्रनगर सुर्खेतद्वारा प्रकाशित गरिएको वि.नं. १४३१६/०७२-७३(आ.प्र.), नेपाल स्वास्थ्य सेवा, हे.ई. समूह, पाँचौं तह, सि.अ.हे.व./हे.अ. वा सोसरहको मिति २०७३।०२।०१ मा सञ्चालित लिखित परीक्षामा सम्मिलित भई अन्तर्वार्ताका लागि छनौट हुनुभएको देखिए पनि खुल्ला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने कुनै तहको पदमा समान तहको वा समान तहमा स्तरवृद्धि भई पदनाम प्राप्त गरेको तर यो ऐनबमोजिम समायोजन भई पदस्थापन भई नसकेको कुनै कर्मचारीले त्यस्तो परीक्षाको लागि निर्धारित योग्यता पूरा गरेको भएमा निजसमेत सो परीक्षामा सामेल हुन सक्नेमा यी निवेदक स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कर्मचारी प्रशासन

शाखाको च.नं. २१/ विशेष पदस्थापन /१३६० मिति २०७२।०१।०३ को विशेष पदस्थापनसम्बन्धी पत्रानुसार नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७१।११।१३ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ख. अनुसार सुरू नियुक्ति भएको पद अ.हे.व. (नेपाल स्वास्थ्य सेवा, हे.ई.समूह, सहायक चौथो श्रेणी/तह) बाट सि.अ.हे.व. (नेपाल स्वास्थ्य सेवा, हे.ई.समूह, सहायक पाँचौ तह) पदमा दुल्लु अस्पताल दैलेखमा पदस्थापन भएको देखिएबाट प्रथम दृष्टिबाट निवेदक लिखित परीक्षामा नै सामेल हुन पाउने अवस्था देखिँदैन । यसै गरी आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाका लागि जुन सेवा, समूह वा उपसमूहको रिक्त पदमा बढुवा गरिने हो सो रिक्त पदको एक तह मुनिको पदमा तोकिएको अवधि काम गरेको हुनुपर्ने देखिन्छ भने यी निवेदक जुन पदमा बढुवाको लागि परीक्षामा सामेल भएको हो सो पदभन्दा माथिल्लो अर्थात् स्वास्थ्य सेवा विभागको च.नं. स्तरवृद्धि /३३ मिति २०७१।०४।२८ को स्तरवृद्धिसम्बन्धी पत्रानुसार नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा ४ बमोजिम जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्ने गरी मिति २०७१।०४।२८ को निर्णयानुसार मिति २०७१।०४।०१ देखि जेष्ठता कायम हुने गरी साबिक स्वास्थ्य सेवा, हे.ई. समूह, सहायक पाँचौं तहबाट सोही सेवा समूहको अधिकृत छैठौं तहमा स्तरवृद्धि भइसकेको देखिएको स्थितिमा स्तरवृद्धि भइसकेको पदभन्दा तल्लो स्तरको हे.अ. पाँचौ तहको पदमा विपक्षी लोक सेवा आयोग मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय वीरेन्द्रनगर सुर्खेतद्वारा गरिएको विज्ञापनमा भएको परीक्षामा समावेश भई प्रकाशित भएको लिखित नतिजामा नाम निस्किएको अवस्था नै निजलाई अन्तर्वार्तामा सहभागी गराउनुपर्ने औचित्यपूर्ण एवम् तर्कपूर्ण आधार रहे भएको हो भनी मान्न मिल्ने नदेखिने ।

तसर्थ, प्रत्यर्थी लोक सेवा आयोग मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय वीरेन्द्रनगर सुर्खेतद्वारा प्रकाशित गरिएको वि.नं.१४३१६/०७२-७३(आ.प्र.), नेपाल स्वास्थ्य सेवा, हे.ई. समूह, पाँचौं तह, सि.अ.हे.व./ हे.अ. वा सोसरहको मिति २०७३।०२।०१ मा सञ्चालित लिखित परीक्षामा यी निवेदक खड्कबहादुर शाही सम्मिलित भई अन्तर्वार्ताका लागि छनौट भएकोमा सो आयोगबाट निजलाई उक्त पदको अन्तर्वार्तामा सहभागी गराउन नसकिने भनी मिति २०७३।०६।०५ मा भएको निर्णयलाई अन्यथा भन्न सकिने अवस्था नभएकोले रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायण सापकोटा

कम्प्युटरः सरस्वती दाहाल

इति संवत् २०७८ साल माघ ३ गते रोज २ मा शुभम् ।

**६०**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CR-०१३९, जबरजस्ती करणी, नेपाल सरकार वि. विनोद बस्नेत भन्ने विनोद परियार*

पीडिताको मौका र अदालतको बकपत्रमा प्रतिवादीले बलात्कार गरेको नभनी जबरजस्ती करणीको उद्देश्यले गोप्य अङ्गमा समाउने, छुने, गोप्य अङ्ग देखाउने तथा चुस्न लगाउने जस्ता कार्य भएको भनिएको छ । उक्त कार्यबाट जबरजस्ती करणीको उद्योगसम्म गरेको तर पूर्णता पाएको भन्न सकिने अवस्था देखिएन । जबरजस्तीकरणीको अपराध हुनु र जबरजस्तीकरणीको उद्योग हुनु फरक कसुरको अवस्था हो । जसमा कानून स्वयंले फरकफरक सजाय प्रस्ताव गरेको छ । फौजदारी कानूनमा यसै उद्देश्यसहित गोप्य अङ्गहरू समाउने कार्य गरी जबरजस्ती

करणीको उद्योग गरेको तर अपराधले पूर्णता नपाएको अपराधमा अभियोग दाबीबमोजिम जबरजस्ती करणी भई कारबाही हुनुपर्छ भनी पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाको रोहबाट विचार गर्दा, पीडित एवम् जाहेरवाला, प्रतिवादी, पीडितको स्वास्थ्य परीक्षण रिपोर्टसमेतबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको कसुर गरेको स्थापित हुन सक्ने देखिएन । जबरजस्ती करणी गरेको भए सोको वस्तुनिष्ठ प्रमाण पुऱ्याउने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोजन पक्षमा रहेको र अभियोजन पक्षले सो दायित्व पूरा गर्न सकेको स्थितिसमेत छैन । फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीउपर रहन्छ र वादीले भरपर्दो र वस्तुनिष्ठ प्रमाणद्वारा सो कुरा प्रमाणित गर्नसक्नुपर्दछ । यस्तोमा प्रतिवादीलाई उद्योगमा कारबाही भइसकेपछि पुनः अभियोग दाबीबमोजिम नै सजाय हुनु पर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः यी प्रतिवादी विनोद बस्नेत भन्ने विनोद परियारलाई जबरजस्ती करणी महलको ३(२) नं. बमोजिम ८ वर्ष र हाडनाता करणीको महलको ३(२) नं. बमोजिम १ वर्ष समेत ९ वर्ष कैद सजाय गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७२/५/१६ मा भएको फैसला सो हदसम्म नमिलेको देखिँदा केही उल्टी भई निज प्रतिवादी विनोद परियारलाई जबरजस्ती करणी महलको ३(२) नं.को उद्योगको कसुरमा ऐ. महलको ५ नं. बमोजिम आधा सजाय वर्ष ४ (चार) कैद हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७४।०१।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नारायणप्रसाद चापागाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल असार ९ गते रोज ५ शुभम्।

## इजलास नं. १०

### ६१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-०२६२, परमादेश, जेन गुडअल इन्स्टिच्युट नेपालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

प्रस्तुत रिट निवेदनमा विपक्षी कार्यालयहरूले कुकुर व्यवस्थापन गर्ने नाममा कुकुरहरूलाई निर्दयी तरिकाले कुटेर एवम् Strychnine Sulfate प्रयोग गरी मार्ने गरेको कार्य सामाजिक एवम् वातावरणीय दृष्टिकोण तथा मानव सभ्यता विपरीत हुन जाने देखिन्छ। यस्ता कार्यहरूबाट मानव स्वास्थ्य, बालमनोविज्ञान तथा वातावरणमा समेत नकरात्मक तथा प्रतिकूल प्रभाव पर्न नदिन आवश्यक प्रबन्ध मिलाउनु भनी विपक्षीहरूका नाउँमा आदेश जारी गर्नुपर्ने आवश्यकता देखिन आउने।

अत: कुकुर व्यवस्थापन गर्ने नाममा कुकुरहरूलाई कुटेर एवम् Strychnine Sulfate प्रयोग गरी निर्दयी, बर्बर वा क्रूर तरिकाले यातना, कष्ट र पीडा दिएर मार्ने गरेको र यस प्रकारको कार्यबाट समग्र मानव स्वास्थ्य, बालमनोविज्ञान तथा वातावरणमा समेत नकारात्मक तथा प्रतिकूल प्रभाव परेकोले देहायबमोजिम गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिएको।

फैसला तयार गर्नेः शा.अ. कल्याण खड्का / शा.अ. योमा मुलपती

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७४ साल मंसिर १३ गते रोज ४ शुभम्।

### ६२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७६-CR-०७३६, कर्तव्य ज्यान, नेपाल सरकार वि.फुर्तेम्बा शेर्पासमेत*

प्रस्तुत मुद्दामा मृतकले टुहुरा भनेकी र मुखमा थुकी दिएकीसमेतबाट तत्काल उठेको रिसका कारण यी प्रतिवादी फुर्तेम्बाले घटनास्थल नजिकै रहेको चुथ्रोको लाठीले मृतकको टाउकोमा प्रहार गरेको भन्ने देखिएको, मृतक र प्रतिवादीबिच ज्यान मार्नुपर्नेसम्मको पूर्व रिसइवी रहेको भन्ने मिसिलबाट खुल्न नआएको, मृतकलाई मार्ने मनसायले नै प्रतिवादीले प्रहार गरेको भन्ने प्रमाणतः देखिन नआएको, जोखिमी हातियारको प्रयोग गरेको र लुकीछिपी छली प्रहार गरेको भन्ने पनि नदेखिएकोसमेत हुँदा वारदातको कारण, अवस्था र प्रकृतिबाट प्रस्तुत वारदातमा उपर्युक्त साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. को कानूनी व्यवस्था नै आकर्षित हुने देखिन आएकाले सो नं. को कसुर कायम गरी सोही नं. बमोजिम प्रतिवादीलाई सजाय गर्ने गरेको सुरू पाँचथर जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मिलेकै देखिँदा प्रतिवादी फुर्तेम्बा शेर्पालाई अभियोग दाबीअनुसार ऐ. को १३ (३) नं. बमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथ्यसम्मत नभई मनासिब नदेखिँदा सो जिकिरसँग सहमत हुन नसकिने।

अब, अर्का प्रत्यर्थी प्रतिवादी लक्ष्मी शेर्पालाई समेत अभियोग दाबीअनुसार कसुरदार कायम गरी सजाय हुनुपर्छ भन्ने वादी नपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादी लक्ष्मी शेर्पाले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा नै प्रतिवादी फुर्तेम्बा शेर्पा र मेरी सासू दालमु शेर्पा मादक पदार्थ सेवन गरी विवाद गरी आपसमा निजले मेरी सासू दालमुलाई चुथ्रोको लाठीले टाउकोमा प्रहार गर्नुको साथै लात्ता र मुक्कासमेतले कुटपिट गरेको होहल्ला सुनी गई निजहरूलाई छुट्याई सासूको हातमा समाई तानी घरतर्फ ल्याई राखेकीमा सोको भोलिपल्ट चिकित्सक बोलाई टाउकोमा टाँकासमेत लगाई उपचार गरेको र बेलुका खाना खाई सुत्नुभएकोमा रातको अं. २३:०० बजेको समयमा उठी हेर्दा सासुलाई खाटबाट झरी मृत अवस्थामा फेला पारेको हो, मैले सासुलाई कुटपिट गरेको छैन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेकी छन् र अदालतमा पनि सोहीअनुरूप बयान गरेकी छन्। मृतकलाई प्रहार गर्ने सहप्रतिवादी फुर्तेम्बा शेर्पाले अनुसन्धान अधिकारीसमक्ष एवम् अदालतसमक्ष गरेको बयानमा समेत निजकी बुहारी लक्ष्मी शेर्पाले हामीलाई झगडा गर्दा छुट्याएकी हुन् भनी बयान गरेकी देखिन्छ। मौकामा परेको जाहेरीमा बुहारी लक्ष्मी शेर्पा आई छुट्याई सासूलाई समातेर घोक्र्याउँदै घरतर्फ ल्याएकोमा भोलिपल्ट गाउँले र आफन्तसमेतले चिकित्सक बोलाई सामान्य औषधी गरेको र सोपश्चात् गाउँघरमा मलाई फुर्तेम्बाले कुटेर यस्तो चोट बनायो। बुहारीले समेत एक दुई लौरो पातामा हिर्काएकोले हातसम्म दुखेको छ भन्दै हिडेको भन्ने कुरा उल्लेख गरेको देखिन्छ भने जाहेरवाला अदालतमा उपस्थित भई निज लक्ष्मीको हकमा कुटपिट गरेको भनेर खुलाउन सकेको देखिँदैन। यी प्रतिवादीले समेत मृतकलाई चोट छोडेकी हुन् भनी देखिने तथ्ययुक्त प्रमाण वादीपक्षले पेस गर्न सकेको देखिँदैन । यसस्थितिमा यी प्रतिवादीले आरोपित कसुर गरेकी रहिछन् भन्न मिल्ने नदेखिएकाले प्रत्यर्थी प्रतिवादी लक्ष्मी शेर्पालाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू पाँचथर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मिलेकै देखिँदा अभियोग दाबीअनुसार यी प्रतिवादीलाई समेत अभियोग दाबीबमोजिम हुनु पर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी फुर्ते भन्ने फुर्तेम्बा शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम

१० (दश) वर्ष कैद सजाय हुने र प्रतिवादी लक्ष्मी शेर्पालाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू पाँचथर जिल्ला अदालतबाट मिति २०७५।१।३० मा भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७६।३।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः दामोदर घिमिरे / मधुसुदन पन्थी
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७८ साल असार ९ गते रोज ४ शुभम् ।

**६३**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७२-WO-११५१, उत्प्रेषणयुक्त परमादेश, नेपाल निजामती कर्मचारी सङ्गठन विभागीय कार्यसमिति सर्वोच्च अदालत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २८ (१) मा ऋण असुली न्यायाधिकरणमा प्रशासन सेवाको नभनी रा.प. द्वितीय श्रेणीको अधिकृत स्तरको कर्मचारी रहने भनी व्यवस्था भएको र उक्त न्यायाधिकरणमा प्रशासन सेवा र न्याय सेवामध्ये जुन सेवाको भएपनि रा.प. द्वितीय श्रेणीको स्तरको कर्मचारी रहने भनी भएको व्यवस्थाले उक्त न्यायधिकरणमा न्याय सेवाको रा.प. द्वितीय श्रेणी स्तरको अधिकृत कर्मचारी पनि कामकाज गर्न पदस्थापना वा सरूवा गरी खटाउन नसकिने होइन तर प्रचलनमा न्याय सेवाको अधिकृत कर्मचारी नखटाई प्रशासन सेवाको अधिकृत कर्मचारी मात्र खटाइरहेको अवस्थाको कार्यले ऐनको मकसद भने पूरा भएको देखिन आउँदैन । २०७७ सालको दरबन्दी तेरीजमा न्यायाधिकरणमा न्याय सेवा रा.प. द्वितीय श्रेणीको अधिकृत स्तरको कर्मचारी रहने भन्ने व्यवस्थालाई ऐनको दफा २८ (१) मा रा.प. द्वितीय श्रेणीको अधिकृत स्तरको कर्मचारी रहने भन्ने व्यवस्थासँग सामञ्जस्यता हुने गरी नै त्यहीबमोजिमको अधिकृत स्तरको कर्मचारीको पदस्थापना र सरूवाको व्यवस्थापन गर्नुपर्ने देखिन आउँछ । ऋण असुली ऐन, २०५८ को दफा २८ (१) मा नै न्यायाधिकरणमा रा.प. द्वितीय श्रेणीको अधिकृत स्तरको कर्मचारी रहने भन्ने व्यवस्थाले त्यहाँ न्यायसेवाको रा.प. द्वितीय श्रेणीको कर्मचारी पनि कामकाज गर्न खटाउन मिल्ने नै देखिँदा उक्त दफा नेपालको संविधानको धारा १२७ को व्यवस्थासँग बाझिएको भनी भन्न मिल्ने देखिन नआउने ।

तसर्थ माथि उल्लिखित कानूनी प्रावधान तथा मिसिल संलग्न आधार कारण र प्रमाणहरूबाट नेपालको संविधानको धारा १२७ सँग बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा २८ (१) बाझिएकाले उत्प्रेषणको आदेशले बदर गरिपाउँ र ऋण असुली न्यायाधिकरणमा रहने रा.प.द्वितीय श्रेणीको ऋण असुली अधिकृत नेपाल न्याय सेवा न्याय समूहको कर्मचारी मात्रै खटाउनु भनी परमादेश जारी गरिपाउँ भन्ने निवेदन माग अनुसारको आदेश जारी गरिरहन पर्ने अवस्थाको विद्यमानता नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

ऋण असुली ऐन, २०५८ को दफा २८ (१) मा रा.प. द्वितीय श्रेणीको कर्मचारी ऋण असुली अधिकृतको रूपमा रहने भन्ने व्यवस्था भएको परिप्रेक्ष्यमा हालसम्म रा.प. द्वितीय श्रेणीको कर्मचारी उक्त पदमा पदस्थापना भएको देखिँदैन । ऋण असुली न्यायाधिकरणमा राजपत्र अनङ्कित र राजपत्राङ्कित कर्मचारीसमेत अधिकांश रूपमा नेपाल न्याय सेवा न्याय समूहका कर्मचारी रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाको आदेश एवम् फैसलाबमोजिमको ऋण असुलीको कार्य प्रभावकारी रूपमा गर्ने क्रममा न्याय सेवाका कर्मचारीसँग सारवान् र कार्यविधि कानूनको ज्ञान र अनुभव हुने भएकोले आदेश र फैसला

कार्यान्वयन प्रभावकारी र परिणाममुखी हुने भई त्यस्तो जिम्मेवार पदमा नेपाल न्याय सेवा न्याय समूह रा.प. द्वितीय स्तरको कर्मचारी ऋण असुली अधिकृतको रूपमा राख्ने व्यवस्था गर्नु मनासिब हुन्छ । उपयुक्त व्यक्तिलाई उपयुक्त स्थानमा (***Right person at right place***)मा राखेर काम गराउन सकेमा कुनै पनि निकाय वा सङ्गठनले हासिल गर्न चाहेको उद्देश्य प्राप्त गर्न सहज हुने र कामकारबाहीसमेत बढी प्रभावकारी हुन जाने ।

तसर्थ, ऋण असुली न्यायाधिकरण ऐन, २०५८ को दफा २८ (१) मा भएको व्यवस्था संशोधन गर्नुपर्ने भए सोसमेत गरी वा संशोधन गर्न आवश्यक नभएको खण्डमा त्यस सम्बन्धमा आवश्यक पर्ने उपयुक्त नीतिगत निर्णय गरी ऋण असुली न्यायाधिकरणमा नेपाल न्याय सेवा, (न्याय समूह) रा.प. द्वितीय श्रेणीको कर्मचारीलाई ऋण असुली अधिकृतको रूपमा पदस्थापना गर्ने गराउन कार्य गर्नु भनी विपक्षी नेपाल सरकारसमेतका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको ।

इजलास अधिकृत (उपसचिव): दामोदर घिमिरे
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७७ साल चैत १० गते रोज ३ शुभम् ।

**६४**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-२४०४, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. श्रृजना लिम्बुसमेत*

जाहेरवालाहरूलाई सप्तकोशी इम्प्लोइमेन्ट प्रा.लि.को नामबाट रकम बुझेको रसिद दिइएको र सो कम्पनीको प्रबन्धपत्र हेर्दा उक्त कम्पनी श्रृजना लिम्बुको नाममा दर्ता भएको देखिएकोमा उक्त कम्पनी आफूले दर्ता नगराएको र आफ्ना नामबाट सञ्चालनसमेत नभएको, को कसले के कसरी दर्ता गराए सोसमेत आफूलाई थाहा नभएको र कम्पनी दर्ता गर्दा आफूले कहीँ सहीछापसमेत नगरेको भन्दै उक्त सहीछापको वैज्ञानिक परीक्षणसमेत गरिपाउँ भनी प्रतिवादी श्रृजना लिम्बुले बयानसमेत गरेको देखियो । सोबमोजिम विवादित सहीछाप वैज्ञानिक परीक्षणको लागि पठाउँदा उक्त प्रबन्धपत्रमा भएको सहीछाप र प्रतिवादी श्रृजना लिम्बुको सहीछाप एक आपसमा मिल्न भिड्न नआएको भनी विधिविज्ञान प्रयोगशाला काठमाडौंबाट प्रतिवेदन पेस हुन आएको देखिन्छ । निजले सहीछाप गरी कम्पनी दर्ता भएको नै प्रमाणित हुन नसकेको अवस्थामा निज संस्थापक सेयरधनी भई जाहेरवालाहरूबाट रकम लिई खाएको भन्ने अभियोग दाबी पुष्टि हुन सकेको देखिएन । निजले सामान्य कर्मचारीको हैसियतले मात्र रकम उठाई अर्का प्रतिवादी पूर्णबहादुर ठाडालाई नै बुझाएको भन्ने देखिँदा निजले अभियोग दाबीबमोजिम जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा मकाउ पठाउने आश्वासन दिई रकम लिए खाएको तथ्य ठोस र पर्याप्त प्रमाणहरूबाट प्रमाणित हुन नसकेको अवस्थामा निज प्रतिवादीलाई दोषी करार गरी सजाय गर्नु न्यायोचित नहुने हुँदा यी प्रतिवादी श्रृजना लिम्बुले आरोपित कसुरबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा नदेखिने ।

प्रस्तुत मुद्दामा जाहेरवालाहरूको सुरू निवेदन, अनुसन्धानको क्रममा गरेको कागज तथा बकपत्र गर्दा प्रतिवादी खगेन्द्र श्रेष्ठको कसुरमा संलग्नता रहेको भनी उल्लेख गरेको नदेखिनुका साथै निजउपर कुनै पोल उजुर गरेको देखिँदैन । यी प्रतिवादी खगेन्द्र श्रेष्ठले कसुर गरेको भन्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस गर्न सकेको छैन । त्यस्तो अवस्थामा यी प्रतिवादीलाई दोषी करार गर्नु न्यायसङ्गत नहुने हुँदा निज प्रतिवादी खगेन्द्र श्रेष्ठले पनि आरोपित कसुरबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा नदेखिने ।

तसर्थ, यी प्रतिवादीहरूउपरको अभियोग दाबी पुष्टि हुने प्रमाण वादी नेपाल सरकारले पेस गर्न सकेको नदेखिँदा वादी दाबी नपुग्ने ठहर गरी

यी प्रतिवादीहरू श्रृजना लिम्बु र खगेन्द्र श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७५।०९।१६ को फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल असार ११ गते रोज ६ शुभम्।

## ६५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-CR-२३१२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विशाल भट्टराईसमेत*

प्रतिवादी वामदेव भण्डारीउपर किटानी जाहेरी परेको भए तापनि जाहेरी बेहोरालाई अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेकै पाइँदैन। यी प्रतिवादी विशाल भट्टराईले अभियोग दाबीबमोजिम जाहेरवालालाई विदेश पठाउने आश्वासन दिई रकम लिएको तथ्य पुष्टि हुने ठोस र पर्याप्त प्रमाणहरूबाट प्रमाणित हुन नसकेको अवस्थामा निज प्रतिवादीलाई दोषी करार गरी सजाय गर्नु न्यायोचित नहुने हुँदा निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा नदेखिने।

प्रतिवादी वामदेव भण्डारीलाई अभियोग दाबीबमोजिमकै कसुर ठहर गरी सजाय भएउपर निजको पुनरावेदन नपरी चित बुझाई बसेबाट अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ को कसुर गरेकोमा विवाद भएन। अब उक्त दफा ४३ बमोजिम प्रत्यर्थी प्रतिवादी वामदेव भण्डारीलाई पूरै सजाय हुनुपर्नेमा आधा सजाय मात्र गरेको फैसला त्रूटिपूर्ण रहेको भन्ने नै पुनरावेदक/वादीको मुख्य पुनरावेदन जिकिर देखियो। सोसम्बन्धमा निर्क्योल गर्न उक्त वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ को व्यवस्था उल्लेख गर्न पनि प्रासङ्गिक हुने।

वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिने भनी प्रलोभन देखाई रू.२२, ००,०००।- रकम लिई भारतको नयाँ दिल्लीसम्म लगी अलपत्र पारी भनेबमोजिमको काममा नपठाएको भनी जाहेरी बेहोरा र लिखत कागजका साक्षी राम खड्काले समेत कागज गरिदिएको देखिन्छ। यसै गरी जाहेरी बेहोरालाई समर्थन हुने गरी जाहेरवाला विवेक चुडालले वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गरिदिएको भए तापनि जाहेरवालाहरू भारत बसेको तथ्य प्रमाणित हुने कुनै प्रमाण कागजातहरू वादी पक्षले पेस गर्न सकेको देखिएन। यसरी वादी पक्षबाट जाहेरवालाहरूलाई प्रतिवादीले विदेश पठाएको भन्ने तथ्यलाई ठोस र शंकारहित प्रमाण पेस गरी प्रमाणित गर्न नसकेकोले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ विपरीतको कसुर ठहर गरी सोही ऐनको दफा ४३ बमोजिम पूरै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीमध्येका विशाल भट्टराईको हकमा अभियोग माग दाबीबाट सफाइ पाउने तथा अर्का प्रतिवादी वामदेव भण्डारीले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवाला विवेक चुडाललाई वैदेशिक रोजगारमा क्यानडा पठाइदिन्छु भनी प्रलोभनमा पारी रकम बुझिलिई भनेबमोजिम वैदेशिक रोजगारीमा क्यानडा नपठाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बिपरितको कसुर गरेको देखिन आएकोले वामदेव भण्डारीलाई सोही ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१, ५०, ०००।- (एक लाख पचास हजार) जरिवाना हुने र बिगोको हकमा अभियोग माग दाबीबमोजिम हर्जानासहितको बिगो प्रतिवादीबाट जाहेरवालाहरूले भरी पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरण

काठमाडौंबाट मिति २०७५।०८।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अनु याकामी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७८ साल असार ११ गते रोज ६ शुभम्।

६६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७४-CR-१३८४, मानव बेचबिखन, पार्वतीदेवी प्रधानाङ्ग (श्रेष्ठ) वि. नेपाल सरकार*

पीडित तीन जना केटीहरू भए पनि एक जना वृत्त नयाँबानेश्वर २६(५) की पीडिता अदालतमा नै आएर आफूले दिएको जाहेरीलाई सम्पुष्टि हुने गरी बकपत्र गरिदिएको हुँदा त्यसले प्रतिवादी विरूद्धको आरोप र कसुरलाई पुष्टि नै गरेको छ। यस्तो अवस्थामा प्रतिवादी मौकामा र अदालतको बयानमा कसुरप्रति इन्कारी रहे तापनि पीडिताले प्रतिवादीको विरूद्धमा आफूप्रति भएको कसुरको सम्बन्धमा अदालतमा नै आएर किटानी रूपमा नै बकपत्र गरी दिइसकेपछि प्रतिवादीको इन्कारी बयान नै गौण हुन जाने।

जाहेरी दरखास्त, पीडितहरूले अनुसन्धानको क्रममा गरिदिएको मौकाको बयान कागज, पीडितहरूमध्ये वृत्त नयाँबानेश्वर २६(५) को जाहेरी बेहोरा र मौकाको बयान कागजलाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र, पीडितलाई उद्धार गर्ने कार्यमा संलग्न रहेकी प्रतिवेदक सरस्वती अधिकारीको बकपत्रसमेतका कागज प्रमाणबाट यी प्रतिवादीले पीडितहरूलाई आफूले सञ्चालन गरेको गेष्ट हाउसमा तलबसमेत दिने गरी काममा राखी निजहरूलाई बेश्यावृत्ति वा यौनजन्य क्रियाकलापमा लगाउने गरेको तथ्य मिसिल प्रमाणबाट खम्बिर हुन आउने।

तसर्थ, यी प्रतिवादी पार्वती प्रधानाङ्गलाई अभियोग माग दाबीबमोजिम कसुर ठहर गरी निजलाई कसुरको मात्रा अनुसार १० वर्ष कैद र रू.५०,०००।- जरिवाना र जाहेरवालाहरूलाई जनही रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भराइदिने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।०७।१० मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७४।११।८ मा भएको फैसला मिलेकै देखिँदा केही गरिरहन परेन । अभियोग दाबीबमोजिमको कसुर नगरेकोले सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मनोज बराल/अनु याकामी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७८ साल असार २५ गते रोज ६ शुभम्।

६७

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-१८९९, ०७३-CR-०८६६, जबरजस्ती करणी, नेपाल सरकार वि. शिवदयाल कुमार महतो, शिवदयाल कुमार महतो वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा तथ्यहरूले चित्रण गरेको घटना परिस्थितिलाई हेर्दा पीडित भुइँमा लडेकी अवस्थामा भेटिएकी र प्रतिवादी तत्काल आफूले लगाएको हाफ पाइन्ट तान्दै घटनास्थलबाट भागेको देखिँदा प्रतिवादीले पीडित परिवर्तित नाम एस.एम. लाई जबरजस्ती करणीको उद्योगको कसुर गरेको देखिन आयो । प्रतिवादीले अदालतको बयानमा एवम् यस अदालतमा पुनरावेदन गर्दा आफूले कसुर नगरेको पीडितको हजुरआमाले जग्गा जमिनसम्बन्धी विवादको कारण रिस इवी साँध्नका लागि झुट्टा जाहेरी दिएकी हुन भनी जिकिर लिए पनि जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको कसुरमा रिसइवी साँध्नकै लागि आफ्नो अवोध नाबालिका नातिनीलाई प्रयोग गरी निजले जाहेरी दिएकी हुन् भनी विस्वास गर्न सक्नेसम्मको तथ्य प्रमाण प्रतिवादीले पुऱ्याउन सकेको देखिँदैन। निजको उक्त कथन कसुरबाट उन्मुक्ति पाउने

अभिप्रायले मात्र आएको प्रस्ट देखिने।

तसर्थः प्रस्तुत मुद्दामा पीडित र पीडक दुवै नाबालक रहेको सन्दर्भमा यी प्रतिवादी शिवदयालकुमार महतोलाई जबरजस्ती करणीको उद्योगको कसुरमा जबरजस्ती करणीको ५ नं. र तत्काल बहाल रहेको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार २१/२ वर्ष कैद सजाय हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा नदेखिने । प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको र अभियोग दाबीबाट पूर्ण सफाइ गरिपाउँ भन्ने पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : मनोज बराल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७८ साल मंसिर २८ गते रोज ३ शुभम्।

६८

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-MS-००२३, अदालतको अवहेलना, लिला कुमारी आले वि. रेणुकुमारी खत्रीसमेत*

निवेदक र प्रत्यर्थीबिच साँध सिमानाको जग्गामा खिचोला मुद्दा चली प्रत्यर्थीले निवेदकको ०-०-२-१ (दुई पैसा एक दाम) क्षेत्रफल जग्गा खिचोला गरेको अन्तिम ठहर भई फैसला कार्यान्वयनको अन्तिम चरणमा भएको संलग्न प्रमाण कागजातबाट देखिन आउँछ । उक्त खिचोला ठहर भएको जग्गामा कार्यान्वयन हुन नपाउँदै प्रत्यर्थीले डोजर लगाइ आफ्नो रूख बिरूवासमेत नोक्सान गरी अदालतको अवहेलना गरेको भन्ने निवेदकको निवेदन दाबी रहे तापनि विवादित जग्गामा डोजर लगाइएको हो, होइन ? सो सम्बन्धमा निवेदकबाट कुनै पनि प्रमाण पेस भएको देखिँदैन । निवेदक लिलाकुमारी आलेले आफ्नो दाबी प्रमाणित गर्न नसकी यस अदालतबाट तोकिएको मिति २०७७/१०/२३ गतेको तारेख नै गुजारी बसेको अवस्थामा विवादित जग्गामा विपक्षीले डोजर लगाई रूख विरूवासमेत हानि नोक्सानी पारी अदालतको अवहेलना गरेको हो होइन भन्ने सन्दर्भमा निवेदकको अनुपस्थितिमा नक्सा गर्नेलगायतका प्रमाण जुटाउने कार्य गर्न कठिन हुने अवस्था एकातर्फ छ भने अर्कोतर्फ विपक्षीले गरेको चलन हटकमा निवेदकले उजुरी निवेदन दिए पनि उपचार पाउने विद्यमान कानूनी व्यवस्था रहे भएको देखिएको अवस्थामा कि.नं. ७०९ को जग्गा र उक्त जग्गामा भएको बोट बिरूवा डोजर लगाई खन्ने, भत्काउने विपक्षीको कार्यले अदालतको गरिमा घटाउने, मानमर्दन गर्ने र न्यायमा बाधा अड्चन पुऱ्याई अदालतको गम्भीर अवहेलना गरेको हुँदा न्याय प्रशासन ऐन, २०७३ को दफा १७(४) बमोजिम विपक्षीहरूलाई हदैसम्मको सजाय गरिपाउँ भन्ने लिलाकुमारी आलेको प्रस्तुत निवेदन दाबी पुग्न नसकी खारेज हुने।

इजलास अधिकृत (उप सचिव): सुरेश के.सी.

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७८ साल मंसिर २४ गते रोज ६ शुभम्।

**६९**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-१२९५, कर्तव्य ज्यान, अवधेश महतो वि. नेपाल सरकार, ०७२-CR-६४७, नेपाल सरकार वि.भोला राय यादवसमेत, ०७४-CR-०९०४, भोला राय यादव वि. नेपाल सरकार*

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) मा ***"जुनसुकै कुरा गरीकन पनि ज्यान मार्नामा वचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जीउमा हात हाली पक्री समातिदिनेलाई जन्मकैद गर्नुपर्छ"*** भन्ने उल्लेख भएको पाइन्छ । सोही दफा अनुसार कसुर गरेको भनी सुरू अदालतबाट निजलाई कसुरदार ठहर गरी सजाय गरेको फैसला केही उल्टी गरी निज भोलाराय यादवलाई सोही महलको १७(३) नं. बमोजिम सजाय गरेको देखिन्छ । मुख्य प्रतिवादीको साथ लागी

वारदातस्थलमा गई मृतकलाई समाउने, बाटो छेक्ने वा भाग्न उम्कन नदिई ज्यान मार्नको लागि उपयुक्त वातावरण सृजना गरिदिई कोही कसैको ज्यान मर्न गएको रहेछ भने मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) आकर्षित भई सजाय हुने अवस्था रहन्छ । प्रस्तुत वारदातमा यी प्रतिवादीले मृतकलाई समातेको, भाग्न वा उम्कन नदिएको तथा मृतक दिपेन्द्र महतोलाई गोली प्रहार गर्नका लागि अवधेश महतोलाई साथ सहयोग दिएको भन्ने देखिँदैन । घटना वारदातमा कुनै पनि प्रतिवादीले जस्तो किसिमको आपराधिक व्यवहार निर्वाह गरेको छ सोही भूमिकाका आधारमा कसुरको मूल्याङ्कन गरी कसुरदार ठहर गरेर मात्रै सजाय गर्नु न्यायोचित हुन्छ । माथि विवेचित तथ्यहरूबाट यी प्रतिवादी भोला राय यादव वारदातमा उपस्थितसम्म भएको देखिन्छ । वारदातस्थलमा मृतक दिपेन्द्र र अर्का प्रतिवादी अवधेश महतो कुराकानी गरिरहेका र सोपश्चात् दिपेन्द्र महतो घरतर्फ जान भनी हिँडेको अवस्थामा प्रतिवादी अवधेश यादवले पछाडिबाट दिपेन्द्रलाई गोली प्रहार गरी अवधेश महतो भागेका र दिपेन्द्र महतो भुइँमा ढलेपछि यी प्रतिवादी भोला राय यादवले नै अस्पताल पुऱ्याएको र समयमै प्रहरीलाई समेत सूचना दिएको तथ्य मिसिलबाट देखिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) मा ***"अरू किसिमसँग मत सल्लाहमा परेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरी रहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई ६ महिनादेखि ३ वर्षसम्म कैद गर्नुपर्छ"*** भन्ने उल्लेख भएको पाइन्छ । यी प्रतिवादी भोलाराय यादव पनि अवधेश महतोको भतिजीलाई दिपेन्द्रले अभद्र व्यवहार गरेको कुरामा प्रतिवादीहरूबिच सल्लाह भएको र ठिक पार्नुपर्छ भनी यी प्रतिवादीले भनेका तथा वारदातस्थलमा सँगै गएको देखिएको तर दिपेन्द्रलाई मार्ने कार्यमा संयोग पारेकोसमेत नदेखिएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार निजले कसुर गरेको भन्ने देखिएबाट सोही नं. बमोजिम वर्ष ३ (तीन) कैद सजाय गर्ने गरी भएको फैसला अन्यथा नदेखिएकाले अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकार र कसुरबाट पूर्ण रूपमा सफाइ पाउँ भन्ने प्रतिवादी भोला राय यादवको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अर्का प्रतिवादी रामप्रताप महतोका हकमा विचार गर्दा, निजउपर सुरूमा किटानी जाहेरी परेको देखिँदैन । प्रस्तुत वारदातका विषयमा कुनै जानकारी नरहेको र अभियोग दाबीको कसुर गरेको होइन भनी इन्कार रही अदालतमा बयान गरेको देखिन्छ । मौकामा कागज गर्ने वादी पक्षका साक्षी तथा जाहेरवालासमेतले यी प्रतिवादीको वारदातमा संलग्नता रहेको भनी भन्न सकेका पनि देखिँदैन । प्रतिवादी अवधेश महतोले दिपेन्द्रलाई गोली प्रहार गरी निज ढलेपछि रामप्रताप महतोको घरमा पेस्तोल लुकाई भागेको हुँ भनी लेखाएकोसम्म पाइन्छ । यी प्रतिवादी वारदातस्थलमा उपस्थित रहेको वा वारदात घटाउनमा सहयोग गरेको भनी मौकामासमेत कुनै प्रतिवादीले पोल गर्न सकेको पाइँदैन । केवल निजको घरमा पेस्तोल लुकाएको हो भनेकै आधारमा र सो पेस्तोलसमेत निजको घरबाट बरामद हुन नसकेको अवस्थामा कर्तव्य ज्यानजस्तो गम्भीर कसुरमा प्रतिवादीलाई सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने भएकोले निजलाई कसुरबाट सफाइ दिने गरी सुरूबाट भएको फैसला सदर गरेको उच्च अदालतको फैसला मनासिब नै देखिँदा निजलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादीमध्येको अवधेश

महतोको हकमा अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने सजाय ठहर भएको सुरू सर्लाही जिल्ला अदालतको फैसला सदर हुने, प्रतिवादीमध्ये भोलाराय यादवको हकमा १३(४) नं. बमोजिम सजाय ठहर भएको सुरू फैसला केही उल्टी भई निज प्रतिवादी भोला राय यादवलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम कैद वर्ष ३ हुने र प्रतिवादी रामप्रताप महतोको हकमा सफाइ पाउने ठहराएको सुरू सर्लाही जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।३।२३।४ मा भएको फैसलामध्ये हाल प्रचलित कानूनअनुसार सर्वस्व नहुने हुँदा प्रतिवादी अवधेश महतोलाई जन्मकैदको मात्र सजाय हुने भई अरूका हकमा फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक/वादी नेपाल सरकार तथा पुनरावेदक/प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७८ साल असार २९ गते रोज ३ शुभम्

७०

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-०४४१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. संजय तामाङसमेत*

प्रतिवादीहरू युवराज तामाङ, नरबहादुर तामाङ, सरस्वती आलेमगरसमेतले वैदेशिक रोजगारीका लागि जापान पठाइदिन्छु भनी लिखत गरी मबाट रू. ८,००,०००।- लिई उक्त रकम निजहरूले संजय तामाङ र रमन शेर्पालाई बुझाएकोमा जापान नपठाई संजय तामाङ र रमन शेर्पा सम्पर्कविहीन भएको र अन्य प्रतिवादीहरूलाई भन्दा रकम बुझ्नेहरूलाई खोजी गर्दैछौँ भनी बेवास्ता गरेकाले कार्बाही गरिपाउँ भनी सबिना श्रेष्ठले दिएको जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। जाहेरी दरखास्तको बेहोरा हेर्दा उक्त रकम जाहेरवालीबाट युवराज तामाङ, नरबहादुर तामाङ, सरस्वती आलेमगरले बुझी लिई संजय तामाङ र रमन शेर्पालाई बुझाएको भनी उल्लेख भए पनि नरबहादुर तामाङ, युवराज तामाङ र सरस्वती आलेमगरले अनुसन्धानको क्रममा बयान गर्दा र न्यायाधिकरणको बयानमा समेत २०७३।०२।२३ को लिखतमा परेको निजहरूको सहीछापलाई अन्यथा भन्न सकेको अवस्था छैन। निजहरूको उक्त बयानबाट प्रतिवादीहरू संजय तामाङ र रमन शेर्पाले जाहेरवालीबाट उक्त रकम बुझिलिएका हुन् भनी प्रस्ट रूपमा भन्न सकेको पनि देखिँदैन । साथै मिसिल संलग्न रहेको मिति २०७३।०२।२३ को लिखत हेर्दा सबिना श्रेष्ठलाई ६ महिनाभित्र संजय तामाङ, रमन शेर्पा, सरस्वती आलेमगर र जापानी केटामार्फत वैदेशिक रोजगारमा जापान पठाउने सर्तमा नरबहादुर तामाङ, युवराज तामाङ र सरस्वती आलेमगरले जाहेरवालाबाट रू.८,००,०००।- बुझिलिएको देखिन्छ। उक्त लिखतको बेहोराबाट यी प्रतिवादीहरू संजय तामाङ र रमन शेर्पाले जाहेरवालीबाट रकम बुझिलिएको देखिँदैन । साथै लिखतमा सहीछाप गर्ने नरबहादुर तामाङ, युवराज तामाङ र सरस्वती आलेमगरले जाहेरवालीलाई विदेश पठाइदिने भनेर रकम बुझेको र लिएको समेत भनेर भन्न सकेका छैनन्। प्रतिवादी संजय तामाङले न्यायाधिकरणसमक्ष बयान गर्दा आफूले जाहेरवालीलाई वैदेशिक रोजगारमा जापान पठाइदिन्छु भनी निजबाट रकम नलिएको भनी कसुरमा इन्कार रहेको देखिन्छ। निजको उक्त इन्कारी बयान मिति २०७३।०२।२३ को लिखतको बेहोरा र निजका साक्षी रवी गुरूङले न्यायाधिकरणसमक्ष

गरेको बकपत्र समेतबाट समर्थित भएको छ। फौजदारी कसुरमा कुनै व्यक्तिउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन, वादी पक्षले अभियोग दावी यथेष्ट प्रमाणहरूबाट प्रमाणित गर्ने दायित्व पनि रहन्छ र सोबमोजिम दाबी प्रमाणित गर्ने प्रर्याप्त प्रमाण प्रस्तुत मुद्दामा वादी पक्षबाट पुऱ्याउन सकेको नदेखिने।

तसर्थ, प्रतिवादीहरूले अभियोग माग दाबीबमोजिम कसुर गरेको नदेखिएकोले प्रतिवादीहरू संजय तामाङ, रमन शेर्पाको हकमा निजहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०७५।०१।११ मा भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उप-सचिव) : मनोज बराल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल मंसिर २८ गते रोज १ शुभम्।

## ७१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-CR-००३४, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. योज्ञान खत्री*

पीडितले आफ्नो शारीरिक परीक्षण गर्न इन्कार गरेको (Examination Denied) भन्ने कुरा जिल्ला अस्पताल भोजपुरबाट गरिएको निजको शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। मौकामा परेको किटानी जाहेरी र सो जाहेरी बेहोरालाई समर्थन गरी पीडितले अदालतमा गरिदिएको बकपत्र बेहोरा बाहेक घटना / वारदात पुष्टि हुने भरपर्दो प्रमाण वादी पक्षबाट पेस भएको देखिएन । जाहेरी दरखास्त अनुसन्धानको आधार मात्र हो आफैँमा वारदात प्रमाणित गर्ने वस्तुनिष्ठ र भरपर्दो प्रमाण होइन, प्रतिवादीको अदालतसमक्षको इन्कारी बयानसमेतबाट वारदात विश्वसनीय ढङ्गबाट पुष्टि भएको देखिएन। बुझिएका मानिसहरूले घटनाको बारेमा पीडितबाट सुनी थाहा पाएको भनी बकपत्र गरेबाट सुनी जान्ने प्रमाण, प्रमाण होइन भन्ने प्रमाण कानूनको सिद्धान्तको आधारमा समेत जबरजस्ती करणी जस्तो गम्भीर कसुरमा दोषी ठहर गर्न मिल्ने नदेखिने।

प्रतिवादीउपर किटानी जाहेरी परी जाहेरी बेहोरा पुष्टि हुने गरी पीडितले अदालतमा बकपत्र गरे तापनि सोदेखि बाहेक वारदात खम्बिर हुने प्रमाण वादी पक्षबाट पेस हुन सकेको नदेखिने।

अतः प्रतिवादीको अदालतसमक्षको इन्कार बयान, पीडितले शारीरिक परिक्षण गर्न इन्कार गरेको अवस्था, बुझिएका मानिसहरूले पीडितले भनी सुनी थाहा पाएका भन्ने बकपत्र बेहोरासमेत मिसिल संलग्न कागज प्रमाणबाट वादी नेपाल सरकारको अभियोग दाबी विश्वसनीय र भरपर्दो प्रमाणबाट पुष्टि हुन नसकेकोले प्रतिवादीले अभियोग माग दाबीबाट सफाइ पाउने र प्रस्तुत वारदात यौन दुर्व्यवहारमा परिणत हुने ठहऱ्याई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७६।०९।०१ मा भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नहुँदा यी प्रतिवादी योज्ञान खत्रीलाई अभियोग माग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७६।०९।०१ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत (उप सचिव) : हेमराज तिमिल्सैना

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७८ साल असार २४ गते रोज ५ शुभम्।

## ७२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा. श्री मनोजकुमार शर्मा,** *०७७-WH-०११५,*

*बन्दीप्रत्यक्षीकरण, दिलबहादुर भण्डारी वि. कारागार कार्यालय, सुनसरीसमेत*

निवेदक दिलबहादुर भण्डारीलाई अदालतका फैसला बमोजिम कानूनअनुरूप कैदी पुर्जी दिई कारागारमा कैदमा राख्न पठाइएको देखिएको तथा जबरजस्ती करणी मुद्दामा निजका नाममा तेह्रथुम जिल्ला अदालतबाट जारी भएको वारेन्टसहितको म्यादी पुर्जीसमेत कानूनले निर्दिष्ट गरेअनुरूप रीतपूर्वक नै तामेल भएको देखिएबाट निजको निवेदन जिकिरबमोजिमको बसाइ सराइ भएको भन्ने कुरा पुष्टि हुन सकेको नदेखिएकाले निवेदन मागबमोजिम सुरू म्यादलगायत तेह्रथुम जिल्ला अदालतबाट र उच्च अदालत बिराटनगर, धनकुटा इजलासबाट भएको फैसलासमेत उत्प्रेषणको आदेशले बदर गरी थुनामुक्त गरी पुनः मुद्दाको कारबाही अगाडि बढाउनुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव):- दामोदर घिमिरे

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७८ साल कार्तिक २३ गते रोज ३ शुभम्।

**७३**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-CI-१७७७, ०७३-CI-१७७८, अंश, रूकमिनीदेवी बाटाजु वि. कौष्तुभकुमार बाटाजुसमेत, निरञ्ज कुमार बाटाजु वि. लक्ष्मी बाटाजु*

प्रस्तुत मुद्दामा कित्ता नं.४३६१ को जग्गा वादी रूकमिनीदेवी बाटाजुलाई निजको बुबाले तत्कालीन अवस्थाका सगोलको मन्जुरी हालैको बकसपत्र गरिदिएको हुँदा उक्त जग्गा निजको आफू खुस गर्न पाउने अवस्थाको देखिन्छ । निज रूकमिनीदेवी बाटाजुले वादीलाई अंश दिनुपर्ने बाध्यात्मक व्यक्तिका रूपमा पनि नदेखिने।

उक्त जग्गा रूकमिनीले बाबुबाट हालैको बकसपत्रबाट प्राप्त गरी अंशियार दाजुहरू साक्षी बसेको हुँदा सोमा निजको हक नलाग्ने हुँदा बन्डा लाग्ने गरी सुरू सदर गरेको पुनरावेदन अदालत पोखराको फैसला सो हदसम्म न्यायोचित नदेखिने।

वादी निलम बाटाजु र प्रतिवादी केशवकुमार बाटाजुको मिति २०५८।११।१७ मा विवाह भई १ छोरा र १ छोरीको जायजन्म भएको देखिन्छ । निजहरू जापानमा बसोबास गर्दै आएकोमा पढाईको सेमेस्टर पूरा गरेपछि प्रतिवादी निलम स्वदेश फर्केको पाइयो । यी दुवै छोराछोरी पहिले प्रतिवादीहरूको घरमै थिए पठनपाठनको लागि प्रतिवादी केशवले जापानबाट रकम पठाइराखेका देखिन्छ । छोराछोरी पहिले प्रतिवादीहरूसँग घरमै थिए हाल वादी निलमसँग मामाघरमा छन् भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी शान्तमान बाटाजुको बकपत्रबाट देखिन्छ । वादीहरूले अंश पाउने गरी सुरू सदर गरेको पुनरावेदन अदालत पोखराबाट भएको फैसला सो हद न्यायोचित नै देखिन्छ । नाबालिग छोराछोरी आमासँग नै रहेका र त्यसमा प्रतिवादीहरूले कुनै विवाद नगरेको हुँदा केही उल्लेख गरिरहन परेन । नाबालिग छोराछोरी आमासँग रहेका हुँदा निजहरूको अंश भागको सम्पत्ति आमाको जिम्मा र संरक्षकत्वमा नै रहन्छ । तर निजहरूको अंश भाग बिक्री गर्दा नाबालिग छोराछोरीको हितमा प्रतिकूल असर पर्ने गरी अर्थात् उनीहरूको हितमा प्रयोग हुने गरी बिक्री वितरण वा अन्य तवरको परिचालन गर्दा नाबालिगको सम्पत्तिको सर्वोत्तम सुरक्षण र हित हुने गरी गर्नुपर्ने हुन्छ । अतः नाबालिगहरूको सम्पत्ति परिचालन गर्दा पिता केशवकुमार बाटाजुको समेत अनिवार्य रूपमा मन्जुरी भएमा नाबालिगको सम्पत्ति बाबु आमाको संरक्षकत्वमा सुरक्षित रहने भएकोले सो हदसम्म पुनरावेदन अदालत पोखराको फैसला

संसोधन हुनुपर्ने देखिन आएको ।

तसर्थ, प्रतिवादी रूकमिनीदेवी बाटाजुको बन्डा नलाग्ने निजी सम्पत्ति देखिएकोमा सो कि.नं.४३६१ को जग्गासमेत बन्डा लाग्ने ठहऱ्याई सुरु कास्की जिल्ला अदालतबाट मिति २०७२।७।१६ मा भएको फैसला सदर ठहऱ्याएको पुनरावेदन अदालत पोखराको मिति २०७३।०४।२४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई सो कित्ता नं.४३६१ को जग्गा प्रतिवादी रूकमिनीदेवी बाटाजुको निजी आर्जनको सम्पत्ति भई बन्डा नलाग्ने ठहर्छ । साथै छोराछोरी साबालक नभएसम्म निजहरूको सम्पत्ति आमा निलम बाटाजुको संरक्षकत्वमा रहने गरी भएको फैसला संसोधन गरी वादी निलम बाटाजुका नाबालिग छोराछोरी बालिग नभएसम्म निजहरूको हकको अंश भागको सम्पत्ति बिक्री गर्नपरेमा पिता प्रतिवादी केशवकुमार बाटाजुको समेत अनिवार्य रूपमा मन्जुरी लिनुपर्ने बेहोरा थप गरिदिएको ।

इजलास अधिकृत : अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७८ साल असोज १७ गते रोज १ शुभम् ।

## एकल इजलास

### ७४

**मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७७-WH-०१०३, बन्दीप्रत्यक्षीकरणसमेत, सुरज वि.क वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत

COVID-19 बाट सङ्क्रमित भएका यी निवेदकलाई राज्यले दिनुपर्ने सेवा सुविधा र COVID-19 फैलनबाट सुरक्षित रहनका लागि पालना गर्नुपर्ने मापदण्डहरूलाई गम्भीरतापूर्वक लिएकै अवस्था छ । कुनै पनि कसुरको अभियोग लागेका व्यक्तिलाई COVID-19 बाट सङ्क्रमित भएको भन्ने आधारले मात्र थुनामुक्त गर्न मिल्दैन । COVID-19 बाट सङ्क्रमितको मात्र होइन अन्य रोगको उपचारको लागिसमेत आवश्यकपर्ने स्वास्थ्य उपचारलगायतका सम्पूर्ण कार्यको प्रबन्ध गरी नागरिकको जिउ ज्यानको रक्षा गर्ने दायित्व संविधानतः राज्यको भएको देखिन्छ । यस्ता रोगका नाउँमा त्यस्ता रोगी व्यक्तिहरूले गरेको कसुरबाट र त्यस्ता कसुरको कार्यविधिगत प्रक्रियाबाट उन्मुक्ति पाउने अवस्था कानूनतः देखिँदैन । COVID-19 बाट विश्व नै आक्रान्त भइरहेको यस घडीमा सरकारले गरेका बन्दाबन्दी र निषेधाज्ञाको घोषणा तथा यस अदालतलगायत मातहत अदालतहरूले मुद्दा मामिलाका सम्बन्धमा सुविधा दिनका लागि गरेका निर्णय एवम् परिपत्रहरूका आधारमा COVID-19 बाट संक्रमित यी निवेदकलाई हिरासतमा राखिएको कार्यलाई अन्यथा भन्नुपर्ने अवस्था देखिन नआउने ।

सवारी ज्यान मुद्दाको अभियोगमा दुई जना प्रतिवादी भएकोमा एक जनालाई अदालतमा उपस्थित गराई कार्यविधिगत प्रक्रिया पूरा गरी थुनछेक आदेश हुने र मेरो हकमा अदालतमा उपस्थित नै नगराउने कार्य समानताको हक विपरीत तथा राज्यबाट गर्ने समान संरक्षणको हकबाट बञ्चित गरेको भन्ने निवेदन जिकिर छ सो सम्बन्धमा विचार गर्दा, COVID-19 बाट सङ्क्रमित भएका र नभएका व्यक्ति एकै अवस्थाका हुन सक्दैनन् । असमान अवस्थाका व्यक्तिहरूमा समानताको सिद्धान्त आकर्षित हुने होइन । जो कमजोर छ अथवा पछाडि परेको छ उसलाई सबल बनाउन र राज्यको मूल प्रवाहमा अगाडि ल्याउनका लागि आवश्यकपर्ने व्यवस्थापन तथा प्रबन्धहरू राज्यले गर्न सक्दछ । नेपालको संविधानले सकारात्मक विभेदको सिद्धान्तलाई अङ्गीकार गरेकै

छ । यहाँ सवारी ज्यान मुद्दामा अभियोग लगाइएका COVID-19 बाट सङ्क्रमित सुरज वि.क. र COVID-19 बाट सङ्क्रमित नभएका जयराज जोशी समान अवस्थाका व्यक्ति होइनन् । COVID-19 बाट संक्रमितलाई संक्रमणबाट मुक्त गर्न र सो संक्रमण अन्य व्यक्तिहरूमा फैलिन नदिने उद्देश्यले सुरज वि.क.लाई अदालतमा उपस्थित नगराएको कार्यलाई राज्यले समानताको हक विपरीत व्यवहार गर्‍यो र समान संरक्षणको हकबाट बञ्चित गर्‍यो भन्न मिल्ने देखिँदैन । हाल निवेदक प्रतिवादी सुरज वि.क. COVID-19 बाट संक्रमणमुक्त भइसकेको देखिए पनि दशैं बिदा भएको कारण हाल अदालतहरू बन्द भएको अवस्था हुँदा र निजलाई अदालत खुल्ने दिन उपस्थित गराइने भन्ने लिखित जवाफबाट देखिएको हुँदा COVID-19 बाट सङ्क्रमणयुक्त अवस्थामा हिरासतमा राखिएको कार्यलाई गैरकानूनी भन्न मिल्ने अवस्था नदेखिने ।

निवेदकका नेपालको संविधानको धारा १७(१), १८(१), (२) र (३), २०(९), २२(१), ३०(१), ३५(३), (४), ३६(२) र ३९(२), (८) समेतका अधिकारहरूमा हनन् पुग्न गएको नदेखिएको र निज निवेदकलाई हिरासतमा राखिएको कार्य कानूनसम्मतकै देखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई थुनामुक्त गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल कार्तिक ११ गते रोज ३ शुभम् ।